सन्दर्भ पुस्तक

# विद्यालय शिक्षामा स्थानीय सरकार

सार्वजनिक शिक्षा प्रवर्द्धन अभियान

शिक्षा नीति तथा अभ्यास केन्द्र

सन्दर्भ पुस्तक

# विद्यालय शिक्षामा स्थानीय सरकार

Resource Book for Local Leadership

**Local Governments on School Education**

(Content outline is presented at the end of the book)

पत्राचारका लागि : शिक्षा नीति तथा अभ्यास केन्द्र
Center for Educational Policies and Practices (CEPP)
पो.ब.नं. ४५५५, काठमाडौं, नेपाल
फोन : +९७७-०१-४११२३२०
इमेल : info@schoolingnepal.org
वेब : www.schoolingnepal.org

सम्पादन/
संकलन/संयोजन : विजया सुब्बा, टीका भट्टराई
प्रकाशन प्रति : १६०० प्रति
मूल्य : रू. २५०.००
प्रकाशन मिति : भदौ २०७४
लेआउट : कामसिंह चेपाङ
मुद्रण : सिटी अफसेट प्रेस

# स्रोत र प्रेरणा

यो प्रक्रिया निम्न अन्तर्क्रियाहरूबाट प्रेरित र प्रभावित छ :

- सङ्घीयताको सन्दर्भमा स्थानीय सरकारद्वारा शिक्षा व्यवस्थापन अन्तर्क्रिया कार्यक्रम २८ चैत २०७३ (विवरण यसै हाते किताब-३ मा समावेश छ)।
- सङ्घीयतामा विद्यालय व्यवस्थापन (समिति) राष्ट्रिय संवाद, १८ असार २०७४ (विवरण सा.वि.व्य.स. महासंघ नेपालबाट प्राप्त गर्न सकिन्छ)।
- स्थानीय सरकार र शिक्षा : ७ जेठ २०७४ विजय स्मारक हल

  (३ असार २०७४ मा सगरमाथा टेलिभिजनबाट प्रसारित इन्द्रधनुष कार्यक्रम (शृङ्खला १४)मा एक परिसंवाद हेर्न सकिन्छ)।
- स्थानीय सरकारको शिक्षा ऐन परामर्श बैठकहरू :
  - शिनीअकेको कार्यालय (२४ जेठ, ३ साउन २०७४)
  - शिक्षा पत्रकार समूहको सभाकक्ष (८ साउन २०७४)
- मूलतः निम्न अन्तर्क्रियाहरूमा सहभागिता/संयोजन :
  - गैसस महासंघ कास्कीसँग पोखरामा आयोजित **शिक्षा**, **स्थानीय सरकार र गैसस** विषयमा अभिमुखीकरण (३० असार २०७४)
  - कीर्तिपुर नगरपालिका, काठमाडौंद्वारा यस विषयमा आयोजित अन्तर्क्रिया (११ साउन २०७४)
  - जुगल गाउँपालिका सिन्धुपाल्चोकद्वारा आयोजित परामर्श कार्यक्रम (१२ साउन २०७४)

- पाताराशी गाउँपालिका, जुम्लामा **स्थानीय सरकारद्वारा कृषि र शिक्षा व्यवस्थापन** विषयमा अन्तर्क्रिया (२४ साउन, २०७४)
- नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघसँग सिन्धुलीमा आयोजित **विव्यस शिक्षा र स्थानीय सरकार** विषयमा अभिभुमखीकरण (४ भदौ २०७४)
- नेपाल चेपाङ संघसँग भरतपुरमा आयोजित **कृषि, शिक्षा र स्थानीय सरकार** विषयमा अभिमुखीकरण (१७ भदौ २०७४)
- परामर्श : बागमती गाउँपालिका, मकवानपुर (१५ जेठ, २०७४)
  हरिहरपुर गाउँपालिका, सिन्धुली (१६ जेठ, २०७४)

यो सङ्कलनको प्रक्रियाका विभिन्न चरण र स्वरूपमा विभिन्न महानुभावहरूको अमूल्य योगदान रहेको छ। निम्न महानुभावहरूप्रति हामी विशेष आभारी छौं तर यहाँ प्रस्तुत विचार वा दृष्टिकोणमा उहाँहरूको संस्थागत या व्यक्तिगत सहमति छ भन्ने जरूरी छैन।

| | |
|---|---|
| एलबी थापा | डा. कृष्ण पौडेल |
| कृष्ण थापा | धनञ्जय शर्मा |
| नूतराज पोखरेल | डा. बालानन्द पौडेल |
| महाश्रम शर्मा | राजकुमार थापा |
| राजकुमार बराल | डा. राजेन्द्रध्वज जोशी |
| डा. विद्यानाथ कोइराला | डा. विनय कुशियत |
| वीरबहादुर राई | सोमत घिमिरे |
| हरि थापा | होमनारायण श्रेष्ठ |

**शिक्षा नीति तथा अभ्यास केन्द्र**

# भूमिका

नेपालको संविधान, २०७२ ले केन्द्रीकृत शासन प्रणालीमा निहित शक्ति स्थानीय तहसम्म वितरण गरेको सन्दर्भमा स्थानीय तहको आवश्यकता परिपूर्तिका लागि आफू अनुकूलको विषयगत ऐन कानून तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सक्ने गरी अधिकार सम्पन्न बनाइएको हामी सबैलाई थाहा छ।

शिक्षाको जग मजबूत बनाउने जिम्मेवारी पनि स्थानीय तहकै भएकाले आफ्नो क्षेत्रको समग्र विकासका लागि ध्यान दिनुपर्ने तात्कालिक विषयहरू के के हुन सक्छन् ? स्थानीय सरकारको सामुन्ने आएको छ। कानून तथा नीति निर्माणसँगै विद्यालय र सेवा क्षेत्रको आधारभूत तथ्याङ्क अद्यावधिक, विद्यालयको नक्शाङ्कन, स्थान र संख्या निर्धारण, विद्यालयको जोनिङ्ग एवं त्यसको ढाँचा निर्माण, सबै बालबालिकाको शिक्षामा सहज पहुँच, आदर्श स्कूलको परिकल्पना आदि शिक्षाका कार्यसूचीहरू हुन सक्छन् जुन स्थानीय सरकारका चुनौती र अवसर हुन्।

जग मजबूत नभई घर बलियो नहुने विश्वासमा जोड दिँदै आएको शिक्षा नीति तथा अभ्यास केन्द्रले विद्यालय शिक्षा सुधारमा कार्य गर्दै आएको परिप्रेक्ष्यमा स्थानीय निकायलाई शिक्षाको नीति तथा ऐन कानून बनाउन सघाउ पुऱ्याउने उद्देश्यबाट समय सान्दर्भिक विषयहरू समेटी यो हाते किताब प्रकाशन गरेको छ। यसमा असल शिक्षाका के कस्ता प्रयत्नको आवश्यकता पर्दछ ? शैक्षिक क्षेत्रका प्राज्ञिक विद्वानहरूका भनाइ के कस्ता रहेका छन् ? हाम्रा राजनीतिक दलहरूले स्थानीय चुनावमा घोषणा पत्र मार्फत शैक्षिक विकासका लागि व्यक्त प्रतिबद्धता र अवधारणा के के रहेका छन् ? स्थानीय निकायद्वारा

शिक्षा व्यवस्थापनका सवालमा गरिएको अन्तर्क्रिया छलफलमा उठाइएका विषय र व्यक्त विचार, आशंका र द्विविधाका विषयहरू, शिक्षक महासंघको दृष्टिकोण, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका भनाइहरू, अभिभावकहरूको भनाइ र केही गाउँपालिकाले गरेका सान्दर्भिक निर्णयहरू समेटिएका छन् । विभिन्न विचार र दृटिकोण, पक्ष विपक्षको चिन्तन मनन तथा विश्लेषण र गहिराइमा गरिएका छलफल, राय सुझाव एवं सकारात्मक टीका टिप्पणीबाट समस्यालाई चिरफार गरिएको यस पुस्तिकाले आफ्नो क्षेत्रको आवश्यकता अनुरूपको कानून निर्माणमा सहायक हुने कुरामा म विश्वस्त छु।

अन्त्यमा, सम्पादन र लेखनको कार्य मूलतः स्वयंसेवी रूपमा नै गरिएको हो । यो सन्दर्भ पुस्तक प्रकाशनार्थ सीमित समयावधिमा पनि दत्त चित्त भई प्रकाशन योग्य बनाउने कार्यमा संलग्न शिक्षा नीति तथा अभ्यास केन्द्रका कार्यकर्ताहरू धन्यवादका पात्र छन् । यो प्रकाशन सम्भव गराउन आंशिक आर्थिक सहयोग गर्ने मिजेरेओर संस्थालाई पनि धन्यवाद दिन्छु । केन्द्रलाई पाठक र प्रयोगकर्ताहरूबाट प्रतिक्रिया आए यस्तै प्रकारका कार्य गर्ने उत्प्रेरणा मिलिरहने थियो ।

**नूतराज पोखरेल**
अध्यक्ष
शिक्षा नीति तथा अभ्यास केन्द्र
भदौ २०७४

## सन्दर्भ पुस्तक १

प्रारम्भिक छलफलका लागि
विचार र सूचना ........ १

## सन्दर्भ पुस्तक २

असल शिक्षा ?! ........ ४९

## सन्दर्भ पुस्तक ३

स्थानीय तहमा शिक्षा व्यवस्थापन : सन्दर्भ र सवालहरू (अन्तर्क्रिया कार्यक्रमका कार्यविधि र कार्यपत्रहरू) ........ ६३

## सन्दर्भ पुस्तक ४

गाउँ/नगर पालिका स्थानीय शिक्षा व्यवस्थापन ऐन निर्माणका लागि सहयोगी रूपरेखा ........ ११७

Content Outline ........ 136

सन्दर्भ पुस्तक १

# प्रारम्भिक छलफलका लागि विचार र सूचना

# सन्दर्भ पुस्तक १

# प्रारम्भिक छलफलका लागि विचार र सूचना


१. परिचय ..... ५

क. शिक्षाको केन्द्रीयता ..... ६

ख. प्राथमिकता अवसर र जोखिमहरू ..... ७

२. सहयोगी दस्तावेजहरू ..... १६

क. स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ मा शिक्षाको प्रावधान ..... १६

ख. संविधानमा उल्लेखित स्थानीय तहको कानून बनाउने अधिकारको सारांश ..... १८

ग. दलका घोषणा-पत्र ..... २०

घ. स्थानीय सरकारद्वारा शिक्षा व्यवस्थापनः सवाल र दृष्टिकोणहरू ..... २६

ङ. शिक्षक महासङ्घको दृष्टिकोण ..... २८

च. विव्यस/अभिभावकका सङ्गठनका भनाइ ..... ३१

छ. स्थानीय सरकारहरूले गरेका निर्णयहरू (उदाहरणका लागि) ..... ३६

ज. स्थानीय सरकार र शिक्षा सम्बन्धी प्रकाशित लेखहरू ..... ३९

स्थानीय सरकारको विद्यालय शिक्षा कार्यसूची ..... ३९

सामुदायिक शिक्षा सुधार्ने अभिभारा ..... ४४

## १. परिचय

संविधान मूल कानून हो र यसले समाजवाद उन्मुख राज्य प्रणालीको परिकल्पना गरेको छ तर यो अवधारणा प्रक्रियाका दृष्टिले अमूर्त छ । यथार्थमा अहिले जुन स्थानीय सरकारको परिकल्पना गरिएको छ, त्यो परम्परागत राजनीतिक विचारधारा प्रति तटस्थ पनि रहन सक्छ । यो अभ्यासबाट आविष्कार गरिएको प्रणाली हो, तसर्थ, यसलाई शासकीय विधिका दृष्टिले पनि हेर्नुपर्छ । यो स्थानीय सरकार हो, स्थानीय निकाय मात्र होइन । स्थानीय निकायको सन्दर्भमा विकेन्द्रीकरण या अधिकार प्रत्यायोजन हुन्छ तर यो शक्ति वितरण हो । अर्को राजनीतिक एकाइ (नगर या गाउँपालिका)लाई असर नपर्ने हदसम्म त्यो एकाइ सर्वमान्य सिद्धान्त याने बहुमतको निर्णय, विशेष निर्णयमा दुई तिहाइ र जनमत सङ्ग्रह समेत गरी निर्णय गर्न सक्छन् । प्रान्तीय र सङ्घीय कानूनसँग नबाझिने हदसम्म त्यो निर्णय मान्य हुन्छ । नियम छैन भनेर स्थानीय सरकारहरूले पर्खेर बस्न जरुरी छैन । सबै स्थानीय सरकारका निर्णय उस्तै हुन पनि जरुरी छैन । विविधता यसको सौन्दर्य हो । यसको अभिप्राय के हो भने जनताले राज्यप्रदत्त सेवा सुविधा लिन वा व्यापार व्यवसाय गर्न पहिला जस्तो टाढा जानु नपरोस् । यसबाट कुनै काम कुरा बिग्रनासाथ सच्याउन सकिन्छ, टाढाको निर्णय पर्खिरहनु पर्दैन ।

धेरै विषयहरू निर्णय हुन बाँकी छन् । कति कुराहरू सङ्घीय व्यवस्थापिका संसदका सदस्यको सूझबूझ, कर्मचारीतन्त्रको बुझाइमा पनि भर पर्छ तर कति कुराहरू स्थानीय सरकारको सक्रियता, जुझारुपन र गरेर देखाउने क्षमतामा भर पर्छन् । यहाँ अहिलेको परिस्थितिमा स्थानीय सरकारले शिक्षाबारे के गर्नुपर्छ र के गर्नसक्छ अनि के जोखिम र अवसरहरू छन् भन्ने सूची बनाएको छ । तपाईंहरूले यसलाई सन्दर्भका रूपमा छलफलका लागि प्रयोग गर्न सक्नुहोस् भनेर गरिएको एक पहल हो । दल या कुनै सरकारी एकाइ वा धार्मिक वा व्यावसायिक समूहरूसँग यसको सम्बन्ध छैन । यो लेखनका पुछारमा आफ्नो विचार निर्माण गर्न सहायक सामग्रीहरूको सङ्कलन पनि समावेश गरिएको छ ।

**क. शिक्षाको केन्द्रीयता**

धेरैले शिक्षाको महत्त्व छ भनेर भाषण गर्ने गरे पनि शिक्षाले व्यवहारमा पाएको महत्त्वलाई हेर्दा शिक्षाको भूमिकाबारे छर्लङ्ग हुने कमै देखिन्छन् । हामी सामूहिक रूपमा व्यक्तिगत तहमा जति शिक्षाप्रति गम्भीर छैनौं । धेरै जसो विकासको कुरा गर्दा पूर्वाधार निर्माण, विद्यालयमा पनि भवन वा डेस्क बेञ्च आदिको कुरा आउँछ । यदि कुनै ठाउँमा दीर्घकालीन विकासको कुरा गर्ने हो भने 'असल शिक्षा' सबैभन्दा महत्त्वपूर्ण छ । मूलतः असल शिक्षा त्यो हो जसले तपाईंलाई विचार गर्न सघाउँछ । असल शिक्षा विधि त्यो हो जहाँ विषयहरू भऱ्याङ चढे जस्तो गरी व्यक्तिलाई सजिलोबाट असजिलो तर्फ उकाल्छन् । त्यो शिक्षक उत्तम हो जसले सिकारुको सिक्ने भोक जगाउँछ । हामी अहिले व्यावसायिक वा रोजगारमूलक शिक्षाको कुरा गर्दैछौँ, यसका लागि पनि माथि भनेका यी तत्वहरू आवश्यक हुन्छन् । यी तत्वहरू सानै उमेरदेखि बन्न थाल्छन् । धेरै जसो शिक्षामा चाख हुनेहरू पनि माथिल्लो कक्षाको मात्र ध्यान दिन्छन् । छोराछोरीलाई पनि माथिल्ला कक्षा पुगेपछि मात्र ट्यूसन पढाउन थाल्छन् । आखिर पानी त पातमा हालेर हुन्न नि ! शिक्षा के, कसरी भन्ने बारेमा स्थानीय सरकारको नेतृत्वले प्राविधिक सल्लाह लिन सक्छ तर यस तर्फ तपाईंहरूको ध्यान महत्त्वपूर्ण छ । हाम्रो शिक्षा प्रणाली धेरै हदमा कागजमा ठीकै छ तर त्यसको प्रयोगमा समस्या छ । स्थानीय नेतृत्व विचार र अभ्यासलाई समायोजन गर्ने निर्णायक भूमिकामा छ ।

***एउटा जरुरी कुरा :*** *अहिले कति ठाउँमा स्थानीय सरकारको आफ्नो पर्याप्त भवन आदि छैन । अफिस घर छैन भनेर काम पर नसार्नुहोस् । तपाई जहाँ बस्नु हुन्छ, स्थानीय सरकार त्यहीँ हुन्छ । जसरी भवनले मात्र शिक्षा रोक्दैन, त्यसरी नै तपाईंलाई काम गर्न भवनले रोक्दैन ।*

## ख. प्राथमिकता, अवसर र जोखिमहरू

**स्थानीय सरकारहरूले ध्यान दिनुपर्ने मूल विषयहरू**

**केही समयमा गर्नुपर्ने**

- पालिका विशेष समग्र नीति निर्माण र कार्यान्वयन
- शिक्षक परिचालन नीति र आधार तयार गर्ने
- विव्यसबारे दृष्टिकोण र नियम बनाउने

**तत्काल गर्न आवश्यक**

- विद्यालय र सेवा क्षेत्रको आधारभूत तथ्याङ्क सम्पादन
- विद्यालयको नक्साङ्कन, स्थान र संख्या निर्धारण
- विद्यालयको जोनिङ्ग एवं त्यसको ढाँचा निर्माण
- पालिका र वडामा जिम्मेवार व्यक्ति निर्धारण

**अवसरहरू र जोखिमहरू**

**अवसरहरू**

- कानून तलदेखि नै निर्माण गर्न सकिने
- पहिले सही कुरा उठाउनेको कुरा उल्टाउन गाह्रो
- आफू अनुकूलका विविध पद्धति अपनाउन सकिने

**जोखिमहरू**

- दोष पाउने, स्रोत चाहिँ नपाउने
- अनुसूची ८ का अधिकार ९ ले कटौति हुन सक्ने
- शिक्षकको केन्द्रीयता कायम रहन सक्ने
- फेरि पनि स्थानीय सरकारहरू पूर्वाधार या छात्रवृत्ति जस्ता विषयमा अलमलिन सक्ने
- स्थानीय, केन्द्रीय सबैको मनस्थिति केन्द्रीय
- पुरानै व्यक्तिहरू जाने पल्टिने र परिवर्तन हुन नदिने !

## स्थानीय सरकारहरूले ध्यान दिनुपर्ने प्राथमिकताका विषयहरू

| विषय | | भइरहेको अवस्था, प्रक्रिया र टिप्पणी |
|---|---|---|
| स्थापना र सञ्चालन | किसिम | क. साधारण<br>ख. प्रावि, निमावि, मावि, उमावि, गुरुकुल, मदरसा, गुम्बा<br>ग. प्राविधिक |
| | सञ्चालन पद्धति | - सामुदायिक, शैक्षिक निजी गुठी र कम्पनी (संस्थागत) |
| | स्थापना | - तजबीजी, नेताले प्रभाव उपयोग गरेर, सक्रिय जनताले रोइकराइ गरेर, पछि जिशिकाको निर्णयमा |
| | भाषा | - धेरैजसो अंग्रेजी राखिने गरेको; सामुदायिक विद्यालयमा अंग्रेजी शिक्षण माध्यम बनाउन सङ्घर्ष; मातृभाषा शिक्षण विषयमा सीमित; पहिलो भाषामा पहिलो शिक्षणको मर्म नबुझिएको |
| | पाठ्यक्रम | - केन्द्रद्वारा निर्धारित २०% विद्यालयले राख्न सक्ने, कतैकतै मात्र खेती, व्यवसाय आदि राखिएको |
| | परीक्षा | - मर्म बुझ्ने भन्दा सम्झेर उत्तर दिनुपर्ने प्रणाली, विचारमा जोड छैन; पाठ्यपुस्तकमुखी, सिर्जनाविहीन |

| प्रस्तावित सुझाव | कारण/पुष्टि |
|---|---|
| क. साधारण बाल शिक्षा<br>अ. प्राथमिक<br>आ. आधारभूत<br>ख. धार्मिक/सांस्कृतिक<br>ग. प्राविधिक तथा व्यावसायिक | - संवैधानिक व्यवस्था अनुसार निर्धारण एक हदसम्म शिक्षा ऐन आठौं संशोधनसँग पनि मिल्ने |
| - सामुदायिकः पूर्ण सरकारी अनुदानमा चल्ने<br>- शैक्षिक गुठीः गैर नाफामूलक सबै<br>- संस्थागतः नाफामूलक | - प्रक्रियाको सरलीकरण र शैक्षिक गुठीमा निजी सार्वजनीकरणको अस्पष्टता हटाउने<br>- गुठीमा सरकारी र सामुदायिक सहयोग मिलान गर्न सकिने |
| - नक्साङ्कन गरेर संस्थागत समेत एउटै ठाउँमा राखी | - कुनै ठाउँमा निजीलाई समेत सार्वजनिक शिक्षाको जिम्मेवारी दिई स्थापना गर्ने |
| - मातृभाषा, नेपाली, अंग्रेजी दुवै हुन सक्ने<br>- प्रारम्भिकमा पहिलो दोस्रो भाषामा जोड | - भाषा कति पहिले भन्दा कति राम्रोसँग पढाइन्छ भन्ने महत्त्वपूर्ण; सिकाइको गहिराइ चिनेजानेको भाषामा राम्रो तर अभिभावकको चित्त बुझाउन अंग्रेजी पनि शुरूदेखि नै चाहिने भएकाले |
| - विषय छनौटको नीतिगत निर्णय लिन पालिकाले सक्ने तर सङ्घीय र प्रान्तीय मापदण्डमा रही गर्नुपर्ने<br>- ऐन नियम निर्माणका लागि प्राविधिक सहयोग भने आवश्यक | - पाठ्यपुस्तक होइन पाठ्यक्रमका आधारमा पढाउनु पर्ने |
| - परीक्षा बोर्ड बनाउनु पर्दा जसबारे शिक्षाका अधिकारीले भन्ने नै छन् ।<br>- मुख्य कुरा विचार गर्न प्रेरित गर्ने, कामको परीक्षण गर्ने परीक्षा प्रणाली बनाउनु पऱ्यो । | - घोकेको कुरा जाँचमा धेरै अङ्क ल्याउनुको धेरै अर्थ छैन ।<br>- पढेका व्यक्तिले आफ्ना सके अरूका पनि जीवनका समस्या समाधान गर्न सक्नुपर्छ । |

| विषय | | भइरहेको अवस्था, प्रक्रिया र टिप्पणी |
|---|---|---|
| स्थापना र सञ्चालन | विशेष शिक्षा | - विभाग मन्त्रालयको तजवीजमा क्षमता र आवश्यकतानुसार चलिरहेका |
| | प्राविधिक शिक्षा | - विभाग मन्त्रालयको तजवीजमा क्षमता र आवश्यकतानुसार चलिरहेका |
| | धार्मिक/ सांस्कृतिक शिक्षा | - सरकारी अनुदान सहित चलाउन सकिएको<br>- सम्बन्धित आस्था सहित शिक्षा तर्फको पाठ्यक्रम |
| शिक्षा प्रशासन | शिक्षा समितिको संरचना र काम | - वर्तमान शिक्षा ऐनमा नयाँ संरचना अनुसार केही व्यवस्था भएको छ तर अनावश्यक रूपमा जिल्ला शिक्षा समितिले केही सदस्य नियुक्ति गर्ने व्यवस्था<br>- पालिकाभित्रका विद्यालयको रेखदेख, व्यवस्थापन र विद्यालयहरू बीच समन्वय गर्ने<br>- विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने<br>- गुणस्तरीय शिक्षाको लागि विद्यालयको सुपरीवेक्षण, अनुगमन र आवश्यक सुझाव र सहयोग गर्ने |

| प्रस्तावित सुझाव | कारण/पुष्टि |
|---|---|
| - पालिकामा कमसेकम विभिन्न अपाङ्गका लागि व्यवस्था या पूर्ण छात्रवृत्तिको व्यवस्था | - विशेष व्यवस्था नगरी यिनले शिक्षा पाउन सक्दैनन् ।<br>- महङ्गो परेर विद्यालय नै स्थापना गर्न नसकिएको खण्डमा सस्तो विकल्प |
| - पालिकामा रहेको तुलनात्मक लाभको फाइदा लिन<br>- पालिकाको आफ्नो आवश्यकता पूर्ति गर्न | - पालिकामा कमसेकम विभिन्न अपाङ्गका लागि व्यवस्था या पूर्ण छात्रवृत्तिको व्यवस्था |
| - यस्ता विद्यालय शैक्षिक गुठीका रूपमा सम्बन्धित समूहलाई लिन प्रोत्साहन<br>- भइरहेको अनुदानमा कटौति नगर्ने | - सम्बन्धित समूहको योगदानको माग गर्दै सञ्चालनको भार उठाउन, स्वायत्तताका लागि तर समकक्षताका लागि उही परीक्षा उत्तीर्ण गर्नुपर्ने |
| - संरचनामा विपक्षी<br>- अल्पसंख्यक नछुटून्<br>- गैसस पनि रहने<br>- विव्यस र शिक्षकको प्रतिनिधित्व संस्थागत<br>- पालिका, विव्यस संघ र शिक्षक संघबाट<br>- कार्यकाल ४ वर्ष होस्<br>- कार्यपालिकाले पुनर्गठन गर्न सक्ने<br>- शैक्षिक कार्यक्रम तयार गर्न कार्यान्वयन गराउने ।<br>- आइपरेका विवाद समाधान गर्ने ।<br>- स्तरीय शिक्षाको प्रत्याभूति; विद्यालयको अनुमति, स्वीकृति, नीति-नियम तर्जुमा; प्रदेश संघसँग संवाद (आदेशमा विस्तृत कामको सूची उपलब्ध छ । यी काम त्यसका अतिरिक्त सुझाइएका हुन् ।) | - प्रभावकारी शिक्षा कार्यान्वयनका लागि प्रतिपक्ष र कोही नछुट्न अल्पसंख्यकको उपस्थिति आवश्यक हुन्छ ।<br>- गैससले काममा सघाउँछन् ।<br>- समितिले स्तरीय शिक्षाको प्रत्याभूति गर्नुपर्छ |

| विषय | | भइरहेको अवस्था, प्रक्रिया र टिप्पणी |
|---|---|---|
| | शिक्षा शाखाको संरचना र काम | - नयाँ व्यवस्था हो । |
| | शिक्षा परामर्श सभा (संरचना आखिरमा राखिएको छ) | - नयाँ परिकल्पना हो । |
| | शिक्षा परामर्श समितिको काम | - |
| विद्यालय व्यवस्थापन | सामुदायिक विव्यसद्वारा | - हालै आठौं संशोधनद्वारा सदस्यमा २ महिला थप गरी गैरअभिभावक अध्यक्ष हुनसक्ने व्यवस्था<br>- स्थानीय गापा/नपाको प्रतिनिधि पनि सदस्य रहने<br>- प्रअ सदस्य सचिव रहने<br>- विव्यस विद्यालय निरीक्षकको रोहवरमा गठन हुने<br>- तीन वर्षे कार्यकाल<br>- विद्यालय स्वायत्त रूपमा व्यवस्थापन गर्न दिने भन्दा पूर्वाधार आदि कुरामा सीमित गरेर जिम्मेवार नबनाइएको<br>- अति दलीयकरण भइरहेको |

| प्रस्तावित सुझाव | कारण/पुष्टि |
|---|---|
| - स्थानीय सरकारको शिक्षा मन्त्रालय हो<br>- निर्वाचित पदाधिकारीको नेतृत्वमा चल्ने गरी बन्नु पर्छ।<br>- कार्यान्वयन, अनुगमन, रेकर्ड, प्रशासन, प्राविधिक परामर्श | - यसबाट काम संयोजन गर्न र पालिकाको कार्यपालिकासँग समन्वय गर्न सजिलो हुन्छ। |
| - सबै विद्यालयका प्रअ र अध्यक्ष भएको र शिक्षा सम्बन्धित संस्थाका प्रमुख रहने अनौपचारिक सभा | - शिक्षाको नीति-निर्देशन गर्न बहुपक्षीय विचार समावेश गर्न; तर यसको कानूनी हैसियत नरहने। |
| - पालिकाको स्थितिको आकलन र निर्देशक नीति नियम सिफारिश;<br>- पालिकाको जनशक्ति र शैक्षिक अवस्था प्रक्षेपण;<br>- पालिकालाई संवाद गर्ने विषय निर्देश | |
| - एकदेखि चार वटासम्मको एउटा<br>- अल्प संख्यकको प्रतिनिधित्व<br>- अध्यक्ष र सचिव दुवै सदस्य मध्येबाट अभिभावकले मात्र छान्ने<br>- पदावधि ४ वर्ष बनाउनु पर्ने<br>- सबै सदस्यको पदावधि एकै पटक नसकिने; पुरानोले नयाँ गठन गर्ने व्यवस्था गर्नुपर्ने<br>- मुख्य कामः विद्यालयको दूरदृष्टि, सञ्चालन, अनुगमन, स्रोत व्यवस्था, शिक्षक व्यवस्थापन, भाषा र पाठ्यक्रम निर्धारण, शासकीय पारदर्शिता<br>- विव्यस संघ | - विगतमा परेका अप्ठेरा र खुम्चिएका सम्भावना खोल्ने किसिमले- स्वायत्त किसिमको।<br>-हात खाली हुँदा विद्यालय अलपत्र हुनाले नियमितता जरुरी।<br>- कति विव्यसहरू प्रअभन्दा अरू नै सचिवको पक्षमा पनि रहेकाले प्रावधान खुला गरेको।<br>- विव्यसलाई शासकीय र शैक्षिक मुद्दामा संलग्न गर्नुपर्ने; शिअसंघ नाम मात्र रहिआएकाले परिकल्पना नगरिएको<br>- प्रतिनिधित्व र सक्रियताका लागि |

| विषय | | भइरहेको अवस्था, प्रक्रिया र टिप्पणी | |
|---|---|---|---|
| विद्यालय व्यवस्थापन | शैक्षिक गुठीद्वारा | - पहिला साधारण तर्फ बन्दोबस्त भएको<br>- ऐनमा निजीलाई रूपान्तरण गर्ने आशय देखिएको<br>- यसलाई विद्यालय व्यवस्थापनको प्रभावकारी माध्यमको रूपमा लिन बाँकी रहेको | |
| | संस्थागत व्यवस्थापनद्वारा | - जिशिकाले धरौटी राखेर अनुमति दिने<br>- नजिकको विद्यालय वा स्थानीय तहको सिफारिश कम प्रभावकारी<br>- शुल्कमा किचकिच भइरहने | |
| आर्थिक व्यवस्था | | - सरकारले तलब बाहेक प्रतिविद्यार्थी अनुदान दिने<br>- बेलाबेलामा अन्य तजबीजी अनुदान | |
| शिक्षक व्यवस्था | | - सरकारले नियुक्त गरेका स्थायी, अस्थायी<br>- विद्यालय र जिल्ला तहमा नियुक्त राहत एवं निजी स्रोतका<br>- जवाफदेही नहुने मुख्य समस्या | |

| | प्रस्तावित सुझाव | कारण/पुष्टि |
|---|---|---|
| | - गैरनाफामुखी क्षेत्रसँग सहकार्य गर्न बाटो खुला गरेको; शुल्क लिन सक्ने<br>- पुराना संरचनामा पनि चलाउन पाइने तर नाफा लिन नपाउने<br>- स्वायत्त अनुमति दिने आधारः दूरदृष्टि र ५ वर्षे योजना<br>- बहुसंख्यक विव्यस र शिक्षकको सहमति (पुरानो भएमा)<br>- पालिकामा आधारित स्रोतको मात्रा<br>- आवेदकको विश्वसनीयताको इतिहास<br>- पालिकाले निर्धारण गरेका खास कुनै शर्त<br>- सरकारी शिक्षक काजसरह काम गर्नसक्ने | - सामुदायिक विद्यालयको रवैयादेखि थकित तर केही गर्न चाहने व्यक्ति वा समूहलाई काम गर्ने चुनौती<br>- पालिकाको खर्च घटाएर स्तरीय शिक्षा दिन सकिने अपेक्षा<br>- निजी र सामुदायिक दुवैलाई सकारात्मक चुनौती दिन सक्ने<br>- व्यवस्थापन प्रक्रियाको सरलीकरण |
| | - विद्यमान व्यवस्थाअनुसार नै सञ्चालन गर्ने<br>- शुल्क नियमन नगर्ने तर ३ वा ५ वर्षसम्म बढाउन नपाइने व्यवस्था गर्ने तर नक्साङ्कनका आधारमा मात्र राख्ने<br>- पालिकाले भनेका शर्त सशुल्क पालना गर्नुपर्ने | - सरकारले शुल्क मिनाहा गरेका विद्यालयमा ध्यान दिने वा निजीमा जाने अभिभावकको छनोट; कम्पनी अन्तर्गत खोल्न दिइसकेपछि शुल्क निर्धारित गर्न नपाउनु बेमुनासिब तर यसले कतै पालिकाले भनेका विद्यार्थी सशुल्क पढाउनुपर्ने-नक्साङ्कन अनुसार |
| | - विद्यालय कोष<br>- पालिका कोष<br>- शिक्षा कर<br>- शुल्क<br>- तलब/भत्ता | - छुट्टै कोष रहने-मुख्यतः शिक्षामा आउने रकम त्यहाँ जान पाओस् भन्ने अपेक्षा<br>- शुल्क तिर्न नसकेका कारणले कोही वञ्चित नहुने गरी शुल्क उठाउन पाइने<br>- खाइपाइ आएका सरकारी शिक्षकको तलब भत्ता नघटाउने |
| | - २ थरी शिक्षकः स्थायी (सङ्घीय) स्थानीय (करार)<br>- अस्थायी, करार र निजी सबैलाई उपल्ला तहको योग्यता निर्धारण गरे अनुसार भएका उपदान, बीमा आदिको सुबिधा सहित वर्षे करारमा नियुक्ति प्रक्रिया कार्यपालिकाले निर्धारण गर्ने | - शिक्षकको कार्यप्रदर्शन निश्चित गर्न र भविष्यमा आउने जटिलताहरू सम्बोधन गर्न; खाइपाइ आएको चाहिँ नघटाउने; पालिकाले सरकारी जति महङ्गा शिक्षक पालिराख्नु जरुरी छैन । |

## २. सहयोगी दस्तावेजहरू

### क. स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४*मा शिक्षाको प्रावधान

**बुँदा नं.४ अनुसूची उपदफा २**

**(ज) आधारभूत र माध्यमिक शिक्षा**

१) प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, मातृभाषामा शिक्षा तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,

२) आाधारभूत र माध्यमिक तहको संस्थागत, सामुदायिक, गुठी, निजी विद्यालय स्थापना, स्थापनाका लागि अनुमति, सञ्चालन, व्यवस्थापन र नियमन,

३) गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूको रेखदेख र व्यवस्थापन,

४) प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन,

५) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, स्वीकृति तथा नियमन,

६) मुनाफा नलिने विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति र नियमन,

७) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

८) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

९) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी,

१०) सामुदायिक सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन,

---

* संसदबाट ऐन पारित नहुँदासम्म यो आदेश संविधानसँग नबाझिएको हदसम्म ऐन सरह मान्य हुन्छ ।

११) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन,

१२) पाठ्यक्रम विकास र पाठ्यसामग्रीको आपूर्ति व्यवस्थापन,

१३) विद्यालय शिक्षक तथा कर्मचारीको व्यवस्थापन,

१४) विद्यालय नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

१५) शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,

१६) आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापन,

१७) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण,

१८) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

१९) शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,

२०) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

२१) स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन,

२२) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

***याद रहोस् संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय अधिकारका सूचीमा राखिएको छ।***

## ख. संविधानमा उल्लिखित स्थानीय तहको कानून बनाउने अधिकारको सारांश

संविधानको धारा ५७ (४) ले गाउँ सभा वा नगर सभालाई कानून बनाउने अधिकार दिएको छ। धारा २२६ (२) (१) अनुसार कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ। त्यसकारण गाउँ सभा वा नगर सभाले कानून बनाउन केही समय पर्खनु पर्नेछ।

धारा ५७ (५) अनुसार साझा अधिकारभित्र पर्ने शिक्षा सम्बन्धी कानून संघ, प्रदेश र गाउँ सभा वा नगर सभाले समेत बनाउन पाउने छ। गाउँ सभा वा नगर सभाको एकल अधिकारभित्र परेको आधारभूत र माध्यमिक शिक्षा क्षेत्र सम्बन्धी कानून संघ र प्रदेशले बनाएमा गाउँ सभा वा नगर सभाको एकल अधिकार कुण्ठित हुनबाट कसरी रोक्ने भन्ने स्पष्ट व्यवस्था भएको देखिँदैन।

यस अतिरिक्त धारा ५७ (६) अनुसार गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ, र धारा ५७ (७) अनुसार गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ। तसर्थ, कानून बनाउने गाउँ सभा वा नगर सभाको एकल अधिकार कुण्ठित हुने सम्भावनालाई नकार्न सकिँदैन।

संविधानको धारा ५७ को उपधारा (४) स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लिखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभालाई कानून बनाउने बनाएको कानून बमोजिम हुनेछ।

उपधारा (५) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ।

उपधारा (६) उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हनेछ।

उपधारा (७) उपधारा (५) बमोजिम गाउँ सभा वा नगर सभाले कानून

बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

धारा २१४. स्थानीय तहको कार्यकारिणी अधिकारः स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहनेछ।

धारा २२६. कानून बनाउने सक्नेः १. गाउँ सभा वा नगर सभाले अनुसूची ८ र अनुसूची ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ।

२. उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ।

## ग. दलका घोषणा–पत्र

**(तपाईंको आफ्नो र प्रतिद्वन्द्वी/सहकर्मी दलका घोषणापत्र आफैं खोजेर पढ्नुस्, केही दलका सारांश तल प्रस्तुत छन् ।** ***कान्तिपुर*** **दैनिकमा प्रकाशित विश्लेषण र आजको शिक्षामा प्रस्तुत सारांश)**

### अ. शिक्षाबारे अन्योलमै दलहरू

*जेठ, २०७४, शुक्रबार कान्तिपुर दैनिक*

**– गणेश राई**

काठमाडौं- स्थानीय तह पहिलो चरणको चुनावको परिणाम आउने क्रम जारी छ । यही चुनावलाई लिएर धेरै राजनीतिक दलले 'घोषणापत्र' सार्वजनिक गरेका छन् । कतिपय दलले नेपालको संविधान (२०७२) ले किटान गरेको व्यवस्थालाई आफ्ना घोषणापत्रमा हुबहु उतारेका छन् । संविधानले मुलुक संघीय प्रदेश किटान गरी स्थानीय तहको चुनाव हुन लाग्दा कतिपय दलले केन्द्रीकृत शासन प्रणालीकै झल्को दिने गरी उल्लेख गरेका छन् । "ती दलहरूले संविधानकै कुरा दोहोर्‍याए", शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्, "कतिपय दलले राष्ट्रले शिक्षामा २० प्रतिशत बजेट छुट्याउनुपर्छ पनि भनेका छन् । शिक्षा विकासको पहिलो आधार हो तर शिक्षाप्रति दलहरूको दृष्टिकोण प्रष्ट छैन ।" त्यसै गरी शिक्षक महासंघले स्थानीय सरकारले विद्यालय सञ्चालन गर्न नसक्ने निष्कर्ष सहित प्रान्तीय सरकार मातहत हुनुपर्ने भन्दै आएको छ । मधेसवादी दलहरूले अधीनस्थ हुनुपर्ने भन्दै आएको कोइराला उल्लेख गर्छन् । अर्का शिक्षाविद् विष्णु कार्कीको ठम्याइ छ, संविधान कार्यान्वयन गर्ने क्रमको पहिलो खुड्किलो नै स्थानीय तहको चुनाव हो । "तर स्थानीय तह पहिलो चरणको चुनावमा सात दिनसम्म विद्यालय बन्द गराए, शिक्षकहरूलाई खुलेआम दलको झण्डा बोक्न दिए," अन्य मुलुकमा हुने चुनावमा शिक्षालाई ठाडो हस्तक्षेप नहुने उल्लेख गर्दै कार्की भन्छन्, "कम्तीमा चुनावको दिनबाहेकका दिनमा शिक्षक र विद्यार्थीलाई विकल्प दिनुपर्थ्यो । यसबारे शिक्षा मन्त्रालयले बोलेन ।" शिक्षाप्रति दलहरूको स्पष्ट धारणा नरहेको शिक्षाविद् कार्की औल्याउँछन् । "अबको नेपालमा दश वर्ष, बीस वर्ष, पचास वर्षभित्र शिक्षा यस्तो हुने छ भनेर कुनै पनि दलले आफ्नो घोषणापत्रमा उल्लेख गरेका छैनन्, उनी भन्छन्, "अब बन्ने संघीय प्रदेश र स्थानीय तहमा विगतजस्तो केन्द्रीकृत पाठ्यक्रम पाठ्यपुस्तकले चल्दैन । बहुभाषिक पद्धतिमा जानैपर्ने हुन्छ । यसतर्फ कसैको ध्यान पुगेको देखिन्न ।" संविधानले माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारले सञ्चालन गर्ने प्रावधान तय गरेको छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने उल्लेख छ । शिक्षा ऐनले शिशु कक्षादेखि १२ कक्षासम्म माध्यमिक तह कायम गरेको

छ। कक्षा ८ सम्म आधारभूत र ९ देखि १२ कक्षासम्मलाई माध्यमिक तह भनेको छ। त्यसै गरी, कक्षा ९ देखि सामान्य र प्राविधिक गरी दुई धारको शिक्षा लिन पाउने व्यवस्था छ। स्थानीय तहको चुनाव भइसकेको हुँदा अब माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकार मातहतमा रहनुपर्ने छ। केही दलका घोषणापत्रमा उल्लेख शिक्षासम्बन्धी बुँदा यस्ता छन् :

**नेपाली कांग्रेस**: माध्यमिक तहसम्मको शिक्षा र आधारभूत स्वास्थ्य तथा सरसफाइको कार्यभार स्थानीय सरकारका गहनतम् जिम्मेवारीमध्ये पर्दछ। नेपाली कांग्रेस स्थानीय सरकारको ५ वर्षको अवधिभित्र १५ देखि २४ वर्ष उमेर समूहका नेपालीहरू माझ शतप्रतिशत साक्षरता हासिल गर्ने संकल्प गर्दछ। स्थानीय सरकारले माध्यमिक र प्राविधिक (पोलिटेक्निक) शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउने छ। शिक्षाको प्रत्येक तह र अवसरमा लैङ्गिक समता सुनिश्चित गर्नेछ। सबै नेपालीलाई स्तरीय शिक्षाको मूल नाराका साथ दक्ष, उद्यमशील र सुसंस्कृत नागरिक उत्पादन गर्न सक्षम शिक्षा प्रणाली स्थानीय तहमा नै विकास गरिने छ। माध्यमिक शिक्षासम्म हाल देखिएको विभेद तथा द्वैध प्रकृतिको शिक्षा प्रणाली अन्त्य गर्न सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा आमूल सुधार गरिने छ। प्रत्येक गाउँ र नगरपालिकामा माध्यमिक तहसम्म पूर्ण निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइने छ। १२ कक्षाको अन्तिम परीक्षामा सहभागी भएका युवालाई लक्षित गरी तरूण सीपवृत्ति योजना अन्तर्गत स्थानीय प्रशासनमा इन्टर्नसिप गर्ने कार्यक्रममा संलग्न गरिने छ।

**नेकपा एमाले**: 'राष्ट्र निर्माणको आधारः गुणस्तरीय शिक्षा, आधुनिक शैक्षिक पूर्वाधार' भन्ने मूल नारा रहेको छ। निःशुल्क शिक्षाको मौलिक अधिकार सुनिश्चित गर्न केन्द्र, प्रादेशिक तथा स्थानीय सरकारहरूले आफ्नो कुल बजेटको न्यूनतम २० प्रतिशत शिक्षामा लगानी गर्ने व्यवस्था गरिने छ। संविधानले तोके बमोजित माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहहरूलाई सक्षम तुल्याइने छ। यसका लागि केन्द्र, प्रदेश र स्थानीय तहका बीचमा आवश्यक समन्वय गरिने छ। केन्द्रीय शिक्षा नीति एवं मापदण्डको अधीनमा रही आवश्यकता अनुसार नीति, नियमावली र निर्देशिका बनाउन स्थानीय सरकारलाई आवश्यक प्राविधिक सहयोग गरिनेछ। स्थानीय तहहरू साधन स्रोत सम्पन्न नहुन्जेल सम्मका लागि स्थानीय तहको शिक्षा र स्वास्थ्यमा केन्द्रले लगानी गर्ने छ। माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा अनिवार्य र निःशुल्क गरिने छ। अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न गुरुकुल, बिहार, गुम्बा, मदरसा, खुला एवं वैकल्पिक शिक्षा कार्यक्रमलाई राष्ट्रिय शिक्षा प्रणालीसँग आबद्ध गरिने छ। अपांगता भएका व्यक्तिहरूलाई विशेष शिक्षाको व्यवस्था गरिने छ।

**माओवादी केन्द्र**: लोकतान्त्रिक प्रणालीमा बालबालिकालाई अनिवार्य शिक्षा दिनुपर्ने, नागरिकलाई स्वास्थ्य उपचारको सेवा दिनुपर्ने राज्यको दायित्व हो।

राज्यद्वारा नै अनिवार्य, निःशुल्क, गुणस्तरीय, रोजगारमूलक, व्यावहारिक र सर्वसुलभ सार्वजनिक शिक्षा दिने व्यवस्था गरिने छ । १२ कक्षासम्म अनिवार्य शिक्षा दिने र आवासीय शिक्षाको व्यवस्था गरिने छ । बहुप्राविधिक शिक्षालयहरूको स्थापना र विस्तारमा जोड दिइने छ ।

**राप्रपा**ः गाउँ तथा नगरपालिकाहरूको आफ्नो कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्र विनियोजन गरिने छ । ती निकायबाट अनुदान प्राप्त गर्ने विद्यालयहरूमा माध्यमिक तहसम्मको पढाइ निःशुल्क गरिने छ । सरकारी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विशेष कार्ययोजना सञ्चालन गरिने छ । अंग्रेजी, गणित र विज्ञानका शिक्षकहरूको दक्षता वृद्धिमा जोड दिइने छ । सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा सुशासन प्रवर्द्धन गर्न स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिने छ । शैक्षिक क्षेत्रमा व्याप्त राजनीतिकरण अन्त्य गरिने छ । सार्वजानिक र निजी विद्यालयमा प्रयोग हुने पाठ्यसामग्रीमा देखिएका भिन्नतालाई सम्बोधन गर्न पाठ्यसामग्रीमा आवश्यक परिमार्जन गरी एकरूपता कायम गरिने छ । विद्यालयको पाठ्यक्रमले स्थानीय उत्पादन, श्रम एवं स्थानीय अर्थतन्त्र, स्थानीय रोजगार वृद्धि गर्ने कार्यलाई सुनिश्चित गर्ने गरी रोजगारमूलक व्यावसायिक शिक्षालाई जोड दिइने छ । स्थानीय समुदायको सहमति लिएर तथा आवश्यकतानुसार कम्तिमा शिशु शिक्षादेखि कक्षा ३सम्म मातृभाषामा अध्ययन अध्यापन गराउने व्यवस्था मिलाइने छ । शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेप मुक्त बनाउँदै शान्ति क्षेत्र बनाइने छ ।

**साझा पार्टी**ः गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षाकोलागि स्कुल जोनिङ' को अवधारणा तथा शिक्षक तालिम तथा बालबालिका अनुकूल विद्यालय परिसरका लागि अनुगमन र नियमन । सृजनशील र प्रयोगात्मक शिक्षाजस्तै विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितको लागि विद्यालय स्तरीय शैक्षिक स्रोत र शिक्षक तालिमको व्यवस्था । निजी क्षेत्रको ज्ञान, सीप र सेवालाई सार्वजनिक शिक्षामा समाहित गर्ने व्यवस्था । पर्याप्त पूर्वाधार भएका सामुदायिक विद्यालयहरूमा कक्षा ९ देखि प्राविधिक शिक्षाको व्यवस्था गरिने छ ।

**नेमकिपा**ः संविधानमा अनुसूची ८ को क्र.सं. ८ मा स्थानीय तहलाई 'आधारभूत र माध्यमिक शिक्षा' को मात्र अधिकार दिइएको छ । संविधानको अनुसूची ९ साझा सूचीको क्रमसंख्या (२)मा शिक्षा, खेलकुद र पत्रपत्रिकाको अधिकार उल्लेख छ । भक्तपुर नगरपालिकाले आधारभूत र माध्यमिक शिक्षा बाहेक महाविद्यालय वा कलेज र आचार्य वा एमएसम्मका कक्षाहरू समेत वर्षौंदेखि सञ्चालन गर्दै आएको छ । भक्तपुर नगरपालिकाले ८-१० वर्ष पहिले नै जनता र बुद्धिजीवीहरूको बैठकको सुझाव अनुसार ख्वपः विश्वविद्यालय स्थापना र सञ्चालन गर्न अनुमति माग गऱ्यो । त्यसअनुसार संसद्को एक समिति र विश्वविद्यालय अनुदान आयोगबाट सिफारिस

भई शिक्षा मन्त्रालयले ख्वपः विश्वविद्यालयको विधेयक २०७३ कात्तिक २६ गते संसद् सचिवालयमा दर्ता गऱ्यो । सो विधेयक शिक्षामन्त्रीले संसद्को बैठकमा पेस गरी पारित गर्न बाँकी छ ।

**नेपाल लोकतान्त्रिक फोरमः** स्थानीय स्तरमा शैक्षिक क्रान्तिको लहर सृजना गर्न योजनाबद्ध कार्यक्रमहरू अघि बढाइने छ । सरकारी, निजी र सहकारी तीनै क्षेत्रलाई शिक्षा क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ । शिक्षाको गुणस्तर बढाई स्तरोन्नति गरिने छ । शिक्षालाई गरीबसम्म पुऱ्याउन विशेष नीति बनाइने छ । उत्पादनशील तथा रोजगारमूलक शिक्षामा जोड दिँदै शिक्षालाई विकाससँग जोडिने छ । प्राविधिक सीपमूलक व्यावसायिक शिक्षामा मुक्त कमैया, कम्लहरी, हलिया, हरूवा, चरुवाहरूको पहुँच सुनिश्चित गरिने छ । स्थानीय मातृभाषाको शिक्षालाई विद्यालय शिक्षामा प्राथमिकताका साथ समावेश गरिने छ। सूचना प्रविधिको ज्ञान र सीप विद्यालय तहदेखि नै प्रदान गर्ने गरी पाठ्यक्रम विकास गर्ने हाम्रो पार्टीको नीति रहने छ।

**विवेकशील नेपाली पार्टीः** व्यावहारिक तथा नैतिक शिक्षामा प्रोत्साहन, विज्ञान पार्क, एक वडा एक पुस्तकालय, तीन वर्षभित्रमा महानगरभित्र रहेका प्रत्येक सरकारी, सामुदायिक तथा निजी विद्यालयहरूमा एउटै पाठ्यपुस्तक प्रयोग गर्ने व्यवस्था बनाउने छौं । पढाइमा अब्बल दरिएका विद्यार्थीलाई सरकारी शिक्षकमा ल्याउने प्रोत्साहनका कार्यक्रम ल्याउने छौं । विद्यालयहरूको नियमनको लागि पालना गर्नुपर्ने न्यूनतम सर्तहरूको निर्धारण गर्नेछौं । भूकम्प प्रतिरोधी शिक्षालय संरचना, सात वर्षभित्र काठमाडौं महानगर प्रौद्योगिक महाविद्यालय (काठमान्डु इन्स्टिच्युट अफ टेक्नोलोजी) को निर्माण गरिसक्ने छौं ।

**नयाँ शक्ति नेपालः** पाँच वर्षमा विद्यालय जाने उमेरका बालबालिका विद्यालय जाने प्रतिशतलाई शतप्रतिशत पुऱ्याउने, उच्चमाध्यमिक तहमा पढ्नेहरूको प्रतिशत ८० पुऱ्याउने, दलित, अपांग विद्यार्थीलाई उच्चमाध्यमिक स्तरको शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गर्ने, उच्चमाध्यमिक स्तरमा पढ्ने उमेरका व्यक्तिहरूको पढ्न जाने प्रतिशत ९० पुऱ्याउने, शिक्षा क्षेत्रमा व्याप्त दलीयकरण र व्यापारीकरणलाई कडाइपूर्वक अन्त्य गरिने छ। शिक्षा क्षेत्रको समयानुकूल सुधारको निम्ति रणनीतिक कार्ययोजना बनाई लागु गरिने छ । उच्चमाध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण दायित्व राज्यले बहन गर्नेछ। वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगाइने छ । सार्वजनिक शिक्षा क्षेत्रमा आमूल परिवर्तन गरी सबै विद्यालयमा आधुनिक, वैज्ञानिक तथा व्यावहारिक शिक्षा दिइने नीति लागु गरिने छ।

## आ. स्थानीय तहको पहिलो चरणको चुनावमा भाग लिएका केही दलका घोषणापत्रमा भएका शैक्षिक प्रावधान

| नेपाली कांग्रेस | नेकपा एमाले | |
|---|---|---|
| • आधारभूत र माध्यमिक शिक्षामा प्रत्येक गाउँ र नगरपालिकामा माध्यमिक तहसम्म पूर्ण निःशुल्क, अनिवार्य र सर्वसुलभ उपलब्ध गराइने ।<br>• दक्ष, उद्यमशील र सुसंस्कृत नागरिक उत्पादन गर्न सक्षम शिक्षा प्रणालीको विकास, युवा विद्यार्थी, विद्यालय र बैंकिङ्ग एवं व्यावसायिक प्रतिष्ठानलाई<br>• संलग्न गरी युवा रोजगारी प्रोत्साहित गरिने, विकटमा आवासीय विद्यालयहरू निर्माण गरिने ।<br>• निजी क्षेत्रलाई रोजगारमुखी प्राविधिक शिक्षालय खोल्न प्रोत्साहन गरिने, 'एक विपन्न परिवारः सीप सिकाइ केन्द्रमा एक निःशुल्क अवसर' कार्यक्रम लागु गरिने ।<br>• माध्यमिक शिक्षाको राष्ट्रिय मानक निर्धारण र विकासका लागि संघीय शिक्षा आयोग गठन गरिने, पुराना स्थायी शिक्षकहरूलाई स्वेच्छिक अवकाशको व्यवस्था गरी नयाँ शिक्षक भर्नाद्वारा शिक्षक रूपान्तरणको योजना लागु गरिने ।<br>• शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षाको पूर्ण प्रत्याभूति गरिने ।<br>• निजी क्षेत्रका विद्यालयलाई भौचर कार्यक्रम लगायतका सामाजिक उत्तरदायित्व वहन गर्न प्रेरित गरिने ।<br>• विद्यालयहरूमा पुस्तकालय, इन्टरनेट, प्रयोगशालाको प्रबन्ध गरिने ।<br>• सबै गाउँपालिका र नगरपालिकामा वाइफाइ इन्टरनेट र आधुनिक पुस्तकालय सहितको एउटा सामुदायिक स्रोतकेन्द्र बनाइने ।<br>• 'एक टोल-एक शिशु विकास केन्द्र' कार्यक्रम सञ्चालन गरिने । | • व्यावसायिक र प्राविधिक विषयमा आधारित शैक्षिक नीतिमा जोड दिने ।<br>• माध्यमिक शिक्षा निःशुल्क र अनिवार्य गर्नुका साथै अत्यधिक शैक्षिक बेरोजगार हुने हालको शिक्षा नीति परिवर्तन गरिने ।<br>• कुल बजेटको न्यूनतम २० प्रतिशत शिक्षामा लगानी गर्ने, विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई अनिवार्य गर्ने, ई-लाइब्रेरी स्थापना गर्ने ।<br>• संविधानले तोकेबमोजित माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहहरूलाई सक्षम तुल्याइने ।<br>• केन्द्रीय शिक्षा नीति एवं मापदण्डको अधीनमा रही आवश्यकता अनुसार नीति, नियमावली र निर्देशिका बनाउन स्थानीय सरकारलाई आवश्यक प्राविधिक सहयोग गरिने, स्थानीय तहहरू साधन-स्रोत सम्पन्न नहुञ्जेलसम्मका लागि स्थानीय तहको शिक्षा र स्वास्थ्यमा केन्द्रले लगानी गर्ने ।<br>• दश वर्षभित्र ९५ प्रतिशत युवा जनशक्ति शिक्षित गराइने, दुर्गममा आवासीय विद्यालय सञ्चालन गर्ने ।<br>• निजी र सामुदायिक विद्यालयबीचको दूरी कम गर्ने, पाठ्यसामग्रीमा एकरूपता कायम गरिने ।<br>• कक्षा ३सम्म मातृभाषामा पढाउने ।<br>• शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइने ।<br>• क्षेत्रगत स्रोत कक्षा, वैकल्पिक कक्षा र ग्रामीण परिवेशमा आधारित प्रविधियुक्त शिक्षाको व्यवस्था गरिने ।<br>• उत्कृष्ट विद्यार्थीलाई शिक्षण पेशाप्रति आकर्षित गराइने । | |

| | नेकपा माओवादी केन्द्र | राष्ट्रिय प्रजातन्त्र पार्टी | नयाँ शक्ति पार्टी |
|---|---|---|---|
| | • माध्यमिक शिक्षाको तहलाई अनिवार्य र निःशुल्क बनाउने । <br>• राज्यद्वारा नै अनिवार्य, निःशुल्क, गुणस्तरीय, रोजगारमूलक, व्यावहारिक र सर्वसुलभ सार्वजनिक शिक्षा दिने व्यवस्था गरिने । <br>• कक्षा १२ सम्म अनिवार्य शिक्षा दिने र आवासीय शिक्षाको व्यवस्था गरिने, <br>• बहुप्राविधिक शिक्षालयहरूको स्थापना र विस्तारमा जोड दिइने । <br>• व्यावसायिक, सर्वसुलभ र अनिवार्य शिक्षालाई जोड दिने । <br>• प्रत्येक प्रदेशमा भौगोलिक र सांस्कृतिक महत्त्वका आधारमा बहुप्राविधिक विश्वविद्यालय स्थापना गर्ने । | • कूल बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रका लागि विनियोजन गरिने, <br>• अनुदान प्राप्त गर्ने विद्यालयहरूमा माध्यमिक तहसम्मको पढाइ निःशुल्क गरिने । <br>• घोषणापत्रमा सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विशेष कार्ययोजना सञ्चालन गरिने । <br>• अंग्रेजी, गणित र विज्ञानका शिक्षकहरूको दक्षता वृद्धिमा जोड दिइने । <br>• शैक्षिक क्षेत्रमा व्याप्त राजनीतिकरण अन्त्य गरिने । <br>• शिक्षकहरूलाई राजनीतिक पार्टीको सदस्य बन्न नपाइने व्यवस्था गरिने । <br>• हरेक वर्ष छात्रवृत्ति प्रदान गरी गाउँ/नगरका जेहेन्दार विद्यार्थीमध्येबाट एकजना डाक्टर र एकजना इञ्जिनियरलाई पढ्न पठाइने, <br>• सार्वजनिक र निजी विद्यालयमा प्रयोग हुने पाठ्य-सामग्रीमा देखिएका भिन्नतालाई एकरूपता कायम गरिने । <br>• रोजगारी र उद्यमशीलताको लागि शिक्षा भन्ने मान्यताअनुरुप शिक्षा विकास र बिस्तार गरिने । <br>• विद्यालयको पाठ्यक्रमले स्थानीय उत्पादन, श्रम एवं स्थानीय अर्थतन्त्र, रोजगारमूलक व्यावसायिक शिक्षालाई जोड दिइने । <br>• उत्कृष्ट विद्यार्थीलाई शिक्षण पेशाप्रति आकर्षित गर्ने । <br>• शिक्षामा राजनीतिक हस्तक्षेप पूर्ण बन्द गरी शैक्षिक क्षेत्रलाई 'राजनीतिक हस्तक्षेप मुक्त' बनाउँदै शान्तिक्षेत्र बनाइने । | • सरकारी तथा सार्वजनिक विद्यालय उच्चमाध्यमिक तहसम्म शिक्षा निःशुल्क गरिने । <br>• महिला, दलित, अपाङ्गता भएकाहरू, यौनिक तथा लैंगिक अल्पसंख्यक, दूर्गम क्षेत्रका जनतालाई भने स्नातक तहसम्मको शिक्षा निःशुल्क गरिने । <br>• दक्ष जनशक्ति आर्थिक विकास र समृद्धिको आधारतत्व भएकाले नेपालको लामो समयदेखि थला पर्दै गएको शिक्षा प्रणालीलाई जगैदेखि रूपान्तरण गर्न उच्च प्राथमिकता दिइने । <br>• शिक्षा क्षेत्रमा व्याप्त दलीयकरण र व्यापारीकरणलाई कडाइपूर्वक अन्त्य गरिने । <br>• शिक्षा क्षेत्रको समयानुकूल सुधारका निम्ति रणनीतिक कार्ययोजना बनाई लागु गरिने । <br>• उच्चमाध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण दायित्व राज्यले बहन गर्ने । <br>• वार्षिक बजेटको २०% शिक्षामा लगाइने । |

***साभारः आजको शिक्षा वर्ष १० अङ्क १५ सोमबार, १ जेठ, २०७४, 15 May 2017, Mo***

## घ. स्थानीय सरकारद्वारा शिक्षा व्यवस्थापन: सवाल र दृष्टिकोणहरू

(एक अन्तर्क्रिया छलफलको निचोड; पूर्णविवरण सन्दर्भ पुस्तक ३का रूपमा सङ्कलित छ ।)

**मुख्य सवालहरू**

- संविधानले आधारभूत तह र माध्यमिक तह स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राखेको छ। सबै पक्ष (शिक्षक नियुक्ति र व्यवस्थापन, पाठ्यक्रम, विद्यालय व्यवस्थापन) स्थानीय सरकारले गर्ने हो ? कसको उत्तरदायित्व कति ?
- अनिवार्य निःशुल्क आधारभूत तह कार्यान्वयन कसरी ? आर्थिक व्यवस्थापन र स्रोत जुटाउन कुन तहको जिम्मा के कति ? अहिलेको सरकारले सामुदायिक विद्यालयलाई दिएको अनुदान स्वीकार्य गुणस्तरका लागि पर्याप्त छैन ।
- स्थानीय सरकारको अधिकार क्षेत्रका सन्दर्भमा संस्थागत (निजी) विद्यालय व्यवस्थापन कसरी ? स्थानीय सरकारले जतातत‍ै स्वीकृति दिएमा दिँदै नदिएमा के होला ?
- सञ्चालनको खाका स्पष्ट नभएकाले संक्रमण काल अझै लामो हुने स्थिति देखिन्छ, त्यतिञ्जेल विद्यालयहरू के गर्ने ?

**छलफलमा सहमति रहेका मुख्य विषयहरू**

- ✓ राजनीतिक तहमा स्थानीय तहले गर्न सक्छ भन्ने सहमति भइसक्यो, प्राज्ञिक, प्रशासनिक तहमा मात्र विश्वासको समस्या रहेको हो ।
- ✓ विद्यालय सेवा क्षेत्रको जोनिङ र नक्साङ्कन स्वतन्त्र र वस्तुवादी (दलीयकरण नगरी, निजीबाट प्रभावित नभई) दृष्टिले गर्ने स्थानीय सरकारको महत्त्वपूर्ण जिम्मा हो । यसले धेरै विगारहरूको उपचार गर्छ ।
- ✓ पाठ्यक्रमको अन्तर्वस्तु आधा जति सङ्घीय सरकारले, एक एक चौथाइ जति प्रान्त र स्थानीय सरकारले निर्धारित गर्नु वाञ्छनीय । पाठ्यपुस्तक वितरण स्थानीय सरकारकै जिम्मा हुनुपर्छ ।
- ✓ खर्च व्यवस्थापनका लागि स्थानीय सरकारलाई कर असुली अधिकार दिन

सकिन्छ जसले कर लिन्छ उसैले खर्च व्यहोर्नु पर्छ ।

✓ शिक्षा अप्रतिस्पर्धी सार्वजनिक वस्तु हो । नागरिक 'शिक्षा सेवा'का उपभोक्ता मात्र होइनन् यद्यपि, हाम्रो व्यवहारले शिक्षालाई नागरिक र राज्यको मिश्रित लगानीको विषय बनाएको छ ।

✓ जुनसुकै हिसाबले भए पनि विद्यालयहरू, शिक्षक, विव्यस सबै दलीय राजनीतिबाट मुक्त गर्नुपर्‍यो । हाम्रो व्यवहार आजको भोलि नै परिवर्तित हुनेवाला छैन ।

**छलफलमा आशक्ता, दुविधा या अस्पष्टता रहेका विषयहरू**

? स्थानीय सरकारले अहिलेको अवस्थामा विद्यालय तहको व्यवस्थापन गर्न सक्छ ? कसरी सुनिश्चित गर्ने ?

? शिक्षकको नेतृत्वदायी भूमिका रहने गरी योग्यता अरू तहबाट भए पनि नियुक्ति स्थानीय सरकारले नै ?

? नयाँ संरचनामा आर्थिक दायित्व कति बढ्छ ?

? विद्यालय चलाउने विव्यस कि स्थानीय सरकार ? हरेक विद्यालयमा विव्यस चाहिन्छ ?

? पठन-पाठनको माध्यम स्थानीय, नेपाली वा अंग्रेजी के हुने ?

? पाठ्यक्रम स्थानीय बनाएर स्थानीयलाई स्वस्थानमै डल्याउने ?

***अन्तर्क्रियाको मस्यौदा सारांशबाट (पुस्तक शृङ्खला ३मा विस्तृत रूप सङ्कलित)***

## ङ. शिक्षक महासंघको दृष्टिकोण

- सर्वाधिक योग्य युवा उम्मेद्वारहरू शिक्षण पेशामा भित्र्याउनु पर्दछ। त्यसका लागि संवैधानिक शिक्षक सेवा आयोग चाहिन्छ। लोकसेवा आयोगको अंग बनाएर भए पनि कम्तीमा प्रदेश स्तरमा शिक्षक सेवा आयोग रहनुपर्दछ।
- अहिले भएका करीब १०७,००० साविकका दरबन्दीमा रहेका शिक्षकहरू मध्ये स्थायी हुन बाँकी करीब २७,००० अस्थायी शिक्षकहरू विद्यमान प्रबन्ध अनुसार नै स्थायी गर्नुपर्दछ।
- मूलतः विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्नुपर्दछ। यो ऐनमा भने जस्तो जिल्लाभित्र मात्र हैन, देशव्यापी रूपमा गरिनुपर्दछ। 'जहाँ विद्यार्थी-त्यहाँ शिक्षक'को अभियान सञ्चालन गरिनुपर्दछ। यसो गरी शिक्षकहरूलाई विकट क्षेत्रमा पठाउँदा उत्साहबर्द्धक सुविधाको प्रबन्ध गरिनुपर्दछ।
- शिक्षक दरबन्दी थप गरिनुपर्दछ। प्राथमिक तहमा दरबन्दी बढी भएको हो भने योग्यता पुगेका शिक्षकहरूलाई उपल्लो तहमा तहगत बढूवा गरिनुपर्दछ। संविधान प्रदत्त निःशुल्क विद्यालय शिक्षा सम्भव तुल्याउन दरबन्दी बढाउनुपर्दछ, अर्थात शिक्षामा लगानी बढाउनुपर्दछ।
- मूलतः विव्यसले छानेको र गरेको निर्णय कार्यान्वयन मात्र गर्ने वर्तमान व्यवस्थापक प्रधानाध्यापकको चालू व्यवस्था बेठिक भयो, बढी जवाफदेही, जिम्मेवारी र नेतृत्व कौशल भएको प्रधानाध्यापकको व्यवस्था गरौं, त्यो दिशामा अहिलेबाट नै केही न केही शुरूवात गर्नुपर्छ।
- राहतमा रहेका ३८,००० शिक्षकहरूलाई दरबन्दीमा कायम गरी स्थायी प्रक्रियामा लैजानुपर्दछ। ३० हजार प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरूलाई शिक्षा ऐन (आठौं) र विद्यालय विकास कार्यक्रमले भने अनुसार नै शिक्षक दरबन्दीमा कायम गर्नुपर्दछ, उमाविका शिक्षकहरू, विद्यालय कर्मचारीहरूलाई दरबन्दीमा रूपान्तर गरी क्रमशः स्थायी गर्दै जानुपर्दछ। हाम्रो अर्थमा स्थायी भन्नाले पेशागत विकासको अवसर, प्रोत्साहनको र संरक्षणको प्रावधान भएको शिक्षक कर्मचारी भनिएको हो।

- शिक्षा क्षेत्र सुधार कार्यक्रम (२००९-२०१३)मा उल्लेखित शिक्षक परिषद (Teachers' Council)लाई शिक्षकको अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न गराउनुपर्दछ।
- सबै तहका सरकारहरूसँग शिक्षक समस्या समाधान गर्न नीति-निर्माण र शिक्षा विकासको बारेमा सहकार्य गर्नको लागि नेपाल शिक्षक महासंघ मार्फत सामाजिक संवाद शुरू गरिनुपर्दछ।
- हरेक तहको सरकारले शिक्षामा बजेटको कम्तीमा २० प्रतिशत रकम छुट्ट्याउनुपर्दछ।
- संघीयतामा शिक्षकको व्यवस्थापनको मामिलामा तत्काल छलफल शुरू गर्नुपर्दछ।

**थप प्रस्तावहरू, सुझावहरू**

क) संघीयतामा शिक्षा र शिक्षक व्यवस्थापनको अवधारणा र रणनीतिक कार्ययोजना निर्माण गर्न शिक्षा मन्त्रालयले तत्काल नेपाल शिक्षक महासंघसँग छलफल शुरू गर्नुपर्दछ। यसरी शुरुवात हुने छलफललाई संविधान अनुसारको शिक्षालाई सबै नागरिकहरूको मौलिक अधिकार, शिक्षाको स्तरोन्नती, शिक्षामा राज्यको दायित्व, स्थानीय तहमा शिक्षाको व्यवस्थापन, शिक्षकको तयारी नियुक्ति, विकास र शिक्षक महासंघको भावी भूमिकाको बारेमा केन्द्रित गरिनुपर्दछ।

ख) नेपाल सरकार र शिक्षक समुदायबीच विगतमा पटक पटक भएका सहमतिहरू र सोमा आधारित भई विगतमा शिक्षा नीतिमा समावेश गरिएका सुधार प्रयत्नहरूलाई प्रभावकारी र द्रुत गतिमा कार्यान्वयन गरी बाँकी रहेका समस्याहरू समाधान गर्ने ढाँचा तयार गरिनुपर्दछ। भविष्यमा राज्यको पुनर्संरचना हुँदा उपरोक्त प्रबन्ध र शिक्षाको बारेमा सरकारद्वारा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा भए/गरेका प्रतिबद्धताहरूको दायित्व यथोचित रूपमा प्रदेश र स्थानीय तहहरूमा सार्नुपर्नेछ।

ग) शिक्षण पेशा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्र, प्रवेश परीक्षा आदिको लागि संघीय मापदण्ड निर्माण गरी शिक्षक सेवा आयोगले नै प्रादेशिक अंगबाट शिक्षक छनौट गर्न सकिन्छ।

तत्काल आवश्यक पर्ने अस्थायी शिक्षक र राहत दरबन्दी रहेसम्म भर्तीको लागि स्थानीय तहमा नै निष्पक्ष, विज्ञहरूको टिमले सिफारिस गर्ने प्रावधान बनाउनुपर्दछ । शिक्षण अनुमतिपत्र शिक्षक परिषद वा शिक्षक तयार गर्ने प्रतिष्ठानहरूबाट गर्दा पनि हुन्छ ।

घ) हाल भइरहेको शिक्षक तयारी पाठ्यक्रम (कोर्श)हरूको सुधार गरी प्रदेश विश्वविद्यालयहरूमा नयाँ पाठ्यक्रमहरूमा आधारित शिक्षक तयारी कक्षाहरू सञ्चालन गरिनुपर्दछ । चालू अभ्यास शिक्षण कार्यक्रमलाई थप फराकिलो र व्यापक बनाइनुपर्दछ । हालको शैक्षिक जनशक्ति विकास केन्द्रले चलाएका निरन्तर पेशागत विकासको पाठ्यक्रम (कोर्श)हरूलाई प्रदेश स्तरका विश्वविद्यालयहरूसँग जोड्नुपर्दछ । विज्ञ, विशेषज्ञहरूको रोस्टर बनाउँदा खुल्ला, प्रतिस्पर्धात्मक बनाउनुपर्दछ, अभ्यासरतहरूलाई भित्र्याउनुपर्दछ ।

ङ) हाल कार्यरत शिक्षकहरूलाई स्थानीय तहको सरकारको मातहतमा व्यवस्थापन गर्नुअघि नै सम्पूर्ण साविकको दरबन्दीहरूमा विद्यमान नीति निर्णयहरू बमोजिम नै शिक्षकहरू स्थायी गर्नु सान्दर्भिक हुनेछ । साविकको दरबन्दीमा रहेका र स्थायी शिक्षकहरूलाई नयाँ व्यवस्थापनमा लानुअघि प्रोत्साहनको विकल्प सहितको प्याकेज उपलब्ध गराउनु उपयुक्त हुनेछ ।

च) दुर्गम क्षेत्र, पिछडिएको क्षेत्रमा शिक्षकको आकर्षण बढाउन यथेष्ठ वित्तीय र गैरवित्तीय अवसरहरू उपलब्ध गराउनुपर्दछ ।

छ) शिक्षकहरूको सेवा सुविधा, प्रोत्साहन, सामाजिक सुरक्षा आदिको बारेमा न्यूनतम मापदण्ड संघीय सरकारले निर्धारण गर्नुपर्छ, प्रदेश र स्थानीय सरकारले आफ्नो आर्थिक विशिष्टताको आधारमा थप प्रोत्साहित गर्नुपर्नेछ ।

***साभारः लक्ष्मण शर्मा***

अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन

## च. विव्यस⁄अभिभावकका सङ्गठनका भनाइ

### १. परिभाषा

सार्वजनिक शिक्षा भन्नाले नागरिकहरूको नैसर्गिक हक वा अधिकार भन्ने बुझ्नु पर्दछ। सामुदायिक विद्यालय भन्नाले आम नागरिकका छोराछोरी पढ्ने समुदाय र राज्यको साझेदारितामा सञ्चालित शैक्षिक संस्था हो भन्ने बुझ्नु पर्दछ।

अभिभावक भन्नाले विद्यालय पढ्ने बालबालिकाको हजुरबुबा, हजुरआमा बाबु र आमा हुन् भन्ने बुझ्नु पर्दछ। शिक्षक भन्नाले विद्यार्थीलाई शिक्षण गर्ने पेशामा जिम्मेवारी प्राप्त शिक्षा सेवक हुन् भन्ने बुझ्नु पर्दछ। विद्यार्थी भन्नाले शिक्षा उपभोक्ता हुन् भन्ने बुझ्नु पर्दछ। विद्यालय व्यवस्थापन समिति भन्नाले आम अभिभावकका प्रतिनिधि हुन् भन्ने बुझ्नु पर्दछ।

### २. विद्यालयसँग सरोकार राख्ने मुख्य पक्ष

एउटा सामुदायिक विद्यालय निरन्तर चलाई राख्न देहाय बमोजिमका सरोकार राख्ने पक्ष रहेका छन् जसको वरिपरि विद्यालयको प्रत्यक्ष वा परोक्ष सम्बन्ध हुन्छ।

२.१. स्थानीय सरकार

- स्थानीय सरकार स्थानीय जनता र अभिभावकहरूका जिम्मेवार प्रतिनिधिमूलक संस्था हो, यसले स्थानीय तहका जनताका आधारभूत अधिकार उपभोग गराउन सहजीकरण गर्दछ, यो निकाय स्थानीय जनताप्रति सदा उत्तरदायी र जवाफदेही हुनै पर्दछ।
- स्थानीय सरकार आफ्नो भूगोलका अभिभावक र विद्यार्थीका शैक्षिक अधिकार स्थापित गराउन सहयोगी र सेवक हुँदै जानु पर्दछ।

२.२. अभिभावक

- अभिभावक सामुदायिक विद्यालय सेवा क्षेत्रमा बसोवास गर्दछन्। यी अभिभावक सामुदायिक विद्यालयका शिक्षाका उपभोक्ता हुन्। यिनैका छोराछोरी पढ्ने निकायको रूपमा सामुदायिक विद्यालय खुलेका छन्।
- मुलुकभरका करीब ३० हजार सामुदायिक विद्यालयमा करीब ६० लाख बालबालिका सामुदायिक विद्यालयमै पढ्छन्। तिनका हजुरबाबाबा, हजुरआमा र बाबुआमा अभिभावक हुन्।

यी अभिभावक गणना गर्दा करीब २ करोड ४० लाख हुन्छन् । यी सबै सामुदायिक विद्यालयका प्रत्यक्ष उपभोक्ता हुन् ।

२.३. विद्यालय व्यवस्थापन समिति

- विद्यालय व्यवस्थापन समिति : विद्यालय सेवा क्षेत्रका आम अभिभावकहरूका प्रतिनिधिहरू हुन् । उनीहरू अभिभावकप्रति जिम्मेवार, आम बालबालिकाको गुणस्तरीय शिक्षा र सिकाइका लागि व्यवस्थापकीय भूमिका खेल्ने अधिकार प्राप्त वैधानिक र जिम्मेवार एकाइ हो ।
- विद्यालय व्यवस्थापन समितिको संरचना २०२८ साल अगाडि र हालसम्म निरन्तर समुदायको छनौटमा विद्यालय सञ्चालन र व्यवस्थापन गर्ने गरी सयौं वर्ष लामो ऐतिहासिक जिम्मेवारी निर्वाह गर्दै आएका छन् । यिनले विद्यालय सञ्चालन र व्यवस्थापनका लागि विद्यालय स्थापना गर्ने, विद्यालय स्थापनाको लागि जग्गा प्रबन्ध गर्ने, विद्यालयको भवन निर्माणका लागि आर्थिक संकलन र आर्थिक सहयोग गर्ने, भवन निर्माण गर्ने, विद्यार्थी भर्ना गर्ने, विद्यालयको रेखदेख गर्ने र संरक्षण गर्ने, शिक्षक दरबन्दी माग गर्ने, जिल्ला शिक्षा कार्यालयसँग समन्वय गर्ने, निजी शिक्षकको नियुक्ति र परिचालन गर्ने जस्ता मुख्य जिम्मेवारी निर्वाह गर्दै आइरहेका छन् ।
- विव्यसहरू स्वयंसेवी रूपमा खटिएका छन् । यदि आर्थिक योगदानका हिसाबले हेर्दा एकजना पदाधिकारीको न्यूनतम पारिश्रमिक प्रति विद्यालय मासिक ६ हजार ३ सयका दरले जम्मा हुँदा पनि वर्षमा ७५ हजार ६ सय योगदान गर्दछ भने ३ वर्षमा २ लाख २६ हजार ८ सय योगदान भएको देखिन्छ ।

२.४. संघीयतामा विद्यालय व्यवस्थापन समिति सम्बन्धी प्रस्तावित संरचना

- संघीयतामा विद्यालय सञ्चालन तथा व्यवस्थापनको कार्यढाँचा परिर्वतन गर्न अनिवार्य छ जसका लागि देहाय बमोजिको विद्यालय व्यवस्थापन समितिको संरचना प्रस्तावित गरिएको छ ।
- विव्यस स्वायत्त र जवाफदेही वैधानिक एकाइ हुनु पर्दछ । यसको

कार्यअवधि ५ वर्षको हुनु पर्दछ। विव्यसको छनौट हरेक ५ वर्षको अभिभावक अधिवेशनबाटै प्रजातान्त्रिक निर्वाचन प्रक्रियाबाट चयन हुने वैधानिक व्यवस्था हुनु पर्दछ।

- विद्यालय व्यवस्थापन समितिको संरचना : प्रारम्भिक तहमा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष र ४ जना सदस्य रहने छन् जसमध्ये २ जना शिक्षा प्रेमी, समाजसेवी र चन्दादाताबाट मनोनित सदस्य हुने व्यवस्था हुनु पर्दछ।
- त्यसै गरी माध्यमिक तहमा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष र ५ जना सदस्य गरी ९ जनाको विव्यस गठन गरिनु पर्दछ। यी ९ जनामध्ये ३ जना शिक्षा प्रेमी, समाजसेवी र चन्दादाताबाट मनोनित हुनु पर्दछ भने ४ जना पदाधिकारीमध्ये २ जना महिला अनिवार्य रहने व्यवस्था हुनु पर्दछ।

२.५. शिक्षक नियुक्ति र परिचालन सम्बन्धी व्यवस्था

सामुदायिक विद्यालयको सञ्चालन तथा व्यवस्थापनमा समुदायको स्वामित्व स्थापित गर्न शिक्षक नियुक्ति र परिचालन सम्बन्धी देहाय बमोजिमको वैधानिक व्यवस्था गरिनु पर्दछ :

- शिक्षकको योग्यता र तह निर्धारण शिक्षा आयोगबाट हुनु पर्दछ, शिक्षक नियुक्ति र परिचालन विद्यालय व्यस्थापन समितिले गर्नु पर्दछ।
- शिक्षक दरबन्दी एकै प्रकारको हुनुपर्दछ।
- शिक्षकको वार्षिक अनुगमन, सिकाइ उपलब्धिको आधारमा शिक्षक सरुवा र बढुवा विव्यसले नै गर्ने व्यवस्था हुनु पर्दछ।

२.६. प्रधानाध्यापक नियुक्ति र परिचालन सम्बन्धी व्यवस्था :

- प्रधानाध्यापकको योग्यता निर्धारण शिक्षा आयोगबाटै हुनु पर्दछ, प्रअ नियुक्ति र उसको कार्यविवरण विद्यालय व्यस्थापन समितिले तोक्नु पर्दछ र उसको कार्यविवरणको मूल्याङ्कन समेत विव्यसले गरी दण्ड र पुरस्कृत हुने व्यवस्था हुनु पर्दछ।

- प्रधानअध्यापक विद्यालय व्यवस्थापन समितिको मातहतमा परिचालन हुनु पर्दछ । प्रधानाध्यापक विद्यालय व्यवस्थापनप्रति उत्तरदायी र विद्यालयको दैनिक प्रशासकको रूपमा क्रियाशील हुनु पर्दछ ।

२.७. विद्यालय कर्मचारी नियुक्ति र परिचालन सम्बन्धी व्यवस्था :

- विद्यालयको लागि आधारभूत कर्मचारी आधारभूत तह र माध्यमिक तहमा छुट्टाछुट्टै आवश्यक पर्दछ, जसमा आधारभूत तहमा १ जना कार्यालय सहयोगीको दरबन्दी रहने व्यवस्था स्थानीय सरकारले गर्ने गरी न्यूनतम तलब र सुविधाको व्यवस्था गर्नु पर्दछ र अतिरिक्त कर्मचारी व्यवस्था गर्नु आवश्यक भएमा निजी स्रोतबाट र विद्यालय व्यवस्थापन समितिले नियुक्ति गर्ने गरी परिचालन गर्नुपर्दछ ।
- माध्यमिक तहको विद्यालयको लागि न्यूनतम २ जना कर्मचारीको व्यवस्था हुनु पर्दछ, जसमा (१ जना कार्यालय सहयोगी र १ जना लेखापाल) स्थानीय सरकारको कोषबाट तलब र सुविधा प्रबन्ध मिलाउनु पर्दछ । त्यस भन्दा अतिरिक्त कर्मचारी आवश्यक परेमा विद्यालय व्यवस्थापन समितिले निजी स्रोतबाट कर्मचारी नियुक्ति तथा परिचालन गर्न सक्ने व्यवस्था हुनु पर्दछ ।

### ३. शुल्क र कोष सम्बन्धी व्यवस्था :

- संवैधानिक व्यवस्था अनुसार आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने राज्यको जिम्मेवारी हो । तसर्थ केन्द्रीय तहको कार्यक्रमको बजेट स्थानीय सरकारलाई निकाशा गरिनु पर्दछ । स्थानीय सरकारले विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइ कार्यक्रम तर्जुमा गराउने र त्यसको नियन्त्रण र अनुगमन जिम्मेवारी स्थानीय सरकारले लिनु पर्दछ ।
- विद्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम् आर्थिक स्रोत जस्तै तलब भत्ता, परीक्षा शुल्क, पाठ्यपुस्तक, खेलकुद, पुस्तकालय, फर्निचर, प्रयोगशाला, मसलन्द र भवन राज्यको केन्द्र तहले व्यवस्था गर्नु पर्दछ तर अतिरिक्त कार्यक्रमका लीगग शुल्क निर्धारण विद्यालयले गर्नु पर्दछ ।

- सामुदायिक विद्यालयलाई सुधार गर्न राज्यले कम्तीमा कुल बजेटको २५% तय गर्ने व्यवस्था हुनु अनिवार्य छ। विद्यालय सञ्चालनका लागि सक्नेलाई शुल्क र नसक्नेलाई निःशुल्क गर्ने स्वायत्तता विव्यसलाई हुन पर्दछ।

**४. विद्यालय सुधार योजना**

- विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी वार्षिक योजना विद्यालय व्यस्थापन समितिले आफैले तर्जुमा गर्नु पर्दछ, योजना स्थानीय सरकारको वार्षिक योजनामा मूलप्रवाहीकरण गरिने प्रणाली कानूनमै तोकिनु पर्दछ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विद्यालयमा एकमुष्ट कार्यक्रम बनाई विद्यालयले नै कार्यान्वयन गर्ने र लेखा परीक्षण गराउने कानूनी व्यवस्था मिलाउनु पर्दछ।

**५. विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि**

- विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि हरेक ५ वर्षमा हुने अभिभावक अधिवेशनबाट तय गरिने व्यवस्था हुनु पर्दछ तर वार्षिक रूपमा विद्यालय योजना तर्जुमा विव्यसको बैठकले वार्षिक अभिभावक सम्मेलन गरी अनुमोदन गराई कार्यान्वयनमा ल्याइनु पर्दछ।
- विद्यालयको प्रशासनिक र आर्थिक नियमावली विद्यालयले बनाई कार्यान्वयनमा ल्याउने र स्थानीय सरकारमा अनुमोदन गराउने व्यवस्था मिलाउनु पर्दछ।

**६. विद्यालय व्यवस्थापन समितिको सचिवालय र कार्यालय**

- विद्यालय व्यवस्थापन समितिलाई संस्थागत र जिम्मेवार एकाइको रूपमा स्थापित गर्न, गराउन हरेक विद्यालयमा आ-आफ्नै सचिवालय वा कार्यालय स्थापना हुनु पर्दछ र उसले त्यहीँबाट शिक्षकको परिचालन, कार्ययोजना, प्रशासनिक काम, शैक्षिक परियोजना निर्माण, समन्वय तथा सञ्चार गर्ने प्रबन्ध मिलाउनु पर्दछ।

*सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल*

## छ. स्थानीय सरकारहरूले गरेका निर्णयहरू (उदाहरणका लागि)

**जाजरकोटको कुसे गाउँपालिका**ले पालिकाका विद्यालयमा काम गर्ने शिक्षक, कर्मचारी, विव्यस पदाधिकारीलाई आफ्ना केटाकेटी सामुदायिक विद्यालयमा नै पढाउन लगाउने निर्णय गरेको छ।

**सिन्धुपाल्चोकको जुगल गाउँपालिका**ले एक परामर्श सभा आयोजना गरी ऐन बनाएर गाउँ सभाद्वारा पारित गराएको छ। पूर्णविवरण सम्बन्धित गाउँपालिका र यसमा उल्लिखित ठेगानामा ईमेल मार्फत प्राप्त गर्न सकिने छ।

**हुप्सेकोट गाउँपालिका, नवलपरासीको निर्णय** : नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सोही अधिकार सुनिश्चित गर्न निम्नलिखित गाउँ तथा नगरपालिकाहरूले देहायका निर्णयहरू गरेका छन्। २०७४ श्रावण ११ गतेको भेलामा उपस्थित जनप्रतिनिधि, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, सूर्योदय शैक्षिक प्रतिष्ठान, स्टार टेलिभिजन, सार्क शिक्षक महासंघ र विज्ञहरू समक्ष उनीहरूको निर्णयहरू यस प्रकारका थिए :

| क्षेत्र | हुप्सेकोट गाउँपालिका नवलपरासीको निर्णयहरू |
|---|---|
| बालविकास कार्यक्रमको पहूँच सुनिश्चित गर्नका लागि | • प्रत्येक वडामा बाल उद्यान निर्माण गर्छौं।<br>• आमाबाबु, हजूरबा हजूरआमा एवं दिदी दाजुलाई बालविकासको महत्त्वबारे जानकारी दिन्छौं।<br>• आमा समूह परिचालन गरी आवश्यकता अनुसार गाउँपालिकाले थपी दिवा खाजाको व्यवस्था गर्छौं।<br>• दुर्गम वस्तीमा आवासीय स्वरुपको शिशुकक्षाको व्यवस्था गर्छौं।<br>• विद्यालयसँग समन्वय गरी बालविकास र स्कूलका कार्यक्रम जोड्ने प्रबन्ध मिलाउँछौं। |
| निःशुल्क तथा अनिवार्य शिक्षा लागु गर्नका लागि | • आधारभूत तहसम्म अनिवार्य रूपले बालबालिका भर्ना गर्ने काम शिक्षक मार्फत सुनिश्चित गर्छौं।<br>• निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्न गाउँपालिका स्तरमा छात्रवृत्ति कोष खडा गर्छौं। त्यसैबाट विद्यार्थी एवं अभिभावकलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाउँछौं।<br>• आफ्ना सन्ततीलाई विद्यालय नपढाउने बाबुआमालाई सरकारी सुविधाबाट वञ्चित गर्छौं।<br>• कमजोर आय भएका अभिभावकलाई गाउँपालिका स्तरमै छोराछोरी पढ्न पठाउने शर्तमा रोजगारी उपलब्ध गराउँछौं। |

| क्षेत्र | हुप्सेकोट गाउँपालिका नवलपरासीको निर्णयहरू |
|---|---|
| सबैलाई आजीवन शिक्षा सुनिश्चित गर्नका लागि | • शिक्षक, अभिभावक, युवा, महिला, प्रौढ आदिसँग छुट्टाछुट्टै संवाद गरी कुन-कुन समूहलाई के-कस्तो शिक्षा र शैक्षिक व्यवस्था जरुरी छ भनी पहिल्याउँछौं ।<br>• तदनुसार विभिन्न संघ/संस्थासँग सहकार्य गरी सिक्न चाहनेहरूको अभिरुची अनुसारका सामग्री उपलब्ध गराउँछौं ।<br>• उपलब्ध सामग्रीहरू एक अर्कामा आदानप्रदान गर्ने व्यवस्था मिलाउँछौं । |
| शिक्षालाई उत्पादनसँग जोड्नका लागि | • गाउँपालिकाभरिका युवाहरूको लगत तयार पार्छौं । उनीहरूको रुचीगत सीप समूह बनाउँछौं । स्थानीय र राष्ट्रिय शिल्पी वा तालिम प्रदायकसँग सहकार्य गरी रुची अनुसारको सीप र उद्यमीकरण तालिम दिन्छौं ।<br>• गाउँपालिकामा कम्तीमा एउटा प्राविधिक शिक्षालय खोल्न पहल गर्छौं ।<br>• सबै स्कूलका शिक्षक, विद्यार्थी एवं कर्मचारीमा श्रम गर्ने बानीको विकास गर्छौं । सोही श्रमबाट आर्थिक उपाजर्नन हुने ससाना कामहरू गर्छौं/गराउँछौं ।<br>• आफ्नै खेतबारीमा OJT गर्ने गरी शिक्षण प्रक्रियामा फेरबदल गर्छौं । यसरी काम र पढाइ जोड्छौं ।<br>• स्थानीय र बाहिरका विज्ञहरूको सुझाव संकलन गरी तदनुरुप काम गर्छौं ।<br>• उपलब्ध सामग्रीहरू एक अर्कामा आदानप्रदान गर्ने व्यवस्था मिलाउँछौं । |
| गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि | • घरघरमा कसका बालबालिका पढ्न आएनन् भनी पहिल्याउन र स्कूल ल्याउन कर्मचारी खटाउँछौं ।<br>• पोषण सहितको शिक्षा दिन गाउँपालिकामा स्थानीय कोष खडा गर्छौं ।<br>• स्कूलमा न्यूनतम भौतिक सुविधा उपलब्ध गराउँछौं ।<br>• नक्साङ्कन गरी विद्यालय मिलान गर्छौं । दरबन्दी मिलान गर्छौं । गाउँपालिकाभरि निश्चित शिक्षक विद्यार्थी अनुपात कायम गर्छौं ।<br>• गुणस्तरीय शिक्षाको लागि शिक्षकको प्रतिवद्धता सुनिश्चित गर्छौं ।<br>• बालबालिकाले भने गरेको कुराको लगत राखी शिक्षक एवं अभिभावकबाट अनुसन्धान गर्ने परिपाटी बसाल्छौं ।<br>• गाउँपालिकाको बजेटको कम्तीमा २०% शिक्षामा खर्च गर्ने व्यवस्था मिलाउँछौं ।<br>• सबै स्कूलमा कम्प्युटर उपलब्ध गराउँछौं ।<br>• शिक्षक, अभिभावक, व्यवस्थापन समिति, गाउँपालिकाबीच अन्तरसंवाद गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्न स्थानीय नीति बनाई लागु गर्छौं । |

| क्षेत्र | हुप्सेकोट गाउँपालिका नवलपरासीको निर्णयहरू |
|---|---|
| निजी, सरकारी, गुठी तथा धार्मिक स्कूलबीच सहकार्य गर्नका लागि | • गाउँपालिकाभित्रका शिक्षक, व्यवस्थापन समिति, अभिभावक, जनप्रतिनिधि, विद्यार्थीको संयुक्त टोली बनाई एकअर्काको विद्यालयको अवलोकन गर्छौं ।<br>• अवलोकन पश्चात् एकअर्का विद्यालयबाट सिकेका कुनकुन असल कुराहरू लागु गर्न गराउन सक्छौं भनी संवाद गर्छौं र तदनुसार कार्यक्रम लागु गर्छौं ।<br>• सबै स्कूलमा एकैखाले रुटिन र बिदा सुनिश्चित गर्दै विद्यालयलाई शान्ति क्षेत्र बनाउँछौं ।<br>• क्रमशः चारैथरिका विद्यालयमा साझा नीति एवं पाठ्यक्रम र शिक्षणशैली लागु गर्ने व्यवस्था मिलाउँछौं ।<br>• चारैथरि स्कूललाई एकअर्काका प्रतिशपर्धी र सहयोगी बनाउँनेछौं ।<br>• एकअर्का स्कूलबाट उत्तीर्ण गरेका विद्यार्थीहरूलाई विना भेदभाव भर्ना गर्ने व्यवस्था मिलाउँछौं । |
| मातृभाषामा शिक्षा दिनका लागि | • स्थानीय शिक्षक, अभिभावक, विज्ञ र विद्यार्थीको सहयोगमा गाउँपालिकामा भएका भाषाभाषी बालबालिकाका लागि एकल वा बहुभाषिक शैक्षिक सामग्री बनाउँछौं ।<br>• शिक्षकले अनिवार्य रूपमा विद्यार्थीको मातृभाषा सिक्नुपर्ने व्यवस्था मिलाउँछौं ।<br>• विद्यार्थीलाई एकअर्काको भाषा सिक्न प्रोत्साहित गर्छौं । |
| नियमित अनुगमन एवं मूल्याङ्कन गर्नका लागि | • जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक एवं विद्यार्थी सहितको टोली बनाई नियमित रूपमा विद्यालयको अनुगमन एवं मूल्याङ्कन गर्छौं ।<br>• अनुगमन एवं मूल्याङ्कनको नतिजा अनुसार शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, कर्मचारी, अभिभावक आदिलाई पुरष्कृत एवं दण्डित गर्ने व्यवस्था मिलाउँछौं । |
| शिक्षामा दलीयकरण अन्त्य गर्नका लागि | • विद्यालयमा कुनै पनि राजनीतिक दलको कार्यक्रम हुन दिन्नौं ।<br>• दलीय संगठनहरू खोल्न दिन्नौं । खोलेकालाई चल्न दिन्नौं ।<br>• दलीय झण्डा बोके बोकाएर शिक्षक, कर्मचारी, विद्यार्थी आदिले हिँड्न नपाउने व्यवस्था मिलाउँछौं । |

## ज. स्थानीय सरकार र शिक्षा सम्बन्धी प्रकाशित लेखहरू

# स्थानीय सरकारको विद्यालय शिक्षा कार्यसूची

**– टीका भट्टराई**

संविधानले विद्यालय शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ । २०३० को दशकमा शिक्षा राष्ट्रियकरण गरिएपछि समुदाय र व्यक्तिका विविध प्रयास केन्द्रीय सरकारी रूपमा ढालिए । यसका पाठ्यक्रमका राष्ट्रिय मानक, शिक्षकका योग्यता निर्धारणका दृष्टिले विद्यालयको विस्तारमा थुप्रै सकारात्मक प्रभाव छन्, तापनि जिम्मा सरकारले लिएर शिक्षकको तलब लिए पनि उसको त्यसमा अनुगमन र सहयोग पुगेन । समुदायले आफ्नो हक जताउने खासै आधार नभएको र राजनीतिक तुष्टीकरणको लहड र अन्तर्राष्ट्रिय लहैलहैमा विद्यालय शिक्षा निःशुल्क हुँदै गएपछि सामुदायिक नामको लेप लगाएका सरकारी विद्यालयहरू विद्यालय भवनमा सीमित हुँदै गएका हुन् । समुदायलाई विद्यालय जातको 'भालुको कम्पट' जिम्मा लगाएर भुल सुधार गर्ने प्रयत्नहरू भए । 'दलीय द्वन्द्व'को खिचमिच र शिक्षक र विद्यालय व्यवस्थापन बीचको हानथापमा विद्यालयहरू खस्कँदै गएर बाठाटाठा छिटा-छरिता अभिभावक निजी नामको रूख चढेर आफू बच्न पनि पाए । यही पृष्ठभूमिमा विश्वका अनुभव समेत ख्याल राखी विद्यालय शिक्षाको जिम्मा स्थानीय सरकारमा आएको हो ।

अझै व्यवस्थापन समिति र समग्र विद्यालयले स्रोत र अधिकार नपाउने तर दोष पाउने परिस्थिति स्थानीय सरकारले नपाउलान् भन्न सकिन्न । एकजना सेवा निवृत्ति उन्मुख सरकारी कर्मचारीले सार्वजनिक रूपमै भने, 'हामीले केन्द्रीय तहबाट खडा गरेका समस्या मात्र तल्लो तहमा फाल्दैछौं, अधिकार, स्रोत हाम्रै हातमा राखेर ।' सरकारी विद्यालयमा शिक्षक र मसलन्द लगायतका सामग्री सहित स्वीकार्य तहको बनाउन ३० देखि ५० प्रतिशत रकम अपुग भएको बताइन्छ । स्थानीय सरकारले आधारभूत तह निःशुल्क गर्दै कसरी स्रोत जुटाउँछन्, त्यो विचारणीय विषय छ । यद्यपि शिक्षाप्रति गम्भीर स्थानीय सरकारले यसको उपाय

निकाल्न अति गाह्रो भने छैन। ठूलो जोखिम के छ भने उम्मेदवारहरू आफ्नो भन्दा दलका अमूर्त सपनाका खुद्रा वितरक मात्र भएका छन् । चुनाव सकिँदै गरेका ठाउँमा एकाध बाहेक स्थानीय सरकारको खास स्थानीय कार्यसूची पनि छैन । यथार्थमा संविधान सङ्घीय भए पनि दलहरूले आफ्नो केन्द्रीय स्वरूप र मानसिकता छाडेका छैनन् । यद्यपि यो स्थानीय शासनको जश उनीहरूमै जान्छ। अझै पनि उम्मेदवारहरूको रवैया देख्दा ध्यान शिक्षा, कृषिजस्ता परिवर्तन या समृद्धिका आधारमा भन्दा पूर्वाधारमा अझ विद्यालयका सन्दर्भमा भन्दा 'बिल्डिङ, बेञ्च र छात्रवृत्ति'मै देखिन्छ। पद्धति र गुणस्तर वा विद्यालयका अदक्षतातर्फ कुरा उठान मात्र भएको पनि देखिन्न । शिक्षक पृष्ठभूमिबाट जितेका उम्मेदवारहरूले समेत 'विद्यालय या शिक्षा'को कुरा प्राथमिकतासाथ नउठाएका उदाहरण देखिन्छन् । यथार्थमा जनताले शिक्षक या विद्यालयको समितिमा रहँदा कार्य प्रदर्शन नगरेका उम्मेदवारहरूलाई मत नदिनुपर्ने हो ।

एकै किसिमका समस्या झेल्दाझेल्दै पनि विद्यालय विशेषका समस्या र अवसरहरू फरक छन् । फेरि पनि यस्ता समान कारण र अवसरको आँखाले स्थानीय विशेषताहरू नहेरिएला भन्ने डर छ। विद्यालयहरूको अवनतिका मुख्य कारकमा साझा स्थानीय र विद्यालय विशेष समस्या र अवसर छन्। सरकारले पहिले अपुग नै भए पनि जुत्ता किन्ने पैसा दियो । ठूलो-सानो, जाडो-गर्मी नछुट्ट्याई एउटै किसिमका जुत्ता किन्न भन्यो। अबको स्थानीय सरकार आफूलाई उपयुक्त जुत्ता किन्न सजग रहनुपर्‍यो। पैसा नपुगे थपेर बुट पनि किन्न सकिन्छ। हिउँदभरि चप्पल लगाउन पनि सकिन्छ, कम पैसाका। मुख्य कुरा जुत्ता लगाउनु या नलगाउनु होइन, खाली खुट्टा नहिँड्नु हो ।

सित्तै पाए मात्र आफ्ना छोराछोरीलाई शिक्षा दिन्छन् भन्ने अर्को झेल्नुपर्ने मिथक छ, जसले 'निःशुल्क शिक्षा'को नारा जन्मायो । के कस्तो वर्ग, दूरी र समस्यामा रहेका अभिभावकले आफ्ना केटाकेटी पैसा तिरेर निजी विद्यालय पढाउँदैछन् भन्ने गम्भीरतासाथ अवलोकन गर्‍यो भने उत्तर आइहाल्छ। सबैलाई निःशुल्क दिने नाराले विपन्नलाई स्तरीय शिक्षाबाट अझ वञ्चित गरायो। गोठ जस्तो विद्यालयमा गएको विद्यार्थीलाई गनेर पहुँच बढ्यो भन्नु पाखण्ड सिवाय केही होइन। स्थानीय सरकार यो पाखण्डबाट बच्नुपर्छ। हरेक विद्यालयमा शुरू कक्षामा भर्ना भएका कति आखिरी कक्षामा पुगे, त्यो हेरौं। अनि के गर्ने विचार

गरौं । जनता पैसा तिर्न सक्दैनन् भन्नेका पछाडि दाता र गैरसरकारी संस्थाको लर्को पनि ठूलै छ । तिनले समुदायलाई त केही गरेनन्, सामुदायिक विद्यालय कङ्गाल बनाउने अभियानमा सामेल हुने बाहेक । विद्यालय चलेकै छैन, उनको शिक्षा सफल कसरी हुन्छ ?

हुन त यो गैससले सरकारलाई सिकाए कि सरकारबाट सिके ? शिक्षक, व्यवस्थापन समिति हुँदै अब अभिभावक समेत आफ्नै केटाकेटीका शिक्षाबारे छलफल गर्न भत्ता नभई आउन गाह्रै मान्छन् । प्रत्यक्ष खर्च बेहोर्ने बाहेक भत्ता प्रतिबन्ध गरिए शिक्षक पनि अनावश्यक तालिममा जाँदैनन् । आफ्नो क्षेत्रमा काम गर्ने कर्मचारी, शिक्षक, पदाधिकारी, सबैलाई भत्ता लिन प्रतिबन्धित गरिए विद्यालय लगायतका थुप्रै अनियमितता नियन्त्रित हुन सक्छन् । यथार्थमा भत्ता स्रोतको अदक्ष उपयोग र तलबसँगै भत्ता लिइनु सफेद भ्रष्टाचार नै हो । आसे र भतुवा बानी कसरी विद्यालय मार्फत सम्बोधन गर्न सकिन्छ, अर्को छलफलको विषय हो । तर स्थानीय सरकारले यसलाई सम्बोधन गर्ने जमर्को गरे भने त्यो सबैका लागि हितकारी विषय हुनेछ, विशेषगरी विद्यालय शिक्षामा । यिनले आफ्नो क्षेत्रमा दिइने सरकारी, गैरसरकारी भत्ता नियमन गर्नुपर्छ ।

सामुदायिक विद्यालयहरूले विश्वास गुमाएका छन् । तिनीहरूको विश्वास फर्काउनु स्थानीय सरकारहरूको अभीष्ट हुनुपर्छ । ती विद्यालय सीमित व्यक्तिका जागिर खाने साधन मात्र रहिरहे भने त्यसको पापका भागिदार अब स्थानीय सरकार हुनेछन् । एक पटक एउटा शैक्षिक अभियानमा नेपालका केही शिक्षा अभियानकारीहरू रौतहटको चपुरदेखि गरुडासम्म 'म्याजिक'मा हुइँकिँदै थिए । अरू भन्दा विद्यालय पहिला देख्ने उनीहरूलाई हेक्का राख्न गह्रो परेन, निजी विद्यालयका टहरा थिए, विद्यार्थीको चहलपहल भएका, सरकारी विद्यालयका भवन थिए ठूला, पक्की थिए, तर विद्याथी विहीन । यसको मतलब के हो भने अबका अभिभावक जो स्थानीय वा जुनसुकै सरकारका मतदाता हुन्, ठूला भवनका पछि मात्र लाग्दैनन् ।

सर्वप्रथम स्थानीय सरकारले आफ्ना कार्यक्षेत्रको नक्सा बनाउन् र त्यसमा कति जनसंख्या र कति विद्यार्थी छन्, हेरुन् । कुन चाहिन्छ, कुन चाहिन्न राख्ने भन्ने आधार तयार गरुन् । कति विद्यार्थी छन् मात्र होइन, कुन विद्यालयले राम्रो कार्य प्रदर्शन गरेका छन् पनि हेरुन् । विद्यालयको स्तरोन्नति गराउने होड चलेको

छ । राम्रो ५ कक्षासम्मको विद्यालयलाई ५मै सीमित रहेर गुणस्तर वृद्धि गर्न प्रोत्साहन दिउन् । सबै विद्यालयको लक्ष्य कक्षोन्नति गरी १२ पुऱ्याउन जरूरी छैन । विद्यार्थीलाई अलिकति खुट्टाले हिँडेर बेफाइदा हुन्न । अनि सायद सबैभन्दा महत्त्वपूर्ण कुरा हरेक विद्यालयको तह अनुसारको सेवाक्षेत्र तोकेपछि सेवा क्षेत्रभित्रका नागरिकले त्यसैमा केटाकेटी पठाउँदा पुरस्कृत हुने र नपठाउँदा घाटा लाग्ने पद्धति बनाउन् । यो नै औद्योगिक देशले प्रचलनमा ल्याएको सम्भवतः सार्वजनिक विद्यालय शिक्षाको सफलता-असफलता निर्धारण गर्ने मूलकडी हो । स्थानीय शासन सञ्चालन विधेयकले स्थानीय सरकारलाई शिक्षा करको अधिकार दिएको देखिन्न । त्यो लिनुपर्छ, दिनुपर्छ । स्थानीय सरकारहरू आइरहेको तहको अनुदान कटौती नहुने कुराको प्रत्याभूति गर्न पनि चनाखो रहनुपर्छ । स्वीकार्य तहमा शिक्षक र खर्च हुने शैक्षिक सामग्री धान्न विद्यालयहरूलाई थप स्रोतको आवश्यकता छ । यथार्थमा विशेषगरी प्राथमिक तहका शिक्षकहरूले अपेक्षित गुणस्तर प्रदान गरेमा उनीहरूको वर्तमान वेतन कम पनि हुन्छ । शिक्षकको नियुक्ति कथंकदाचित् केन्द्रमा नै रहनगयो भने पनि केन्द्रमा नियुक्ति पाएको शिक्षक भन्दा स्थानीय तहमा नियुक्ति पाउने शिक्षकको वेतन कम हुनु कुनै जरूरी छैन ।

गुणस्तर हेर्ने हो भने हालको आधाघन्टे शिक्षणबाट खास परिणाम निस्कन गाह्रै छ । स्थानीय सरकार ढिलो या चाँडो ग्रेड टिचिङ प्रणालीमा जानुको विकल्प देखिँदैन । यसो गर्न थप स्रोतको जरूरी हुन्छ । भौतिक संरचनामा खर्च गर्न तीनपटक सोच्नुस्, शिक्षकमा लगानी गर्न दुईपटक मात्रै । शुल्क र स्वामित्व विद्यालय सुधारका महत्त्वपूर्ण पाटा हुन् । आठौं संशोधनपछि शिक्षा ऐनले अभिभावकबाट सहयोग लिनसक्ने व्यवस्था छ, अब नसक्नेलाई मात्र निःशुल्कको नीति बनाउनु जरूरी छ । मोटामोटी रूपमा विद्यालयमा एक चौथाइदेखि एक तिहाइसम्म मात्र अभिभावकहरू शुल्क तिर्न नसक्ने देखिएका छन् । ठाउँ अनुसार यसमा मात्रात्मक फरक हुनसक्छ ।

अझै विना शुल्क नै शिक्षामा रूपान्तरण ल्याउन सकिने महत्त्वपूर्ण पाटो छ । त्यो हो, परीक्षा प्रणाली र प्रश्नमा सुधार ! प्रश्नलाई केही मौखिक र प्रयोगात्मक बनाइए घोकन्ते प्रणाली निकै कम गर्छ । अझ त्यसमाथि प्रश्नहरू पाठ सम्झने मात्र भन्दा विचार गर्नुपर्ने बनाइएमा शिक्षाको गुणस्तरमा कायापलट हुन्छ । उदाहरणका लागि कक्षा ३को पुरानो सामाजिक शिक्षा पुस्तकमा लखन

चौधरी भन्ने पाठ थियो (अहिले यस्तै अर्को छ) । त्यसमा उसको जीवनी छ । ऊ काल्पनिक पात्र हो । परीक्षामा लखन चौधरी कहाँ बस्थ्यो ? उसको बाबुको नाम के हो ? जस्ता प्रश्न सोधिएको देख्छु । उसको दिनचर्या पढेर आफ्नो वा आफ्नो साथीको थात-ठेगाना लेख भन्यो भने विद्यार्थी आफ्नाबारे लेख्न विचार गर्न सक्ने भइहाल्छ । स्थानीय सरकारले परीक्षाको नीति बनाउन सक्छ । बेलाबेला स्थानीय वा प्रान्तीय सरकारबीच समकक्षता कसरी भन्ने प्रश्न पनि उठ्ने गर्छ । त्यो कार्यशीलता विना काम नगर्न निकालिने निहुँ हो । लखन चौधरीबारे पढेर आफ्नो जीवनबारे लेख्न सक्ने विद्यार्थीले फेरि लखन थापाकै दिनचर्या पनि पर्‍यो भने ओकल्न सक्छ । विभिन्न देशका बीच त समकक्षता हुनसक्छ भने त्यति नजिकै रहेका दुई एकाइहरूको समकक्षता निर्धारण गर्नु ठूलो चुनौती होइन । अझ पढाइलाई उपाधि भन्दा सिकाइका दृष्टिले हेरियो भने त यो सवाल पनि हराउँछ । आखिर आजकल एकबाट अर्को स्कूलमा भर्ना हुन समेत प्रवेश परीक्षा चाहिन्छ । त्यसो हुँदा अङ्कको पीर पनि कत्ति परेन । पढेको प्रमाणपत्र देखाएका भरमा त आजकल विरलै काम पाइएला ।

धेरैको डर के छ भने केन्द्रीय नियन्त्रण पनि हट्ने अनि स्थानीय सरकारले बन्दोबस्त पनि गर्न नसक्ने अवस्था आउन सक्छ । एउटा व्यक्ति लागेर कति निजी विद्यालयले आफ्नो साम्राज्य नै खडा गरे भने यत्रो राज्यसंयन्त्र लाग्दा धेरै भएको छ भन्न मिल्ने ठाउँ छैन । यहाँभन्दा धेरै सायद बिग्रने ठाउँ पनि छैन । तसर्थ स्थानीय सरकार आफ्ना अनुकूल नीति-नियम बनाएर अगाडि जानुपर्छ । पहिलो बोली बोल्नुको धेरै महत्त्व छ । स्थानीय सरकारलाई यो कबुलियत प्रमाणित गर्ने अवसर पनि हो । बरु धेरैले आफू अनुकूलका नीति-नियम बनाएर आफ्ना अधिकारहरू सीमित हुनसक्ने जोखिम घटाउनुपर्छ । कामचलाउ सरकारका शिक्षामन्त्री धनीराम पौडेलले एक गम्भीर वाक्य बारबार बोले : 'स्थानीय सरकारले गर्न सक्छन् भन्ने राजनीतिक तहमा सहमति भएर संविधानमा विद्यालय शिक्षा स्थानीय अधिकारमा राखिएको हो । वर्तमान अविश्वास बौद्धिक र प्रशासनिक मात्र हो ।' स्थानीय सरकारहरू काविल होऔं, चुनिएका एवं चुनिनेवालाहरू सबै !

(जेष्ठ २३, २०७४ मा *कान्तिपुर* दैनिकमा प्रकाशित)

# सामुदायिक शिक्षा सुधार्ने अभिभारा

**– राजेन्द्रध्वज जोशी**

नेपालमा विद्यालय शिक्षाको मेरुदण्डको रूपमा रहेको सामुदायिक विद्यालयहरू समस्याग्रस्त छन् । विद्यार्थीको सिकाइ उपलब्धिको मूल्यांकन अनुसार कक्षा ३ का १९ प्रतिशत विद्यार्थीले नेपालीमा एक शब्द पनि ठीक तरीकाले पढ्न सक्दैनन् ।

सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक नहुनाको प्रमुख कारण शासकीय तथा व्यवस्थापकीय संरचनाको कमजोरी हो । शिक्षक बढी भएका विद्यालयबाट शिक्षक नपुगेका विद्यालयमा शिक्षक सरुवा नहुनु यस कमजोरीको ज्वलन्त उदाहरण हो । यस विकृतिको प्रमुख कारण जवाफदेहिताको कमी हो । अहिलेको संरचनामा अभिभावकप्रति प्रत्यक्ष रूपमा जवाफदेही निकाय विद्यालय व्यवस्थापन समिति रहेको छ । तर आवश्यक अधिकार नहुँदा विद्यालय व्यवस्थापन समितिले विद्यालय शिक्षाका विकृति हटाउन सकेका छैनन् भने अन्य कुनै निकाय वा पदाधिकारीले यी विकृति हटाउने जिम्मेवारी आफ्नो हो भनी सकारेको अवस्था पनि छैन । विद्यालय शिक्षाको जिम्मा स्थानीय सरकारलाई सुम्पेर संविधानले मौजुदा त्रुटिपूर्ण संरचना भत्काई चुस्त संरचना बनाउने अवसर स्थानीय सरकारलाई दिएको छ ।

शिक्षाका प्रमुख सरोकारवालामा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, राजनीतिक दल र नागरिक समाज पर्छन् । विद्यमान शासकीय तथा व्यवस्थापकीय संरचना यिनै सरोकारवालाको शक्ति सन्तुलनको परिणाम हो । एकात्मक राज्य प्रणाली अन्तर्गत कानून निर्माण हुने संयन्त्रमा प्रमुख भूमिका कर्मचारी र शिक्षकको रहेको छ । त्यसकारण अहिलेसम्म विद्यार्थीको सिकाइ उपलब्धिलाई केन्द्रविन्दुमा राखेर संरचना निर्माण हुनसकेको छैन । संघीय प्रणाली अन्तर्गत विद्यालय शिक्षाको कानून निर्माण हुने स्थानीय सभा तुलनात्मक रूपमा अभिभावक र विद्यार्थीको हितमा बढी संवेदनशील हुने अपेक्षा गर्न सकिन्छ ।

संघीय संरचनाले विद्यालय शिक्षा सुधार्ने अवसर जरुर दिएको छ । तर यो अवसर आफैं साकार होला भनी ढुक्क हुने अवस्था भने छैन । यो

अवसर छोप्न विद्यार्थी, अभिभावक र विशेषगरी विद्यालय व्यवस्थापन समिति सक्रिय हुनुपर्छ । स्थानीय सरकारबाट विद्यालय शिक्षाको व्यवस्था सन्दर्भमा उठ्ने गरेका प्रमुख अवधारणा, चासोका विषय र टिप्पणीहरू यस प्रस्तुतिको विषयवस्तु हो ।

विद्यमान संरचनालाई संघीय ढाँचामा समायोजन गर्ने अवधारणा अहिले मूलधारको रूपमा देखिएको छ । यो अवधारणा राज्य पुनर्संरचनाको कारणबाट विद्यालय शिक्षा नखलबलियोस् र हासिल गरिसकिएको उपलब्धि नगुमोस् भन्ने आशयबाट अभिप्रेरित देखिन्छ । तर अहिले विद्यालय शिक्षाको व्यवस्थापन सन्तोषजनक नरहेकाले विद्यमान संरचनालाई संघीय ढाँचामा समायोजन गर्ने अवधारणा लागु नगर्नु विद्यालय शिक्षा सुधार्ने अवसर गुमाउनु हुनेछ ।

स्थानीय सरकारको विद्यालय शिक्षा व्यवस्था गर्ने क्षमतामाथि प्रश्नचिन्ह खडा गर्नेहरूको कमी छैन । यस्तो धारणा पनि विद्यमान संरचनालाई संघीय ढाँचामा समायोजन गर्ने अवधारणाको उपज हो । प्रभाव र महत्त्वका हिसाबले विद्यालय शिक्षाका विभिन्न आयाम छन् । यदि कुनै आयामको प्रभाव र महत्त्व स्थानीय तहभित्र सीमित रहन्छ भने कुनैको सम्पूर्ण प्रदेश वा संघभरि रहन सक्छ । पाठ्यक्रम र अन्तिम परीक्षाजस्ता प्रभाव र महत्त्वको हिसाबले संघीय तहमा समन्वय गर्नुपर्ने आयाम स्थानीय तहबाटै व्यवस्था गर्न जरुरी छैन ।

स्थानीय सरकारले विद्यालयलाई स्वायत्त रूपमा सञ्चालन हुनदिन वा विद्यालय व्यवस्थापनको जिम्मा आफैंले लिन सक्छ । अन्तर्राष्ट्रिय अनुभवले विद्यालयहरू सफलतासाथ स्वायत्त रूपमा पनि सञ्चालन हुनसक्ने देखाउँछ । २०२८ सालअघि नेपालका विद्यालयहरू पनि स्वायत्त रूपमा सफलतासाथ सञ्चालन भएका थिए । समुदायद्वारा सामुदायिक विद्यालय स्थापना गर्ने परम्परा, न्यून अनुदानको कारणबाट शिक्षक समेत समुदायबाट बन्दोबस्त गरेर विद्यालय सञ्चालन गर्ने अनुभव र विषम परिस्थितिमा पनि केही विद्यालय सफलतासाथ सञ्चालन भइराखेको आधारमा स्वायत्त रूपमा विद्यालय व्यवस्थापन गर्ने समुदायको क्षमतामा शंका गर्नुपर्ने अवस्था छैन । नेपालका विद्यालय व्यवस्थापन समितिको क्षमता संसारकै उत्कृष्ट मध्येमा पर्छ ।

प्रभाव र महत्त्वका हिसाबले स्थानीय तहसँग मात्र सरोकार राख्ने विद्यालय शिक्षाका आयामहरूको मात्र स्थानीय सरकारले व्यवस्थापन गर्ने र व्यवस्थापन

समितिहरूलाई विद्यालय स्वायत्त रूपमा सञ्चालन गर्न दिने नीति अपनाइएमा स्थानीय सरकारले विद्यालय शिक्षा व्यवस्थापन गर्न सक्ला र भनी शंका गर्नुपर्ने देखिँदैन ।

स्थानीय व्यवस्थापन खर्चिलो भई स्रोतले धान्न नसक्ला कि भन्ने चासो पनि चर्चामा छ । यो चासो विद्यमान संरचनालाई संघीय ढाँचामा समायोजन गर्ने अवधारणासँग जोडिएको हुनुपर्छ । माथि उल्लेख भए बमोजिम प्रभाव र महत्त्वका हिसाबले स्थानीय तहसँग सरोकार राख्ने विद्यालय शिक्षाका आयामहरू मात्र स्थानीय सरकारले व्यवस्थापन गर्ने र विद्यालयलाई स्वायत्त रूपमा सञ्चालन गर्न दिने नीति अंगिकार गरिएमा स्थानीय व्यवस्थापन खर्चिलो भई स्रोतले धान्न नसक्ला कि भन्ने चासो लिनुपर्ने अवस्था साधारणतः रहने छैन ।

स्थानीय सभाबाट विद्यार्थीको सिकाइ उपलब्धितर्फ बढी केन्द्रित संरचना पारित गर्न पहल गर्दा शिक्षक तथा कर्मचारीले आफ्नो हित कुण्ठित भएको ठान्ने प्रबल सम्भावना देखिन्छ । अहिले शिक्षक र कर्मचारीको हितलाई विद्यार्थी र अभिभावकको हितको निरपेक्ष रूपमा हेर्ने त्रुटिपूर्ण चलन व्याप्त छ । विद्यार्थी र अभिभावकको हितलाई केन्द्रमा राखेर शिक्षक र कर्मचारीको हित सुरक्षित गर्ने अवधारणा विकास गर्नु आजको चुनौतीपूर्ण आवश्यकता हो । विद्यालय शिक्षा सुधारको सन्दर्भमा सरोकारवालाहरूलाई परिवर्तन आत्मसाथ गराउने चुनौतीलाई नजरअन्दाज गर्नुहुन्न ।

विद्यालय शिक्षाको संरचनाको परिवर्तन जति अपरिहार्य छ, त्यति नै चुनौतीपूर्ण पनि । विद्यालय शिक्षामा सुधार स्थानीय जनप्रतिनिधिहरूको अग्निपरीक्षा हुनेछ भन्दा अत्युक्ति नहोला । समृद्धिको सपना बाँडेर निर्वाचित भएका जनप्रतिनिधिहरूलाई यस परीक्षा पार गराउन सबै किसिमको सहयोग गर्न तत्पर भएर लाखौं पीडित अभिभावक बसेका छन् ।

विद्यालय शिक्षा व्यवस्था गर्ने अधिकार स्थानीय सरकारले उपभोग गर्न नपाउँदै स्थानीय तहलाई बढी अधिकार पो दिइयो कि भन्ने बहस पनि शुरू भएको छ । यस अवधारणा सरकार शासक, जनता शासित वा केन्द्र शासक, स्थानीय तह शासित भनी ठान्ने मनोवृत्तिको उपज हो । यदि जनताको सार्वभौमिकतालाई मान्ने हो भने एकातिर समुदायले विद्यालय व्यवस्थापन गरेर

आफ्ना बालबालिकालाई राम्रो शिक्षा दिने अधिकारलाई नकार्न सकिँदैन भने अर्कोतिर स्थानीय सरकारको विद्यालय शिक्षा व्यवस्था गर्ने अधिकारलाई पनि। त्यसकारण स्थानीय तहको विद्यालय शिक्षा व्यवस्था गर्ने एकल अधिकार कुण्ठित नहुने गरी मात्र प्रदेश र संघले शिक्षा सम्बन्धी साझा अधिकारको प्रयोग गर्नुपर्छ। विद्यालय शिक्षा व्यवस्था गर्ने अधिकार सुनिश्चित गर्न स्थानीय सरकारले यथाशक्य सम्बन्धित कानून पारित गर्दै जानुपर्छ।

स्थानीय तहले विद्यालय शिक्षा व्यवस्था गर्ने जिम्मेवारी संविधानले सुम्पेको ठूलो अभिभारा हो। यो अभिभारा सफलतासाथ बहन गर्न आवश्यक मानवीय र आर्थिक स्रोत जुट्नु अपरिहार्य छ। स्थानीय सरकारलाई शिक्षक व्यवस्थापन गर्न दिनु हुँदैन भन्ने आवाज सुन्नमा आउन थालेका छन्। यो अधिकारविना स्थानीय सरकारले चुस्त रूपमा विद्यालय शिक्षा व्यवस्था गर्न सक्दैन भन्ने कुरामा सन्देह गर्ने कुनै ठाउँ छैन। शिक्षक व्यवस्थापनको अधिकार स्थानीय सरकारमा सुनिश्चित गर्नु एक प्रमुख चुनौती हो।

बहुसंख्यक स्थानीय तहले आफैंले विद्यालय शिक्षाका लागि आवश्यक स्रोत जुटाउन सक्दैनन्। अतः विद्यालय शिक्षाको लागि आवश्यक आर्थिक स्रोत सुनिश्चित हुने गरी राष्ट्रिय स्रोत बाँडफाँड सम्बन्धमा स्थानीय सरकारले संघ र प्रदेशसँग समझदारीमा पुग्न आवश्यक गृहकार्य यथाशक्य चाँडो शुरू गर्न जरुरी छ। विद्यालय शिक्षाका लागि आवश्यक आर्थिक स्रोत सुनिश्चित हुने गरी स्थानीय तहका लागि अनुदान उपलब्ध गराउनु अर्को प्रमुख चुनौती हो।

विद्यार्थीहरूको गुणस्तरीय शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने ऐतिहासिक अवसर सदुपयोग गर्न सबै सरोकारवाला जुट्न आवश्यक छ। यस पहलकदमीका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने अभिभारा स्थानीय जनप्रतिनिधिहरूको काँधमा आएको छ। विद्यालय शिक्षा सुधारको अभिभारा स्थानीय तहको भए पनि मुद्दा राष्ट्रिय तहको समेत भएकाले यस पहलकदमीको सफलताका लागि राजनीतिक दलहरूको केन्द्रीय तहको समेत सहयोग अत्यावश्यक हुन्छ।

विद्यालय शिक्षा सुधारका लागि पहलकदमी गर्न स्थानीय सरकारलाई उत्प्रेरित गर्ने तथा सुधार अभियानमा सिपाहीको भूमिका खेल्ने अभिभारा विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको काँधमा आएको छ। यस सुधारको अभियानमा विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन

समिति र शिक्षक तथा कर्मचारी बीचको सौहार्दता कायम गर्ने सेतुको भूमिका नागरिक समाजले खेल्न सक्छ ।

विद्यालय शिक्षा सुधार अति चुनौतीपूर्ण छ । सबै स्थानीय तहमा एकैसाथ सुधार शुरूवात नहुन पनि सक्छ । पहिलो चरणमा साहसिक स्थानीय नेताहरूले मात्र आफ्नो भविष्य दाउमा थापेर यस्तो चुनौती स्वीकार्लान् । ती नेता केन्द्रीय तह वा प्रादेशिक तहका दलीय नेतृत्वको असहयोगका कारणबाट असफल भएमा यो अक्षम्य हुनेछ र विद्यालय शिक्षा सुधारको ऐतिहासिक मौका गुम्नेछ । विद्यमान विद्यालय शिक्षा प्रणालीको जगमा समृद्ध नेपाल निर्माण हुनसक्दैन । त्यसैले विद्यालय शिक्षा सुधार्ने मौका नगुमाउन विद्यालय शिक्षा सुधार अभियान शुरू गर्न ढिलो नगरौं ।

*जोशी इन्जिनियरिङ अध्ययन संस्थानका पूर्वडिन तथा शिक्षाविद् हुन् ।*

(७ असार, २०७४ *कान्तिपुर* दैनिकमा प्रकाशित)

सन्दर्भ पुस्तक २

# असल शिक्षा ?!

## क्रियाशील सामाजिक नेतृत्वका लागि शिक्षाबारे आधारभूत पठन सामग्री



सन्दर्भ पुस्तक २

# असल शिक्षा ?!

## क्रियाशील सामाजिक नेतृत्वका लागि शिक्षाबारे आधारभूत पठन सामग्री


असल शिक्षा के हो ? ....... ५३

असल शिक्षण विधि कस्तो हो ? ....... ५७

असल शिक्षक कस्तो हो ? ....... ६०

## असल शिक्षा के हो ?



अहिले हामी आफ्ना केटाकेटी अङ्ग्रेजीमा गीत गाउँदै आउँदा दङ्ग पर्ने गर्छौं । अनि जस्तोसुकै स्कूलमा भए पनि केटाकेटी पहिलो दोस्रो भए राम्रो मान्छौं । के त्यही हो त असल शिक्षा ? आफूलाई मन नपर्दा नपर्दै कोही डाक्टर वा इञ्जिनियर हुन्छन्, पैसा पनि कमाउँछन्, के त्यही हो त असल शिक्षा ? शिक्षितहरू धेरै जसो अरूलाई हेप्ने र भ्रष्टाचार गर्नेमा पनि पर्छन् त्यही हो त शिक्षित भएको ? अनि कति बीए, एमए पास गरेका हुन्छन् एउटा चिठी शुद्धसँग लेख्न पनि जान्दैनन् । पढेलेखेकाहरू त केही उमारेर खानै सक्दैनन् । उनीहरूको प्रकृति, बोट र वनस्पतिको ज्ञान त शून्य बराबर हुन्छ । यही हो त असल शिक्षा जो आखिरी अवस्थामा काम लाग्दैन ?

शिक्षा सिक्ने र सिकाउने प्रक्रिया नै हो तर सिकाउने भन्दा अझ सिक्ने प्रक्रिया हो । हामी धेरै जसो सिक्ने भन्दा सिकाउनलाई नै जोड दिने गर्छौं । यही बुझाइले नै हाम्रो शिक्षा घोकन्ते भएको हो । यसको मतलब केही घोक्नै हुन्न, पर्दैन भन्ने कुरा होइन । सम्झने बन्न पनि घोकाइले मद्दत गर्छ । तर पूराका पूरा वाक्य वा पाना घोक्नु बेवकूफी नै हो । दुनोट केही घोक्नु बेठीक छैन । घोकाइमै शुरू हुनु र घोकाइमै अन्त्य हुनु मूल समस्या हो । कसरी सम्झने र सिक्ने भन्ने सिक्नु जरुरी छ; किनभने अब यो यो कुरा सिकाउनु पर्छ भनेर आज एउटा कुरा सिकायो भोलि त्यो काम नलाग्ने हुन्छ । आवश्यकता अनुसार सिक्न र आफूलाई फेरिन शिक्षाले तयार गर्नु पर्छ ।



शिक्षा समाजका असमानता हटाउने साधन हो । समानताको कारक हो । शिक्षाले केटाकेटीलाई समाजमा

के गर्न हुन्छ, के गर्न हुन्न भनेर सिकाउनु पर्छ जसलाई सामाजिकीकरण गर्ने भन्छौं तर यसले एउटा साँचोमा मात्र ढाल्यो भने मानिस सिर्जनात्मक हुँदैन । कतिसम्म तोड्ने र कतिसम्म नतोड्ने भन्ने विवेकको सन्तुलन नै शिक्षा हो । मानिसलाई शिक्षाले जीविकाका लागि समेत स्वतन्त्र भएर बाँच्ने सीप दिनु पर्छ । अहिले महत्त्व र अर्थ उपार्जनका दृष्टिले केही विषयहरू महत्त्वका साथ घोक्ने गरिन्छ तर गीत, चित्रकला जस्ता विषयहरू पाठ्यक्रमको प्राथमिकतामा नै पर्दैनन् अनि हाम्रा विद्वान र विज्ञहरू हरियो मरुभूमितुल्य सिर्जनविहीन उपदेश बाँड्छन् । चित्रकला रेखाङ्कन भन्दा माथिल्लो दर्जाको हो तर हाम्रा विद्यालयमा रेखाचित्र नै बनाउन लगाइँदैन । यस विषयका एक विचारकर्ताले सिकाइका ४ खम्बा हुन्छन् भनेका छन् :

- जान्नका लागि सिकाइ
- गर्नका लागि सिकाइ
- आत्मज्ञानका लागि सिकाइ
- सहअस्तित्वका लागि सिकाइ

पछि यसमा कसैले थप्यो सिक्नका लागि सिकाइ छानोका रूपमा ।

**Four Pillars of Education**
शिक्षाका चार खम्बा



भाषा नितान्त महत्त्वपूर्ण विषय हो । अङ्ग्रेजी राम्रो भन्ने हावा र भाषाको राजनीतिले भाषाको सिकाइ अङ्ग्रेजीमा सीमित भएको छ। यो विश्वभाषा हो सिक्नु आवश्यक छ तर छेओर नै नगरी पराइ भाषा सिक्नु आवश्यक छैन। यदि सो भाषा बोल्ने वातावरणमा केटाकेटी नरहने हो भने आफ्नो पहिलो भाषा नजानीकन अर्को भाषाको सिकाइ राम्रो हुन सक्दैन । मातृभाषाको वकालत गर्नेहरूले पनि के बुझ्न जरुरी छ भने एक तहमा पुगेपछि आफ्नो भाषा कति अवस्थामा अपर्याप्त हुन्छ र सिक्दै जानुपर्छ। कुनै विशेष विषयमा विशेषज्ञता गर्न कुनै भाषा विशेष सिक्नु पनि जरुरी हुन्छ । उदाहरणका लागि पश्चिमी साहित्यको मजा लिन शायद फ्रान्सिसी भाषा जरुरी होला भने पश्चिमी दर्शनको गहिराइमा पुग्न जर्मन भाषा । योग जीवन दर्शन जान्न बुझ्न संस्कृत । अनि धामीका बारेमा जान्न त चेपाङ भाषा सिक्नु पऱ्यो । अनि किनेमा कसरी पकाउने खाने भन्ने सिक्न त लिम्बू भाषा चाहियो। धान खेतीका बारेमा मैथिली जति अरू भाषामा के व्याख्या होला? शिकार गर्ने बारेमा सन्थाल जति कुन भाषामा होलान् शब्द ? अनि गजल उर्दूमा जति अरू के मजा आउला ? हाम्रा विद्यालयले चाहिँ फूलपाती र गठेमङ्गल पनि अङ्ग्रेजीमा पढाउन थाले ।

भाषा कलिलै उमेरमा मात्र सिक्न जरुरी छैन, सिक्ने तरीका मिल्नु पनि जरुरी छ। १५-१६ वर्ष अङ्ग्रेजी पढेका हाम्रा विद्यार्थी पढ्न, बोल्न जान्दैनन् । एकाध वर्ष पढेर हाम्रै युवाहरू स्थानीयकै तहमा कोरियन भाषा पढ्न, लेख्न,



फोटोः कोरियाली भाषाको जाँच दिन लामबद्ध नेपाली युवाहरू

बोल्न जान्ने भएर काम गर्न जान्छन् । सिकाइको तरीकाका कारण यस्तो फरक भएको हो ।

शिक्षा के हो भन्ने बारेमा ठेलीका ठेली लेखिएका छन् । यहाँ केही विचार हरूको व्यावहारिक सारांश प्रस्तुत गरिएको हो । शिक्षाले मुख्य रूपमा विचार गर्न मद्दत गर्नुपर्छ । उपयुक्त विचार गर्न सक्नु र त्यस अनुसार आफूलाई काममा ढाल्न सक्ने बनाउनु शिक्षाको मूल प्रयोजन हो । एकजना पूर्व शिक्षकले सम्झेः

*"आफ्नो क्षमताको पहिचान गर्नु र त्यसलाई आफ्नो र समाजको हितमा प्रयोग गर्न तत्पर रहनु नै शिक्षा हो ।"*

हाम्रो शिक्षाले आफ्नो क्षमताको पहिचान गर्न र त्यसको प्रयोग गर्न सिकाएको छ ? हाम्रा केटाकेटीहरू आफूलाई के गर्नुपर्छ, कुन रङ्ग मन पर्छ, के खाने पनि भन्न सक्दैनन् । शिक्षाले आफ्ना कुरा भन्न र हानी हुने भए नभन्न र हुने भए भन्न पनि सिक्नु पर्दछ ।

अनि आखिरमा जीवनमा कमैले मात्र खोजे जस्तो पाउँछन् भनेर सिक्नु जरुरी छ । सबै कुरा भने जस्तो मात्र हुँदैन । विचार र अभ्यासहरू विरोधाभाषपूर्ण छन् । यिनीहरू सहन पनि सिक्नु पर्छ, विद्यालयले सिकाउनु पर्छ । पैसा कमाएर वा रोजगारीले मात्र पुग्दैन । खुशी रहन पनि जरुरी छ । पूर्वीय दर्शनले विद्या सुखका लागि भनेको छ :



*"विद्याले विनम्रता दिन्छ,*
*विनम्रताले सत्पात्र (योग्य) बनाउँछ,*
*सत्पात्र भएपछि धन प्राप्त हुन्छ,*
*धनले धर्म गर्न सघाउँछ,*
*धर्मले सुख दिन्छ ।"*

अझ अगाडि पूर्वीय दर्शनले भौतिक वस्तुबाट प्रभावित नभइकन सुखी जीवन बनाउने कुरा गर्छ :

*"या विद्या सा विमुक्तये अर्थात् विद्या त्यो हो जसले हामीलाई मुक्ति दिन्छ !"*

मुक्तिका अनेक स्वरूप र पक्ष छन्ः खान लाउन अर्काको भर नपर्ने, गरीबीबाट मुक्त हुने, अर्काको अधीनमा नरहने, लोभको फन्दामा नपर्ने आदि ।

## असल शिक्षण विधि कस्तो हो ?

*किसा गौतमीको छोरा मर्‍यो । उनले बुद्ध ठूला सन्त, ज्ञानी भनेर थाहा पाएकी थिइन् । विलौना गर्दै उनी छोरा बचाइ दिन बुद्ध कहाँ पुगिन् । बुद्धले एकछिन विलौना सुनेपछि भन्नुभयो :*

*"हुन सक्छ, म कोशिस गर्छु तर तपाईंले मलाई कहिल्यै मानिस नमरेको घरबाट एक लोटा पानी ल्याएर दिनु पर्छ ।"*

*कुदिन् गौतमी पानी लिन । कति घरमा सोधिन् एक, दुई, तीन, कुनै पनि मान्छे नमरेको घर भेटिएन । तर उनलाई तत्कालै थाहा भयो यो सम्भव छैन र मृत्यु त्यति अस्वाभाविक प्रक्रिया होइन । पछि उनी बुद्धकी शिष्य भएर भिक्षुणी भइन् । बुद्धले मृत्यु सबैको हुन्छ, यो सम्भव छैन भनेर सम्झाउनु भएन । उनलाई आफैं महसूस गर्ने अवस्था तयार गर्नुभयो । आफैं सिक्ने, महसूस गर्ने अवसर तयार गर्नु नै असल शिक्षण विधि हो । हाम्रो पाठ्यक्रम पनि यसरी नै सिकाउन सकिन्छ ।*



ठाडै उकालै चढ्नुहोस् । डाँडामा पुग्न सकिन्छ । तर निकै गाह्रो हुन्छ । यसरी धेरै चढ्न सक्दैनन् । तेर्सो बाटो विस्तारै घुम्ती हुँदै चढ्नुस् । यसरी धेरै जना चढ्न सक्छन् । विस्तारै सजिलो कुराबाट अप्ठेरो कुरातिर लानु असल शिक्षण विधिको अर्को पक्ष हो । एक किसिमले हाम्रा पाठ्यक्रम, कक्षा यसै हिसाबले बनेका पनि छन् । असल शिक्षण विधिले ठाडोको साटो तेर्सो बाटो दिन्छ ।



अनि अध्ययनहरू भन्छन् मानिसले त्यति बेला सिक्छ जब उसले आफ्नो प्रभावकारिता न्यून छ। विचार गर्नु पर्ने प्रश्न दिएर सिकारुलाई पूरा ध्यान दिने बनाउन सकिन्छ। यस्ता प्रश्नले भएका कुरा पढी सिर्जनात्मक रूपमा विचार गरी आफ्ना विचार बनाउन मद्दत गर्छन् । यो चाहिँ हाम्रो शिक्षा विधिमा विना खर्च परिवर्तन गरिहाल्न सकिने विषय हो।

अहिले इन्टरनेट या श्रव्यदृश्य विधिबाट धेरै सिक्न सकिन्छ भन्ने ठूलो अपेक्षा गरिन्छ। यिनले सूचना दिन्छन् तर ध्यानमग्न हुने अवसरहरू कम दिन्छन्। दोहोऱ्याउनु पर्ने, बुझ्नका लागि हेर्नु पर्ने विषयहरूको सूचना लिन यस्तो साधन महत्त्वपूर्ण छ तर यसले ध्यान पनि त्यत्तिकै भङ्ग गर्छ। धेरै सूचनाबाट आफूलाई के आवश्यक छ भनेर छुट्ट्याउन निकै सहयोग चाहिन्छ । यो सहायक तर सिकाइको अनिवार्य तत्व होइन । ज्ञान एक किसिमले पानी जस्तै हो, खडेरी पनि काम छैन, बढी पनि आवश्यक छैन ।

केटाकेटीलाई डर त्रास देखाउने पनि ध्यान केन्द्रित गराउने तरीका हो । यसले घोकाउन केही मद्दत गर्ला तर सिर्जनात्मक बनाउन कदापि सक्दैन । बरु यसका केटाकेटीमाथि कहिले सच्याउन नसकिने मनोवैज्ञानिक नकारात्मक प्रभावहरू छाड्छ ।

के कुरा चाहिँ पक्का हो भने एउटै विषयलाई विभिन्न तरीकाबाट



सिक्ने अवसर दिइयो भने सिकाइ प्रभावकारी हुन्छ । केटाकेटीहरूको सिक्ने तरीका फरक फरक हुन्छ । विधिको विविधताले फरक किसिमको सिक्ने केटाकेटीलाई उपयुक्त अवसर दिन्छ र विषय वस्तु रोचक बनाउन सक्छ । सिकाइलाई खानासँग तुलना गर्ने हो भने उही खाना फरक फरक तरीकाले पकाउने, प्रस्तुत गर्ने जस्तै हो । तर सिकाइमा पनि खानामा जस्तै एकै किसिमको खाना मीठो लागे जस्तै हुन सक्छ । एकै किसिमको खाना स्वस्थ्यका लागि राम्रो नहुन सक्छ । बोर्डमा लेखेको सारेर घोक्ने बानी परिसकेकालाई खेल विधि ख्याल गरे जस्तो लाग्छ। तसर्थ, शुरूदेखि नै केटाकेटीलाई विविध शिक्षण विधिमा परिचित गराउनु पनि आवश्यक छ।

अहिले बेलाबेलामा प्रयोगात्मक विधिको कुरा गरिन्छ जो केटाकेटीको वास्ताविक जीवनसँग नजिक छ। यसले केटाकेटीलाई आफ्नो जीवन र सिकाइ जोड्न मद्दत गर्छ तर जीवनसँग सान्दर्भिक छैन भनेर तत्काल उपयोगमा नआउने कुरा ‘पढाउन’ नहुने होइन । तत्काल पानी परेको छैन भनेर छाता नलिइकन हिंड्ने वा दिउँसो हो भनेर बिजुली नभएका ठाउँमा टर्च नबोकि हिंड्नु पर्छ, आफ्नो ठाउँमा सडक छैन भनेर ट्राफिक नियम जान्नु पर्दैन भन्ने जस्तै हो ।

यस्ता विषयहरूका बारेमा तालिम लिने शिक्षकले थाहा पाएका हुन्छन् । उनीहरूको त्यसलाई व्यवहारमा लैजान गाह्रो परेको अवस्था छ।





## असल शिक्षक कस्तो हो ?

दार्शनिकहरू भन्छन् त्यो शिक्षक असल हो जसले सिकाइप्रति सिकारुको भोक जगाउँछ । यो निकै अमूर्त कुरा हो । सजिलो शब्दमा भन्ने हो भने असल शिक्षकले केटाकेटीलाई स्कूल आउँ आउँ बनाउँछ । पढौँ पढौँ, गरौँ गरौँ बनाउँछ । यसका अनेक तरीका र उपाय हुन सक्छन् तर मुख्य कुरा उनीहरूले माया र सम्मान पाउनु हो । कति बेला पुरुष शिक्षकहरू बढी कति अङ्क ल्याउँछ वा फेल हुन्छ कि जस्ता कुराप्रति सचेत रहेर यो कुरालाई महत्त्व दिन बिर्सन्छन् त्यसैले शिक्षणमा महिलाको मायालु चरित्र अझ उपयोगी मानिन्छ यद्यपि केटाकेटीले पुरुषको स्वभाव पनि थाहा पाउनु जरुरी छ ।

असल शिक्षकहरू विद्यार्थीको सिकाइप्रति जिम्मेवार रहन्छन् र कति बेला आफ्नो शिक्षकीय अधिकार पनि प्रयोग गर्छन् । अर्थात जेसुकै होस् भनेर छाड्दैनन् । त्यसप्रति चिन्ता गर्छन् । जोखिम लिन्छन् ।

शिक्षकले विषयवस्तु त जान्नै पर्छ तर ऊ विद्यार्थीको आदर्श पनि हो । महात्मा गान्धीले भन्नुभयो 'मेरो जीवन नै मेरो सन्देश हो ।' अनुकरणीय जीवन शैली असल शिक्षकको लक्षण हो । सर-सफाइ, समयको पालना, सम्मान जस्ता विषय र विषय वस्तुको ज्ञान समेत शिक्षकबाट विद्यार्थीले अनुकरण गर्छन् । शिक्षण जागिर मात्र होइन या फरक किसिमको जागिर हो । यसैले विद्यालयमा 'पढाउन जन्मेका' मानिसहरू छान्नु महत्त्वपूर्ण छ । 'मास्टर' भनेर हीनता अनुभव गर्ने भन्दा शिक्षक भएर गौरव गर्ने असल शिक्षकहरू हुन् ती स्थायी अस्थायी वा जेसुकै हुन् ।



असल शिक्षकका धेरै विद्यार्थी असल हुन्छन्, अब्बल हुन्छन् न कि केही मात्र अति प्रतिभाशाली । उनीहरू 'कमजोर' विद्यार्थीलाई ध्यान दिएर माथि तान्छन् । धेरैलाई सफल बनाउनु नै उनीहरूको लक्ष्य हो । उनीहरू कसैलाई जन्मका आधारमा विभेद भने गर्दैनन् । स्थानीय संस्कृति र भाषाको जानकारी राख्छन् । हाम्रो देशमा दलगत राजनीतिसँग शिक्षणको सम्झौता गर्ने आरोप शिक्षकहरूलाई छ । आफ्ना केटाकेटी वा नाति-नतिना आफू पढाउने विद्यालयमा पढाउने शिक्षकलाई एक किसिमको अब्बल मान्न सकिन्छ ।



*"साधारण शिक्षकले पढेर सुनाउँछ,*
*असल शिक्षकले व्याख्या गर्छ,*
*उत्तम शिक्षकले गरेर देखाउँछ,*
*महान शिक्षकले गरेर हेर्न*
*प्रेरित गर्छ ।"*

चित्रहरू धेरैजसो इन्टरनेटबाट साभार हुन् ।
शब्दः टीका भट्टराई; चित्र र सम्पादनः विजया सुब्बा ।

सन्दर्भ पुस्तक ३

# स्थानीय तहमा शिक्षा व्यवस्थापन : सन्दर्भ र सवालहरू

**अन्तर्क्रिया कार्यक्रमका कार्यविधि र कार्यपत्रहरू**

(यसको सारांश सन्दर्भ पुस्तक १ मा प्रस्तुत छ)

सन्दर्भ पुस्तक ३

# स्थानीय तहमा शिक्षा व्यवस्थापन सन्दर्भ र सवालहरू

## अन्तर्क्रिया कार्यक्रमका कार्यविधि र कार्यपत्रहरू


**भाग एक**

कार्यक्रम कार्यविधि ........ ६७

पृष्ठभूमि ........ ६७

विषयगत प्रस्तुतिहरूका सारांश (प्रस्तुतिको क्रमानुसार) ........ ६८

**भाग दुई**

कार्यपत्रहरू ........ ७४

यो सङ्कलनबारे ........ ७४

सङ्घीयताको सन्दर्भमा विद्यालय तहको शासकीय प्रबन्ध

- *डा. तुलसीप्रसाद थपलिया* ........ ७६

विद्यालय शिक्षाका मुख्य पक्षहरूको स्थानीय तहमा व्यवस्थापन

- *डा. मनप्रसाद वाग्ले* ........ ९२

स्थानीय तहमा शैक्षिक वित्त व्यवस्थापनका चुनौतीहरू

- *डा. हरिप्रसाद लम्साल* ........ १००

सामुदायिक विद्यालयको व्यवस्थापन कसरी ?

- *राधेश्याम अधिकारी* ........ १११

# भाग एक

# कार्यक्रम कार्यविधि

## पृष्ठभूमि

देश झण्डै दुई दशकपछि हुँदै गरेको स्थानीय सरकारहरूको निर्वाचनमा लागेको छ । सङ्घीय संरचना अनुसार हुने यो पहिलो आम निर्वाचन हो । संविधानले सङ्घीय, प्रान्तीय र स्थानीय सरकारको मोटामोटी अधिकार बाँडफाँड गरेको छ । माध्यमिक तहसम्मको शिक्षा संविधानले स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेका १३ विषयहरूमध्ये एक हो । स्थानीय सरकारहरू बन्नासाथ उनीहरू काममा जुट्ने छन् । सैद्धान्तिक राजनीतिक सहमतिमा भएको यो विषय अभ्यासमा लगेर अघि बढाउन सकिन्छ भन्ने सर्वाधिक महत्त्वको विषय छ ।

सार्वजनिक शिक्षाको अवस्थाप्रति सबै पक्षबाट चिन्ता र चासो व्यक्त गरिए पनि अपेक्षित रूपमा सुध्रन सकेको छैन । कति समस्याहरूका नीतिगत, स्थानीय एवम् ऐतिहासिक कारणहरू छन् । २०३०को दशकमा शिक्षा राष्ट्रियकरण भएपछि त्यसको पर्याप्त निगरानी, व्यवस्थापन र सुपरिवेक्षण जनस्तरबाट टाढा पुगेर भएका अस्तव्यस्तता देशले प्रशस्त भोगेकै छ । त्यसमध्ये खासगरी प्रक्रियाका हिसाबले जिल्ला, गाउँ या नगर एकाइहरूमा विद्यालयका आवश्यकताको नक्साङ्कन र भविष्यको जनसङ्ख्याको प्रक्षेपणको अभाव एउटा मुख्य कारण हो । यसमा स्थानीय नियन्त्रणको आवश्यकता महसूस गरेर नै संविधानमा यसको जिम्मेवारी स्थानीय सरकारहरूलाई दिने प्रावधान बनाइएको हो । संविधानले विद्यालय तहको आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक निःशुल्क रहने महत्त्वाकाङ्क्षी प्रावधान गरेको छ । संवैधानिक प्रावधान कार्यान्वयन गर्ने यो विषयमा सङ्घीय र स्थानीय सरकारको अधिकार र जिम्मेवारीको कसरी तालमेल हुन्छ गम्भीर विषय छ ।

अपर्याप्त स्रोतका बावजुद निःशुल्क शिक्षाको नाराले पनि कति सामुदायिक विद्यालयहरू कङ्गाल भएर पनि गुणस्तर कायम गर्न नसकेको विषय हाम्रा सामु छँदैछ । विद्यालय शिक्षकहरूको स्तर सुधार्न प्रस्तावित प्रावधानहरूका लागि स्रोत व्यहोर्न नसकिने भएका कारण शिक्षा नियमावली अघि बढाउन नसकिएको विषय जगजाहेर नै छ। बेलाबेला प्राविधिक शिक्षाको कुरा गरिए पनि साधारण शिक्षाको प्राथमिक तह नै प्रभावकारी बनाउन सकिएको छैन । अभिभावकहरू पनि प्राथमिक तहको वास्ता अझै कम गर्छन् । कति मातृभाषाको चर्को कुरा गर्नेहरू पनि आफ्ना केटाकेटी अंग्रेजी माध्यममा पढाउने भनेर निजी स्कुलमै भर्ना गर्छन् । संस्थागत विद्यालयहरूको व्यवस्थापन र नियमनमा स्थानीय सरकारहरूको अधिकार अर्को पेचिलो विषय हुन सक्छ।

## विषयगत प्रस्तुतिहरूका सारांश (प्रस्तुतिको क्रमानुसार)

| प्रस्तोता/ वक्ता | मुख्य बूँदा | |
|---|---|---|
| डा. तुलसी थपलिया (टिप्पणीकर्ताः श्री हरि उपाध्याय) | ♦ प्रतिस्पर्धा मार्फत सार्वजनिक सेवा व्यवस्थापन नयाँ शासकीय प्रवृत्ति<br>♦ मुख्य आवश्यकताः स्रोत उपयोगमा कुशलता<br>♦ मूल चासोः कमजोर सेवा सुविधा पाउने अझै कमजोर नबनून् ।<br>♦ अहिलेको अवस्थामा स्थानीय तहमा विद्यालय व्यवस्था गर्न सक्दैनन् कि ?<br>♦ पाठ्यक्रम ढाँचा र समकक्षता विचारका विषय | |

यस पृष्ठभूमिमा नीति निर्माणका लागि शिक्षामा स्थानीय सरकारको दायित्वका सीमा र दायराको बहसमा सघाउ पुऱ्याउने उद्देश्यले २०७३ चैत्र २८ गतेका दिन काठमाण्डौमा एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रममा शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रमा रहेको विषयलाई स्थानीय शासकीय अवधारणा र विद्यालय शिक्षाको प्रक्रिया र त्यसका तत्वहरूको व्यवस्थापनका विविध पक्षबाट आकलन गर्ने प्रयत्न गरियो । कार्यक्रममा भनिए जस्तै प्रस्तुति र बहसको निचोड सरोकारवालाहरूको अध्ययन र चिन्तनमा सहयोग पुऱ्याउने र स्थानीय सरकारहरूलाई एक तहमा असमञ्जसको स्थितिमा सीमित रूपमा नै भए पनि कार्यक्रमको दिशा निर्धारित गर्न मद्दत गर्ने अभिप्रायले यो संक्षिप्त मस्यौदा दस्तावेज तयार गरिएको छ ।

| | **टिप्पणी** (सहभागीका समेत) | **निचोड** (प्रतिवेदकहरूका) |
|---|---|---|
| | ♦ शासकीय प्रणाली त्यसको अभ्यासमा भर पर्छ, अभ्यास कस्तो हुन्छ भन्ने कुरा दबाब समूहहरूको क्रियाशीलतामा भर पर्छ ।<br>♦ अरूभन्दा वित्तीय पक्ष अझ निर्णायक होला ।<br>♦ शासनलाई राज्यको नियामक शक्तिका हिसाबले मात्र हेरियो; नागरिक शक्ति र समाजको कुरा आएन । | ♦ उत्पादन वितरण लगानी र अभ्यास सबै पक्ष हेर्नुपर्छ ।<br>♦ तहगत सम्बन्धमा थुपै जटिलताहरू छन् ।<br>♦ स्थानीय तहमा जाँदा कर्मचारीका अप्ठेरा पनि हेरिनुपर्छ । |

| प्रस्तोता/वक्ता | मुख्य बूँदा | |
|---|---|---|
| डा. मनप्रसाद वाग्ले (टिप्पणीकर्ता: डा विद्यानाथ कोइराला) | ♦ विद्यालयहरू स्थानीय तहमा समूहीकृत गर्ने, विद्यालय सेवा क्षेत्र बनाउने ।<br>♦ समूहीकृत विद्यालयहरूको प्रमुख शिक्षक नै रहनुपर्ने ।<br>♦ कर्मचारीलाई मर्का पर्छ पर्दैन होइन पहिले के चाहिन्छ भन्ने खाका बनाउनु पर्‍यो ।<br>♦ लोकतन्त्र मान्ने भएपछि स्थानीय सरकारले सक्दैनन् भन्ने होइन कसरी सकिन्छ भन्ने विचार गर्नुपर्‍यो ।<br>♦ स्थानीय सरकारका प्रमुखलाई शिक्षाका कुरा थाहा नभए पनि व्यवस्थापनले त्यसको परिपूर्ति गर्न सक्छ ।<br>♦ शिक्षकको योग्यता निर्धारण केन्द्रले, परीक्षा पत्र र नियुक्ति स्थानीय सरकारले गर्नु पर्दछ ।<br>♦ हाल जस्तो सहसचिव सचिव हुने शिक्षा सेवा आयोग स्वतन्त्र हुन सक्दैन ।<br>♦ राष्ट्रिय तहमा मूल्याङ्कन, राष्ट्रिय लक्ष्य सङ्घीय सरकारद्वारा निर्धारण गर्नु पर्छ ।<br>♦ मन्त्रालयको कार्यदलको प्रतिवेदन भद्दा भएको र कर्मचारीको हित रक्षाका दृष्टिले मात्र हेरिएको । | |
| डा. हरिप्रसाद लम्साल (टिप्पणीकर्ता: महाश्रम शर्मा) | ♦ शिक्षा संविधानले सार्वजनिक भलाइको अर्थात गैरनाफामुखी मानिसके पनि व्यवहारले निजी र सार्वजनिक दुईटै मानेको ।<br>♦ कर जुन तहको सरकारले उठाउँछ, लगानी त्यसैले गर्नुपर्ने ।<br>♦ सरकारले लगानी घटाउने हो भने निजी फस्टाउँछन् ।<br>♦ निजी लगानी बढ्यो भने असमानता बढ्छ ।<br>♦ हाल अभिभावकले शिक्षाको आधाभन्दा बढी खर्च बेहोरेको तथ्य, यस्तो स्थिति रहेसम्म निजी रहिरहने ।<br>♦ बाहिरी सहयोग पनि सरकारको भन्दा बढी छ, त्यो नियमन नभए सरकारलाई योजना गर्न अप्ठेरो हुन्छ ।<br>♦ स्थानीय संरचनाले नीतिमा फरक पार्दैन तर प्रशासनिक खर्च बढाउँछ ।<br>♦ अहिले नै स्थानीय तह यी सबै जिम्मेवारी लिन सक्दैन कि ? | |

| | **टिप्पणी (सहभागीका समेत)** | **निचोड (प्रतिवेदकहरूका)** |
|---|---|---|
| | ♦ जोनिङ शायद सबैभन्दा महत्त्वपूर्ण विषय हो यसलाई स्वतन्त्र बनाउनु जरुरी छ ।<br>♦ १२ जिल्ला मात्र आर्थिक दृष्टिले सक्षम देखिएका छन्, खर्च सङ्घीय सरकारले नै व्यहोर्नु पर्छ ।<br>♦ विन्यस स्थानीय तहमा, भङ्ग गर्ने अधिकार स्थानीय सरकारलाई ।<br>♦ तहमा हेर्ने संस्कारः विविधता व्यवस्थापन जटिल तर केटाकेटीलाई केन्द्रमा राखेर हेनुपर्ने ।<br>♦ गुणस्तरको जिम्मेवारी कसले लिने सो किटान हुनुपर्‍यो । शिक्षक मालिक होऊन्, अभिभावकले अनुगमन गरून् । | ♦ स्थानीय सरकारका एकाइमा विद्यालयहरूको म्यापिङ र जोनिङ वस्तुगत रूपमा गरिनु सबैभन्दा महत्त्वपूर्ण काम ।<br>♦ पाठ्यपुस्तक त पक्कै स्थानीय सरकारको काम हो । पाठ्यक्रमको अन्तर्वस्तु संघ, प्रदेश र स्थानीयको ५०:३०:२० को अनुपातमा हुनुपर्ने । |
| | ♦ विद्यालयको नेतृत्व स्पष्ट हुनुपर्ने ।<br>♦ जोसँग बढी पैसा हन्छ उसैले धेरै तिर्नुपर्छ ।<br>♦ साँचो हामी (मन्त्रालय)ले लियौं र तल्ला तहमा दोष मात्र दियौं । अब पनि अधिकार दिन नडराऔं ।<br>♦ स्थानीयकरण र विश्वमानकहरूको तादात्म्य अहिलेको चुनौती ।<br>♦ निःशुल्क शिक्षा सम्भव छैन; संविधान नै संशोधन गर्नुपर्छ ।<br>♦ स्रोत वर्गीकरणका लागि जनसङ्ख्या, भूगोल, समावेशीकरण जस्ता आधार लिनुपर्छ ।<br>♦ सबभन्दा बढी योग्य व्यक्ति शिक्षक हुने वातावरण बन्नुपर्‍यो । | ♦ शिक्षा संविधानले सार्वजनिक भलाइको अर्थात् गैरनाफामुखी मानिसकेको ।<br>♦ कर जुन तहको सरकारले उठाउँछ, लगानी त्यसैले गर्नुपर्ने हो । शिक्षाको व्यवस्थापन आर्थिक सामाजिक दुवै दृष्टिले हेर्नु पर्छ ।<br>♦ शिक्षा सबै निःशुल्क होइन, नसक्नेलाई मात्र निःशुल्क हुनु पर्ने हो । |

| प्रस्तोता/ वक्ता | मुख्य बूँदा | |
|---|---|---|
| तारा निरौला (अमेरिकाबाट Skype प्रस्तुति) | ♦ सङ्घीय तहले राष्ट्रिय लक्ष्य निर्धारण गर्ने; सबैको शिक्षाको अधिकारको प्रत्याभूति गर्ने ।<br>♦ अमेरिकामा सङ्घीयले ४५%, स्थानीय ५०% र प्रान्तीयले ५%को दरमा शिक्षामा लगानी गर्छन् ।<br>♦ शर्त सहितको लगानी पनि हुन्छ; तिमीले यति काम गऱ्यौ भने यति रकम भनेर ।<br>♦ शिक्षकको गुणस्तर निर्धारण प्रान्तीय तहमा ।<br>♦ स्थानीय तहमा स्वामित्व, व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी स्रोत परिचालन ।<br>♦ शिक्षक अनुमतिका विभिन्न पक्ष र तहः साधारण र विषयगत; राष्ट्रिय र प्रान्तीय ।<br>♦ विद्यार्थीको जाँच विद्यालयका शिक्षकले नै, प्रधानाध्यापकको भूमिकालाई विशेष ख्याल गर्नुपर्ने । | |
| माननीय शिक्षामन्त्री धनीराम पौडेल | ♦ कहिले पनि हाम्रा विद्यालय, केन्द्रीय वा प्रान्तीय भन्ने छैनन्, सबै स्थानीय हुन् ।<br>♦ आधारभूत तहको व्यवस्थापन आधार सरकारले नै गर्नुपर्छ ।<br>♦ राजनीतिक तहमा स्थानीय तहले गर्न सक्छ भन्ने सहमति भइसक्यो, प्राज्ञिक, प्रशासनिक तहमा मात्र विश्वासको समस्या रहेको हो ।<br>♦ शिक्षक सरुवा भने चुनौतीकै विषय हो । | |
| माननीय सांसद राधेश्याम अधिकारी टिप्पणीकर्ता : सोमत घिमिरे | ♦ गुणस्तर भनेको कुरा शिक्षक, विद्यार्थी, सेवा सुविधाको समायोजन हो । एक पक्ष हेरेर पुग्दैन ।<br>♦ आफूलाई तोकिएको विद्यालयमा पढाए पनि नपढाए पनि स्थानीय विद्यालय सञ्चालनको खर्च स्थानीयले नै तिर्ने बाहिरी अनुभवबाट सिक्नु पऱ्यो ।<br>♦ विव्यसमा अभिभावकको प्रतिनिधित्व सुनिश्चित गऱ्यौं; प्रभाव सुनिश्चित गर्न सकेनौं । अभिभावकले पनि आफ्नो स्वार्थ बुझ्न सकेनन् ।<br>♦ रेडक्रस या परिवार नियोजन संघ जस्तामा राजनीति हुने ठाउँमा विव्यसमा नहुने कुरा भएन; यसलाई व्यवस्थापन गर्नै पर्छ ।<br>♦ कसरी सफलताहरू फैलाउने त्यस तर्फ काम गर्नु पऱ्यो । | |

| | टिप्पणी (सहभागीका समेत) | निचोड (प्रतिवेदकहरूका) |
|---|---|---|
| | ♦ अमेरिकाको जस्तो सबै कुरा यहाँ लागु हुन सक्दैन ! (निर्धारित टिप्पणीकर्ता नहुनु भएको) | ♦ जसरी कार्यान्वयन गरिए पनि आधारभूत तहको शिक्षा सङ्घीय सरकारका जिम्मामा, गुणस्तरका लागि स्थानीय सरकारहरूले स्रोत परिचालन गर्नुपर्छ ।<br>♦ शिक्षक अनुमति विभिन्न तह र किसिमका हुन सक्छन्, नियुक्ति स्थानीय तहमै । |
| | (मन्तव्यपछि मन्त्रीज्यू फर्कनु भएकाले प्रत्यक्ष टिप्पणीहरू हुन पाएनन् ।) | ♦ राजनीतिक तहमा स्थानीय तहले गर्न सक्छ भन्ने सहमति भइसक्यो, प्राज्ञिक, प्रशासनिक तहमा मात्र विश्वासको समस्या रहेको हो । |
| | ♦ विव्यस भए पनि स्थानीयको हात बाँधियो; विव्यस, प्रअ र अध्यक्षको गठबन्धन मात्र भयो ।<br>♦ अभिभावकले आफ्नो अधिकार उपभोग गर्ने ठाउँ खै ?<br>♦ सबैभन्दा ठूलो खर्च कर्मचारी तन्त्रमा छ त्यसको व्यवस्था गर्नुपर्छ ।<br>♦ शिक्षक उत्पादनमा राज्यको खर्च बढी छ, लगानी अनुसार प्रतिफल आएको छैन । | ♦ विद्यालयमा शिक्षकले वा विव्यसले राजनीतिक चरित्र देखाउन बन्द गरेर अभिभावकको प्रभाव सुनिश्चित गर्नुपर्छ । |

# भाग दुई

# कार्यपत्रहरू

## यो सङ्कलनबारे

यो कार्यक्रम संस्थाको नियमित कार्यक्रमको भाग थिएन तर बदलिँदो परिस्थितिमा यो विषयमा ज्ञान र दृष्टिकोण निर्माण गर्नु आवश्यक महसूस गरियो । समय पनि थिएन । स्थानीय सरकारहरू गठन भइसकेका थिए तर शिक्षा लगायतका विषयहरू के कसरी सञ्चालन गर्ने कार्यदिशा थिएन । विशेषगरी शिक्षा त तह तोकेर नै संविधानले स्थानीय सरकारहरूलाई अधिकार दिइसकेको थियो । यही सन्दर्भमा यो अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । यही हतारोलाई ध्यानमा राखी यस अन्तर्क्रियाको मस्यौदा सारांश तयार गरी वितरण पनि गरिसकिएको हो मूलतः यसको पहिलो भाग नै त्यो सारांश हो । (निचोड सन्दर्भ पुस्तक १ मा प्रस्तुत गरिएको छ ।)

दोस्रो भागमा छोटै समयमा पनि प्रस्तुत गरिएका छोटा लिखतहरू प्रस्तुत गरिएका छन् । यी लेखनहरू छोटै राख्न महसूस गरिएको आवश्यकता र समय सीमालाई ध्यानमा राखी यो रूपमा प्रस्तुत गरिएका हुन् । कार्यक्रममा पहिलो प्रस्तुतिका रूपमा प्रस्तुत डा. थपलियाको लेखनले यस विषयमा देखिएको अवस्थाका बारेमा विचार गर्ने ढाँचा र घटनाहरूले परिस्थितिको गम्भीरता र दायरा प्रस्तुत गरेका छन् । यसबाट स्थानीय सरकारहरूलाई वैचारिक सन्दर्भ दिएको छ । यथार्थमा यो छोटो कार्यपत्रले मन्त्रालयमा हुन सक्ने वैचारिक गम्भीरताको आश लाग्दो छनक दिएको छ । पठनको प्रवाहका दृष्टिले यो लेखनका सैद्धान्तिक पक्षहरूलाई अनुसूचीम राखिएको छ । यी सूत्रात्मक र मननीय छन् यद्यपि यिनले लामो व्याख्याको माग गर्दछन् ।

डा. वाग्लेको लेखनले डा. थपलियाले उठाएका केही प्रश्नहरूको जवाफ पनि दिने कोशिस गरेको छ । स्थानीय सरकारको अधिकारका पक्षधर शिक्षा

अभियन्ता वाग्लेको स्पष्टवादिता यहाँ पनि झल्केको छ। उनले विश्वका अन्य देशमा शिक्षाको शासकीय व्यवस्थाबारे के प्रावधान रहेका छन् त्यसको चित्र पनि दिएका छन्। उनको मार्ग स्थानीय सरकारले सक्दैनन् कि भन्ने भन्दा पनि सक्ने बनाउने तर्फ नै केन्द्रित छ।

तेस्रो लेख शासकीय पद्धतिको महत्त्वपूर्ण वित्तीय पक्षमा प्रवेश गरेको छ। यसले धेरै कुरा विचार गर्न बाँकी रहेको इङ्गित गर्दै वर्तमान खर्च त्यसै पनि अपर्याप्त रहेकोमा अझ संरचनात्मक खर्च बढ्ने कुरा औंल्याएका छन्। डा. थपलियाले इङ्गित गरे जस्तै वित्त व्यवस्थापनमा व्यवस्थापकीय दक्षताको आवश्यकता रहेको कुरा गरेका छन्। उनले चेतावनी पनि दिएका छन्ः राज्यले शिक्षामा पर्याप्त खर्च गरेन भने निजी क्षेत्रले लगानी बढाउँछ र त्यो समाजको लागि त्यति राम्रो सङ्केत होइन।

अनलाइनमा अमेरिकाबाट प्रस्तुत डा. तारा निरौलाको प्रस्तुति स्थानीय तहमा अमेरिकामा के कसरी गरिएको छ भन्ने कुरामा केन्द्रित थियो। माननीय सांसदको प्रस्तुति मुख्यतः आफ्ना केटाकेटी विद्यालयको सेवा क्षेत्रबाहिर लैजाँदा अभिभावकले गर्नुपर्ने क्षतिपूर्ति र विद्यालय सञ्चालनमा समुदायको सहभागिताबारे केन्द्रित थियो। कार्यक्रमपछि लगत्तै लेखिएको उनको लेख यस सङ्कलनमा समावेश गरिएको छ। माननीय मन्त्रीज्यूको स्थानीय सरकारहरू गर्न सक्छन् भन्ने राजनीतिक सहमति भएर नै स्थानीय सरकारहरूलाई अधिकारहरू दिइएको र सक्दैनन् भन्ने समस्या बौद्धिक र प्रशासनिक क्षेत्रमा छन् भन्ने विचार थियो। संविधान र सङ्घीय कानूनसँग नबाझिने गरी स्थानीय सरकारहरू आफ्ना कानून बनाउन लाग्नुपर्छ भन्ने थियो। शिक्षकका कुरा नगरी विद्यालय शिक्षाको कुरा एकाङ्गी हुने धारणा राख्ने वहाँको भनाइ शिक्षकका दृष्टिकोणप्रति पनि पर्याप्त संवेदनशील थियो।

यी प्रस्तुतीहरू सबैले विचारको शुरूवात गराएका छन् र सबैले नै थप विचार विमर्श र अभ्यासको शृङ्खला माग गर्छन्।

# सङ्घीयताको सन्दर्भमा
# विद्यालय तहको शासकीय प्रबन्ध

**डा. तुलसी थपलिया**

## १. राज्य पुनःसंरचनाको सन्दर्भ र शिक्षाको शासकीय प्रबन्ध

वर्तमान राज्य पुनःसंरचनाको सन्दर्भले शिक्षाको शासकीय प्रबन्धमा निकै ठूलो परिवर्तन ल्याउन सक्ने अनुभव हुन थालेको छ। विद्यमान संरचनाहरू मार्फत एक प्रकारले सेवा प्रवाह भइरहेको स्थितिमा पुराना संरचनाको अस्तित्व नै नरहने स्थिति समेत देखिएको छ या तिनको भूमिकामा व्यापक परिवर्तन आउने अवस्था देखिएको छ। परिवर्तित वस्तुस्थिति अनुरूप सेवा प्रवाह गर्नका निमित्त कतिपय अवस्थामा नयाँ संरचना बनाउनु पर्ने भएको छ। नयाँ संरचनाको भूमिका निर्धारण गर्नुछ; अधिकार र जिम्मेवारी किटान गर्नुछ र सोअनुसार सँगसँगै आवश्यक स्रोतको व्यवस्थापन गर्नु छ। एक किसिमले हेर्दा यो कार्य एक प्रकारको संस्कृतिबाट अर्को संस्कृतिमा जानु जस्तै हो। संवैधानिक हैसियतबाटै अधिकार, स्रोत र जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ र अवस्थामा कर्ताहरू र तिनका भूमिका फेरिएका छन्। कुनै सानो कामका निमित्त माथिको मुख ताक्नु पर्ने, माथिका लागि प्रतिवेदन बनाइदिनु पर्ने, माथिको निकायलाई चित्त बुझाएर वा प्रभाव पारेर स्रोत झार्नु पर्ने अवस्थाबाट आवश्यकताको पहिचान गर्ने र सो आधारमा आफैँ योजना गर्ने र आफैं सेवाको व्यवस्थापन गर्ने जिम्मेवारी लिने कुरा सोचाइ मात्रै पनि निश्चय नै ठूलो फड्को मारे सरह थियो।

*शिक्षा क्षेत्रको एउटा उदाहरण हेरौं- यस अघिसम्म आफ्नो क्षेत्रमा कुनै विद्यालय खोल्नु पर्दा स्थानीय निकायको भूमिका 'सिफारिस' गर्नेमा सीमित थियो। निर्णय अर्कैले गर्ने, स्रोत अन्तैबाट आउने, सिफारिस नगर्दा अलोकप्रिय हुन सक्ने तर सिफारिस गर्दा दायित्व बोक्न नपर्ने तर जस प्राप्त गर्न सकिने अवस्था थियो। स्थानीय निकायले सिफारिस गर्दा आवश्यकता र औचित्यबारे खासै चिन्ता नलिनु अस्वाभाविक थिएन।*

*अब अर्को परिदृश्य हेरौं- स्थानीय निकायमा निश्चित स्रोत उपलब्ध छ । अरू स्रोतहरूको खोजी गर्नु छ । आवश्यकताका क्षेत्रहरू धेरै छन् । उपलब्ध स्रोतहरूको कुशलतम उपयोग गर्नुपर्ने छ । प्रतिस्पर्धी मागहरू मध्ये सबैभन्दा महत्त्वपूर्ण र जरुरी विषय छान्नुपर्ने छ । यस्तो अवस्थामा हरेक मागहरूको औचित्य र आवश्यकताका आधारमा विश्लेषण गर्नुपर्ने छ । तत्कालको आवश्यकता पूरा गरेर मात्र पनि पुग्दैन । दीर्घकालसम्म बढी लाभ दिने आयोजनाहरूको छनौट र कार्यान्वयन गर्नु छ । भएका स्रोत र संरचनाहरूबाट बढीभन्दा बढी लाभ लिन सम्भाव्य हरेक विकल्प केलाउनु छ । नत्र स्रोत पाउने र नपाउने सेवाग्राहीहरू बीच जित र हारको मनोविज्ञान पैदा हुने खतरा एकातिर छ भने अर्कोतिर तत्कालको समस्यामा अल्झेर दीर्घकालीन हिततिर अदेखा नहोस् भन्नेमा सचेत हुनुपर्ने छ ।*

अनुसूची १ मा शासकीय प्रबन्धका केही सैद्धान्तिक पक्षहरू उल्लेख गरिएको छ।

माथिको दोस्रो परिदृश्यले फरक संस्कृतिको माग गर्दछ । नेपालको संविधानले परिलक्षित गरेको अवस्था शायद यही दृश्यले प्रतिविम्बित गर्दछ। राज्य पुनःसंरचनाको सन्दर्भमा नेपालको संविधानको व्यवस्थाबारे छोटकरीमा समीक्षा गर्नु सान्दर्भिक हुने देखिन्छ :

- यसको प्रस्तावनाले राज्यको स्वरूप र यसको मौलिक चरित्रबारे यसरी स्पष्ट गर्दछ :
- "संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं ।" यसबाट के देखिन्छ भने संविधानले संघीयतालाई मूल चरित्रका रूपमा स्वीकार गरेको छ।
- राज्य पुनः संरचनाको सन्दर्भमा भाग ५मा 'राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड' बारे व्यवस्था गरिएको छ। जसअन्तर्गत धारा ५६ले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना हुने र ती तहले यस संविधान र कानून बमोजिम राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ।
- त्यस्तै भाग ५ अन्तर्गतकै धारा ५७ले राज्य शक्तिको बाँडफाँडबारे आवश्यक व्यवस्था गरेको छ। यस धाराको राज्यशक्तिको बाँडफाँडको

व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची क्रमशः अनुसूची ५, ६ र ८मा उल्लेख गरिएको छ। अनुसूची ७ले संघ र प्रदेशको साझा अधिकार सूची उल्लेख गरेको छ भने अनुसूची ९ले संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूची तोकेको छ।

- अनुसूची ८ले स्थानीय तहको अधिकारको सूची उल्लेख गरेको छ, जसअन्तर्गत २२ बुँदा समाविष्ट छन् । बुँदा नं ८ले शिक्षाको सेवा प्रवाह गर्ने सम्बन्धमा उल्लेख गर्दै आधारभूत र माध्यमिक शिक्षाको बारेमा स्थानीय तहबाट कार्य सम्पादन हुने व्यवस्था गरेको छ।
- अनुसूची ९ले संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूची तोकेको छ। जसअनुसार बुँदा नं २मा 'शिक्षा, खेलकुद र पत्रपत्रिका' भनेर अलिक खुकुलो परिभाषा उल्लेख गरिएको छ। अनुसूची ८ले स्थानीय तहको एकल अधिकार दिएको विषयमा अनुसूची ९को साझा सूचीको यस खुकुलो व्यवस्था प्रभावी वा हावी नहोला तर पनि धारा ५०मा उल्लिखित निर्देशक सिद्धान्तले भने झैं 'परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय एकाइहरू बीचको सम्बन्ध सञ्चालन' गर्नुको विकल्प छैन।
- भाग ३मा मौलिक हकको चर्चा गरिएको छ। जसअन्तर्गत धारा ३१मा शिक्षा सम्बन्धी हकको व्यवस्था छ। जसअनुसार "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ" भन्ने व्यवस्था छ। यसका अतिरिक्त समाजमा पछि परेका समूहका निमित्त विशेष व्यवस्था गर्ने आधार समेत प्रदान गरेको छ।
- धारा ५१ ले राज्यका नीतिहरू उल्लेख गरेर राज्य सञ्चालनका निमित्त मार्ग दर्शन गरेको छ, यसअन्तर्गत आधारभूत आवश्यकता सम्बन्धी नीतिभित्र शिक्षाको नीति कस्तो हुनुपर्ने भनेर आधार प्रदान गरिएको छ।

यस प्रकार संवैधानिक व्यवस्थाले शिक्षाको शासकीय प्रबन्धको सन्दर्भमा सामान्य नभई निकै ठूलो परिवर्तनको आधार दिएको छ। यो व्यवस्था कार्यान्वयन हुनुअघि के थियो र अब हुने नयाँ व्यवस्थाले के कस्तो फरक पार्छ भनेर हेर्ने हो भने परिवर्तनको गहिराइ र व्यापकताबारे विश्लेषण गर्न सहयोग पुग्न सक्दछ।

## २. जिम्मेवारीको दायरा

वर्तमान अवस्थामा विद्यालयको स्थापना सम्बन्धी कतिपय निर्णय जिल्ला र क्षेत्रस्तरमा हुने भए पनि त्यससँग सम्बन्धी नीति र कार्य विधिगत व्यवस्था केन्द्रबाटै हुने गरेको अवस्था छ । अब पनि संविधानले प्रत्याभूत गरेको शिक्षाको हकको जिम्मा कसले लिने ? कुनै स्थानीय तहले सो पूरा गर्न नसकेको अवस्थामा हक प्रचलन गर्न नागरिकले अदालतमा जाँदा कसलाई विपक्षी बनाउने ? अन्ततः राष्ट्रिय संविधान मात्र होइन अन्तर्राष्ट्रिय सन्धि सम्झौता, घोषणा-पत्र, अभिसन्धिमार्फत राज्यले जिम्मा लिएका विषयमा तीन तहका सरकारहरूको भूमिका र जिम्मेवारी के के हुने ? धारा २७९ ले ‘नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानून बमोजिम हुने’ व्यवस्था गरेको छ । यसले के देखाउँछ भने सेवा प्रवाहको व्यवस्थापन स्थानीय तहमा गए पनि जनताका हक प्रचलन गराउन, मुलुकभर समान उद्देश्यमा शिक्षा प्रणालीको सञ्चालन गर्ने दायित्वबाट संघीय सरकार उम्कन मिल्ने देखिँदैन । धारा ५१ अन्तर्गत राज्यका नीतिहरूको चर्चा गर्दै राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिको बुँदा ६मा “संघीय एकाइबीच जिम्मेवारी, स्रोतसाधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने” भनिएको छ । यसले पनि मूल जिम्मेवारी एक तहमा रहँदा पनि त्यसको कार्यान्वयनका लागि आपसी सहयोग र समन्वय अपरिहार्य रहेको स्पष्ट हुन्छ ।

- शिक्षा क्षेत्रमा कुन तहको सरकारले जिम्मा लिने भन्ने स्पष्ट उल्लेख नभएको अर्को महत्त्वपूर्ण पक्ष पाठ्यक्रमको व्यवस्थापनसँग सम्बन्धित छ । राष्ट्रिय स्वार्थको रक्षा गर्न, सामाजिक मान्यताहरूको जगेर्ना र प्रवर्द्धन गर्न, उपलब्ध स्रोतबाट कुशलतम रूपमा शिक्षा प्रदान गर्न संघीय तहको निश्चित चासो रहनु स्वाभाविकै हो । छिमेकी मुलुक भारत लगायत अन्य थुप्रै मुलुकले पाठ्यक्रमको विषयमा संघीय तहको खास भूमिका रहने गरी शिक्षाको व्यवस्थापन गरेको देखिन्छ । प्रादेशिक भाषा, संस्कृति जस्ता विषयले प्रदेश तहको र अन्य कतिपय मूल्य र स्रोत सम्बन्धी विषयले स्थानीय तहको स्वार्थहरू समेत समेटेको हुनसक्छ । अन्तरप्रदेश र राष्ट्रिय तहमा समान प्रकारको प्रमाणीकरण हुनुपर्ने अवस्थाले समेत समन्वयको

आवश्यकता दर्शाउँछन् । विज्ञान र प्रविधिको विकासले गर्दा पाठ्यक्रमका कतिपय पक्षहरूमा अन्तर्राष्ट्रिय स्तरमा समेत समानता बढ्दै गएको परिवेशमा पूर्ण रूपले स्थानीयकरण र अत्यन्त ठूलो विविधता हुने कुरा स्वाभाविक नदेखिन सक्छ । क्षमताका दृष्टिले समेत यस्ता कार्य कुन तहले कुशलतम रूपमा सम्पादन गर्न सक्दछन् भनेर छलफल गर्न सकिन्छ ।

- प्रमाणीकरणको मुद्दा पनि त्यतिकै महत्त्वपूर्ण छ । निश्चित योग्यता प्रणाली नहुँदा एक स्थानीय तहको योग्यतालाई अर्कोले कमसल ठान्ने अवस्था आउन पक्कै पनि दिनुहुन्न ।
- शिक्षक व्यवस्थापन अर्को अत्यन्त पेचिलो विषय हुनपुग्दछ । यसका केही कारणहरू यसरी केलाउन सकिन्छ :

  क) शिक्षाको गुणस्तरमा शिक्षकको गुणस्तरको प्रभाव निकै कसिलो रूपमा देखिने गरेको छ । सानो भौगोलिक एकाइमा भर्ना गर्ने र व्यवस्थापन एकाइ सानो तहमा राख्दा दुर्गम र कम सुविधा सम्पन्न क्षेत्रमा उत्तिकै सक्षम शिक्षक भर्ना हुने कुरा निकै कठिन हुने देखिन्छ । विकसित मुलुकमा समेत अलिक छेउछाउमा सक्षम शिक्षक पाउन मुस्किल हुने स्थितिमा नेपालजस्तो मुलुकको अवस्थामा विद्यालय वा स्थानीय तहमा शिक्षक व्यवस्थापन गर्न खोज्दा समान क्षमताको शिक्षक आपूर्ति सजिलो नहुने कुरा स्पष्ट छ । फेरि, राष्ट्रिय स्तरमा भर्ना गर्दा सबैले सहज ठाउँमा बस्न खोज्दा कम सुविधा भएका ठाउँमा शिक्षक पुऱ्याउन वा टिकाउन निकै कठिन हुने गरेका अनुभव पनि छन । यस क्रममा सरुवाको विषयले निकै टाउको दुखाउन सक्छ ।

  ख) शिक्षकको वृत्ति विकासको निमित्त र काममा नयाँपन दिन नयाँ ठाउँमा काम गर्ने अवसर दिन समेत भौगोलिक एकाइको निश्चित आकार आवश्यक हुन्छ । एउटा विद्यालयले भर्ना गरेको शिक्षकको सेवा व्यवस्थापन सोही विद्यालयमा हुनसक्छ । गाउँपालिका तहमा भर्ना हुनेलाई सो निकायले आवश्यकता अनुसार त्यस तहभित्रका विद्यालयहरूमा परिचालन गर्ने कुरा सामान्य हुन सक्छ । अनि, जिल्ला तहमा व्यवस्थापन हुँदा सो जिल्लाभरि सरुवा हुने सामान्य देखिन्छ ।

भोलि, कुनै स्थानीय तहले भर्ना गरेको शिक्षक अर्को स्थानीय तहमा सरुवा हुनमा जटिलता हुन सक्छ। त्यस्तै बढुवाका अवसरलाई कूल दरबन्दीसँग आबद्ध गरिएको अवस्थामा थोरै दरबन्दी हुने जिल्लामा बढुवाका अवसर पाउनै मुश्किल पर्न सक्छ । अहिले पनि साना जिल्ला शिक्षकहरूको वृत्ति विकासको अवसर सीमित हुने गरेको अनुभव हामीसँग छ। यसले गर्दा साना आकारका निकायमा अझ दुर्गम क्षेत्रका स्थानीय तहमा शिक्षकहरूको आकर्षण कम हुन गई त्यहाँ समान योग्यता र दक्षताका शिक्षक आपूर्ति गर्ने विषय निकै जटिल बन्न सक्दछ।

- उपलब्धि परीक्षण मार्फत पनि देशभरमा समान प्रकारको वा समान गुणस्तरको शिक्षा उपलब्ध गराएको छ भन्ने आधार तयार हुन सक्छ। नेदरल्याण्डस्को कुरा गर्दा केन्द्रीय स्तरको उपलब्धि परीक्षण प्रणाली मार्फत यदि कुनै विद्यालय 'धेरै कमजोर'को दर्जामा पऱ्यो भने दुई वर्षको अवधिमा सच्चिन उसलाई अवसर दिइन्छ, सहयोग परिचालनदेखि पाउने स्रोत र काम गर्ने जनशक्तिको जागिर समेत जोखिममा पर्नसक्छ। दुई वर्षमा समेत सुध्रिन नसकेको अवस्थामा सो विद्यालय नै बन्द गर्ने व्यवस्था छ। ज्यादै कमजोर विद्यालयमा पढ्ने विद्यार्थीको भविष्य नै जोखिममा पर्ने ठहर गरी सोबाट उद्धार गर्न नेदरल्याण्डस्ले 'रुग्ण विद्यालय उद्धार' गर्ने यस्तो कार्यक्रम राखेको देखिन्छ। अब यस्तो उद्देश्य राख्ने विद्यार्थी उपलब्धि परीक्षण कार्य समेत स्थानीय तहमा सीमित गरियो भने यसबाट देशभरको तुलना हुने सम्भावना नै रहन्न। त्यसकारण कुन काम कुन तहमा भन्ने कुरा गहिरोसँग सोचेर मात्र टुङ्गोमा पुग्नु पर्दछ।



## ३. साझा ढङ्गबाट शिक्षा सेवाको व्यवस्थापन

- संवैधानिक व्यवस्था हेर्दा शिक्षाको सेवा व्यवस्थापन गर्न गाउँपालिका वा नगरपालिका स्वतन्त्र देखिन्छन् । तर पनि कतिपय अवस्थामा अन्तरपालिका समन्वयले सेवाको प्रवाहमा कुशलता प्राप्त हुन सक्छ। फोहोरमैलाको व्यवस्थापन गर्न एक्लै गर्दा निकै खर्चिलो हुनसक्छ, मिलेर

गर्दा लागतमा हिस्सा बोके पुग्छ। जम्मा गर्ने र प्रशोधन गर्ने एउटै स्थल र उपकरणले काम दिन सक्छन्। त्यसकारण कार्यादेश कुन तहमा छ भनेर हेर्नुका अतिरिक्त सो कार्य गर्न कोसँग सहकार्य हुन सक्छ भनेर समेत हेर्नु उपयुक्त हुन सक्छ।

- अन्तरपालिका समन्वयका चार प्रकारको चर्चा गर्ने गरेको पाइन्छ (Teles, 2016):

  क) आधिकारिक निर्णय गर्ने अधिकार सहितको समन्वय संयन्त्र : नेपालको सन्दर्भमा जिल्ला स्तरमा समन्वय समितिको प्रावधान छ। यसमा स्थानीय तहको प्रतिनिधित्व हुन्छ र सो वैधानिक आधारमा स्थानीय तहका नीतिहरूको योजना र समन्वयको कार्य गर्छन्।

  ख) सेवाप्रवाहको साझा संगठन : एउटै निकाय मार्फत सेवा प्रवाह हुँदा सोबाट समेत समन्वय हुने देखिन्छ। जस्तै फोहरमैला व्यवस्थापन गर्ने एउटै निकायबाट सेवा लिने स्तानीय तहहरू बीच सो संस्था मार्फत समन्वय सम्भव हुन्छ।

  ग) स्थानीय तहहरू बीच हुने सम्झौताबाट समन्वय : निश्चित उद्देश्यका लागि आपसी सम्झौताका आधारमा सेवा समन्वय गर्न सक्छन्। उपयोगी नदेखिएमा सो सम्झौता भङ्ग गर्न वा परिमार्जन गर्न समेत स्वतन्त्र रहन्छन्।

  घ) अनौपचारिक योजना मञ्च (loose planning forum): यसमा वैधानिक आधारमा भन्दा पनि आवश्यकता र उपयोगिताका आधारमा स्थानीय तहहरू आपसमा मिलेर योजना बनाउने कार्य गर्छन् : यसो गर्दा अनुभवको आदानप्रदान हुन्छ र आफ्ना खाँचो पूरा गर्ने गरी अरूको सहयोग समेत प्राप्त गर्ने प्रयत्न हुन्छ। यो मञ्च सहयोगी नदेखिएमा कुनै पनि निकायले जुनसुकै बखत निस्कन स्वतन्त्र हुन्छ।

यस प्रकार सो निकायले आफ्नो जिम्माको काम आफू एक्लैले, आफ्नै ढङ्गले गर्नसक्ने हो वा अरूको सहयोगमा वा आपसी सहयोग कसरी प्राप्त गर्ने भन्नेमा समेत छलफल हुनु आवश्यक देखिन्छ।

## ४. व्यवस्थापनको स्केल

सामान्यतः प्राथमिक तहको शिक्षाको योजनाको निमित्त स्थानीय तह उपयुक्त हुनसक्छ तर माध्यमिक शिक्षा, प्राविधिक वा व्यावसायिक शिक्षा र उच्च शिक्षाका निमित्त योजना गर्न अलिक ठूलो भौगोलिक एकाइ बढी कुशल हुने देखिन्छ ।

विशेष शिक्षा, वा विशेष प्रतिभा हुनेका निमित्त शिक्षाको योजना र प्रबन्ध गर्न माथिल्लो एकाइ बढी कुशल हुन सक्छ । सानो एकाइभित्र यस्ता सेवा लिने संख्या थोरै हुने हुँदा माथिल्लो एकाइले सेवा दिने वा अन्तरपालिका समन्वय मार्फत सेवाको उत्पादन र वितरण हुने व्यवस्थाले कुशलता प्रवर्द्धनमा सहयोग पुग्न सक्छ ।

पाठ्यक्रम वा तालिम जस्ता प्राविधिक पक्षमा योजना र सेवा प्रवाहका निमित्त माथिल्लो एकाइ बढी कुशल हुन सक्छ । यस्ता सेवा दिन विशेषज्ञता चाहिने हुँदा यस्ता एकाइलाई राजनीतिक एकाइबाट स्वतन्त्र राखी सेवाको बन्दोबस्त हुन सक्दछ ।

## ५. विभिन्न तहहरू बीच समन्वय र सहकार्य

कुनै सेवा प्रवाह गर्न सरकारका विभिन्न तहहरू बीच समन्वय र सहकार्य जरुरी हुन्छ । जस्तैः शिक्षक व्यवस्थापनकै कुरा गरौं । शिक्षक व्यवस्थापनमा संघीय, प्रादेशिक र स्थानीय तहका फरक फरक भूमिका पूरा गर्नुपर्ने हुन सक्छ । जस्तैः सेवा शर्त तोक्ने, योग्यता तोक्ने (समानता कायम गर्ने वा एकाइ अनुसार फरक फरक हुने), देशभर समान योग्यता र सेवा शर्त तोक्ने हो भने यो कार्य संघीय तहमा, अन्यथा प्रादेशिक तहमा रहन सक्छ । देशका सबै बालबालिकाले समान योग्यता र सक्षमता भएका शिक्षकबाट सेवा पाउने सुनिश्चित गर्ने हो भने यस्तो कार्य संघीय तहले नै गर्नुको विकल्प रहन्न ।

शिक्षकको सेवाको प्रकृति अनुसार शिक्षकको भर्ना र छनौट विभिन्न तहबाट हुन सक्छ । अहिले पनि दरबन्दीका शिक्षकको छनौट शिक्षक सेवा आयोग मार्फत हुने व्यवस्था छ भने राहत वा निजी स्रोतका शिक्षकहरूको छनौट विद्यालय तहमा हुने गरेको छ । अब संघीय तहमा छनौटको समान आधार

निर्धारण गरेर प्रादेशिक तहमा रहेको शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने एउटा विकल्प हुन सक्दछ। प्रधानाध्यापकको छनौटको निमित्त विशेष व्यवस्था हुन सक्दछ। प्राथमिक (आधारभूत) र माध्यमिक तहको शिक्षकको छनौटको पृथक व्यवस्था राख्ने कुरा पनि छलफल हुन सक्दछ।

शिक्षकलाई काममा लगाउने, पदोन्नतिको व्यवस्था आदि सानो एकाइमा हुँदा सँधै एकै ठाउँमा रहने र नयाँपन अनुभव गर्न नपाउने हुन सक्छ। त्यस्तै निश्चित संख्यामा बढुवा दरबन्दी हुँदा साना एकाइमा वृत्ति विकास समेत प्रभावित हुने अवस्था हुन सक्छ। संघीय तहले नर्मस तयार गर्ने, प्रादेशिक र स्थानीय तहले (कतिपय विषयमा विद्यालयले समेत) कार्यान्वयन गर्ने गरी सहकार्य हुने अवस्था हुन सक्दछ।

अर्थात् शिक्षक व्यवस्थापन पूर्ण रूपमा कुनै एकाइलाई जिम्मा दिने भन्दा पनि आपसी समन्वयको आधार तयार गर्ने कुरा व्यावहारिक हुन सक्दछ।

## ६. राष्ट्रिय उद्देश्य र स्थानीय व्यवस्था

शिक्षा प्रदान गर्ने विषय व्यक्ति, समुदाय र राष्ट्रीय स्वार्थसँग जोडिन्छन् । व्यक्तिका प्रतिभा प्रस्फुटनका अवसर, समुदायका आफ्ना पहिचान र गौरवलाई सम्वर्द्धन गर्ने विषय र राष्ट्रिय एकतामा आबद्ध गर्ने, राष्ट्रिय पहिचान निर्माण गर्ने विषयबीच तालमेल मिलाउनु पर्ने हुन्छ। स्थानीय तहले व्यवस्थापनमा कुशलता ल्याउन सक्छ, तर राष्ट्रिय स्वार्थलाई कसरी सम्वर्द्धन गर्ने भन्नेमा पर्याप्त ध्यान पुग्नु जरुरी छ।

हाम्रो सन्दर्भमा, विद्यार्थी छान्ने र छुट्टिने (segregation) अहिले नै निकै पेचिलो बनिसकेको छ। अमेरिकामा जातीय आधारमा विद्यार्थीहरू विद्यालयमा बाँडिए भनेर त्यसलाई रोक्न १९५०कै दशकमा अदालतले एउटा टोल छिमेकका बालबच्चा उही स्कूलमा लाने भनेको थियो तर त्यो बस्ती पनि साझा नभएर कुनै कालाको बस्ती, कुनै गोराको कुनै धनीको, कुनै गरीबको हुन गयो। यस्तो अवस्थामा बस राखेर, अर्को बस्तीका विद्यार्थीलाई ल्याएर भए पनि मिसाउने आदेश भएको पढ्न पाइन्छ। पछिल्ला चरणमा सुविधाविहीन समूहका विद्यार्थी भर्ना गर्न कतै अनिवार्य कतै प्रोत्साहनका रणनीति अवलम्बन गरेको देखिन्छ। हाम्रो अवस्थामा छान्ने र छरिने स्थितिमा कसरी सुधार गर्ने होला ? (प्रोत्साहन,

स्तर सुधार, सेवा क्षेत्र तोक्ने) सामाजिक रूपमा समभाव र सद्भावको विकास गर्ने वा आत्म-गौरवका साथ जीवन जिउने अवस्थामा पुऱ्याउन समेत निजी क्षेत्रबाट हुने सेवा प्रवाह अनुपयुक्त ठहरिन सक्छन् (Marcou, 2016) । यस्ता अवस्थामा सेवाको प्रबन्धमा सार्वजनिक क्षेत्रको उपस्थिति र अग्रसरतालाई बेवास्ता गर्न नसकिने कुरा युरोपेली अनुभवले समेत देखाएको छ।

आशा गरौं,

राज्य पुनःसंरचनाको कार्यान्वयनपछि विभिन्न तहका सरकारहरू बीच समन्वय र सहकार्य बलियो हुनेछ । सेवाको प्रबन्धको जिम्मा पाएका हाम्रा स्थानीय तहहरूले आवश्यक सहयोग प्राप्त गर्नेछन् । र शिक्षाको समग्र प्रभावकारितामा सुधार आउने छ।

अनुसूची २मा विभिन्न ढाँचाबाट व्यवस्थापन गरिएका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

## सन्दर्भ सामग्री

Hufty, Marc (2011). "Investigating Policy Processes: The Governance Analytical Framework (GAF). In: Wiesmann, U., Hurni, H., et al. eds. Research for Sustainable Development: Foundations, Experiences, and Perspectives.". Bern: Geographica Bernensia: 403–424.

Hulst, Rudie and Montfort, Andre Van. (2007). Inter-municipal cooperation: A widespread phenomenon. In Hulst and Montfort (eds.), Inter-municipal cooperation in Europe. Dordrecht: Springer.

James C. Clingermayer and Richard C. Feiock. (2001). Institutional constraints and policy choice: *An Exploration of Local Governance. NY:* State University of New York Press.

Marcon, Gerard. (2017). The impact of EU law on local public service provision: Competition and public service (chapter 2). In Fouchet, Robert; and Brandsen, Taco (Eds.). Public and social services in Europe: From public and municipal to private sector provision. London: Palgrave macmillan.

Saito, Fumihiko. (2008). Decentralization and local governance: Introduction and overview. In Saito, Fumihiko (ed.), Foundations for local governance: Decentralization in comparative perspective. Seta: Springer.

Teles, Filipe (2016). Local governance and inter-municipal cooperation. London: Palgrave Macmillan.

Wong, Kenneth, K., Shen, X; Anagnostopoulos, and Stacey. (2007). The Education Mayor: Improving America's Schools. Washington D.C.: Georgetown University Press.

## अनुसूचीः १

## शासकीय प्रबन्धका केही सैद्धान्तिक पक्षहरू

### क. परिभाषा

सामान्यतः शासकीय प्रबन्ध भन्नाले विभिन्न कर्ता वा सरोकारवालाहरू बीचको अन्तर्क्रियाको स्वरूप, प्रक्रिया र खास विषय केन्द्रित निर्णय निर्माणको आधार भन्ने बुझिन्छ । त्यसैले दिनदिनको कार्य सञ्चालन भन्दा पनि कुनै विषयको समस्या समाधानका आधारहरू, भिन्न मत, माग र प्राथमिकताहरू बीच समन्वय गर्दै निर्णयमा पुग्ने संयन्त्र तयार गर्ने, सोका सन्दर्भमा विभिन्न कर्ताहरूको अधिकार र जिम्मेवारी परिभाषित गर्ने र उत्तरदायित्व किटान गर्नेसम्मका विषय यसको क्षेत्रमा पर्छन् । यसको थप चर्चा गर्नुअघि दुईओटा परिभाषा प्रस्तुत गरिन्छ :

*"शासकीय प्रबन्ध भनेको साझा आर्थिक, राजनीतिक र सामाजिक सवालहरूको समाधानका लागि फरक सरोकारवालाहरू सार्वजनिक, निजी या नागरिक समाजका सदस्यहरू बीच प्रक्रिया वा परिणामका लागि हुने अन्तर्क्रिया हो ।"*[*]

[*] "Governance can be defined as processes and outcomes of consultative interactions between different constituent members including public, private, and civil organizations in order to resolve common political, economic, and social issues." (Saito, 2008, p. 6, as cited from Saito 2003, Kooiman, 2003: 4; Evans et al. 2005)

साइतो (२००३)को यस परिभाषाले शासकीय प्रबन्धको अर्थ र क्षेत्रबारे उठाएका मूल विषयलाई यसप्रकार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

- उद्देश्य : यसको उद्देश्य आर्थिक, सामाजिक वा राजनीतिक चरित्रका साझा प्रश्नहरूलाई टुङ्गोमा पुऱ्याउने,
- तरीका वा माध्यम : सो विषयमा साझा चासो हुने समूह- सार्वजनिक, निजी क्षेत्र वा नागरिक समाजका व्यक्तिहरू बीच अन्तर्क्रिया मार्फत परामर्श लिने,
- यसको क्षेत्र वा नतिजा : अन्तर्क्रियाको प्रक्रिया र सोको उपलब्धि दुवै अट्न सक्छ ।

*अब अर्को एउटा परिभाषा हेरौं : "शासकीय प्रबन्ध साझा समस्यामा संलग्न भएका कर्ताहरूको अन्तर्क्रियाको र निर्णय प्रक्रियासँग जसले (समस्या समाधानका लागि) सामाजिक मान्यता र संस्थाहरूको सिर्जना, सुदृढीकरण र पुनरुत्पादन गर्न लगाउँछ ।"**

माथि साइतोले झैं Hufty (2011)को परिभाषाले पनि यी तीनै पक्षहरूलाई समेटेको देखिन्छ :

- **उद्देश्य** : साझा समस्याको समाधान खोज्ने ।
- **तरीका वा माध्यम** : विभिन्न कर्ताहरूबीचको अन्तर्क्रिया र निर्णय निर्माण प्रक्रिया ।
- **नतिजा-समस्याको समाधान** : समस्याको समाधान गर्ने क्रममा सामाजिक मान्यता तथा संस्थागत आधारहरू (norms and institutions)हरूको निर्माण, सुदृढीकरण वा पुनरुत्पादन ।

यसरी हेर्दा शासकीय प्रबन्धको चासो तत्कालको समस्या समाधानमा मात्र सीमित हुने नभई सामाजिक मान्यताहरूको निर्माण, सुदृढीकरण वा पुनरुत्पादनसम्म विस्तारित भएको अर्थ लाग्दछ । अन्ततः यसले अन्तर्क्रियाको स्वरूपलाई समेत परिभाषित गर्ने देखिन्छ । कस्तो व्यवहार अपेक्षित हुने हो, को,



* "It relates to "the processes of interaction and decision-making among the actors involved in a collective problem that lead to the creation, reinforcement, or reproduction of social norms and institutions." (Hufty, Marc, 2011)

केका निमित्त जिम्मेवार हुनुपर्ने हो भन्ने प्रकारका सम्बन्धहरूलाई खुलस्त गर्ने विषय समेत यसभित्र अटाउने देखिन्छ ।

## ख. विश्लेषणको ढाँचा

Hufty (2011)ले शासकीय प्रबन्धको विश्लेषण गर्ने ढाँचाबारे चर्चा गरेका छन् । उनले उपयोग गरेको ढाँचामा ५ ओटा अन्तरसम्बन्धित अङ्ग वा पाटाहरूलाई समेटेका छन् । जसअनुसार :

(क) समस्या वा बहसका विषय र तिनको चरित्र वा विशेषता,

(ख) त्यस विषयसँग सम्बन्धित सामाजिक मान्यताहरू (social norms),

(ग) सम्बन्धित कर्ताहरू र तिनका भूमिका,

(घ) ती कर्ताहरू बीचको सम्पर्क बिन्दुहरू (nodal points) र सम्पर्कको नियमितता,

(ङ) अन्तर्क्रियाको प्रक्रिया र निर्णय निर्माण गर्ने तरीका ।

यसअनुसार हेर्ने हो भने शिक्षाको सेवा प्रवाहमा के कस्ता प्रश्नहरू जटिल भएर आउलान्, तिनलाई मार्गनिर्देश गर्ने हाम्रा आधारभूत मान्यताहरू के के छन्, कर्ताहरू को को होलान्, स्वार्थको टकरावको क्रममा तिनको जम्काभेट कहाँ हुन्छ, विषयहरूलाई कसरी किनारा गरिएलान् वा के प्रक्रिया मार्फत टुङ्गोमा पुगिएला भन्ने जस्ता प्रश्नहरू मनन योग्य छन् ।

## ग. सार्वजनिक सेवा प्रबन्धका आधारहरू

**सार्वजनिक प्रशासनको ढाँचा** : सरकार आफैं उत्पादक, वितरक र नियामकका रूपमा उपस्थित हुने । शिक्षाको सन्दर्भमा कुरा गर्दा सरकारले आवश्यकताको आकलन गरी सो आधारमा विद्यालय खोल्ने वा अन्य वैकल्पिक तरीका मार्फत शिक्षा सेवा उपलब्ध हुने सुनिश्चित गर्ने । यसको मूल आधार के हो भने सार्वजनिक सेवाहरू सार्वजनिक रूपमा नै उत्पादन र वितरण गर्दा जनतालाई न्याय गर्न सकिन्छ । कमजोर वर्गको हित रक्षा हुनसक्छ र विकासका अन्य

पाटोहरूसँग समन्वय गर्न सम्भव हुन्छ (जस्तैः बाटो घाटो, पुल, बत्ती, बस्ती विकास, रोजगारी आदि) ।

**नयाँ सार्वजनिक व्यवस्थापनको ढाँचा (New Public Management):** सरकार आफैं सेवा प्रवाहमा लाग्ने भन्दा पनि सेवाको योजना र सेवा सुनिश्चित गर्नेमा संलग्न हुनुपर्छ । सेवा दिनेहरू बीच प्रतिस्पर्धाको वातावरण तयार गर्नुपर्छ । सेवा प्रदायकहरू जबजब प्रतिस्पर्धा गर्न थाल्छन्, सेवा लिनेलाई खुशी बनाउनमा प्रतिस्पर्धा हुन थाल्छ र यसरी सेवा लिने 'उपभोक्ता'को हित र स्वार्थको रक्षा हुनपुग्छ भन्ने यसको आधारभूत मान्यता हो । 'प्रतिस्पर्धा मार्फत उत्तरदायित्व'को आधारमा सेवामा सुधार गर्ने यो मान्यताले सन् ९० को दशकमा निकै लोकप्रियता आर्जन गरेको थियो । शिक्षा क्षेत्रमा निजी क्षेत्रको प्रवेश, भौचर प्रणालीको अवलम्बन, प्रतिविद्यार्थी लगानी जस्ता नीतिमार्फत सार्वजनिक शिक्षण संस्थालाई उत्तरदायी बनाउने प्रयत्न भएका देखिन्छन् ।

**सेवाको सहउत्पादन (New Service Management):** जनता भनेका सेवाग्राही मात्र होइनन् । उनीहरू नागरिक अधिकारको अभ्यास गर्छन् । बजारका उपभोक्ताले जस्तो सेवा उपभोग गर्ने मात्र होइनन् । त्यसैले उनीहरूसँगको सहकार्य महत्त्वपूर्ण हुन्छ । सेवा प्रवाह गर्ने क्रममा कर्ताहरू फरक फरक हुन सक्छन् । तिनीहरू बीच समन्वय हुने वातावरण बनाउने र सार्वजनिक र निजी क्षेत्र तथा नागरिक क्षेत्र मार्फत सहउत्पादन गर्ने विषयले प्राथमिकता पाउँछ । यस प्रकार 'आपसी समन्वय र सहकार्य' मार्फत सेवाको उत्पादन र वितरण गर्ने मान्यताले प्रधानता पाउँछ ।

## अनुसूची : २

### केही घटनाहरूको अध्ययन र विश्लेषण

१. यो नगरपालिकामा एउटा निजी क्षेत्रको समेत चारवटा माध्यमिक विद्यालय छन् । सबै निकै ठूला भए: २०००भन्दा बढी विद्यार्थी । गत वर्ष जग्गा व्यवस्था गरी भवनका निमित्त टेन्डर भयो । भवन बन्यो । शिक्षक छनौट र तालिम भइसकेको छ । यस वर्षबाट भवन थपिएको स्कूलमा भर्ना शुरू हुन्छ । यसपछि सबै स्कूलमा ठिकठिक संख्यामा विद्यार्थी हुनेछन् । अब दशौं वर्ष अर्को स्कूलको खाँचो पर्ने छैन । (एउटा पालिकाका शिक्षा अधिकृतको भनाइ)

२. कक्षा पाँचमा अत्यन्त थोरै विद्यार्थी भए : जम्मा ८ जना । त्यति विद्यार्थी भएर पढाउनु सिकाइका निमित्त र खर्चको हिसाबले पनि राम्रो देखिएन । त्यसैले त्यो कक्षा अर्को नजिकैको स्कूलमा लगेर पढाइ हुन्छ । विद्यार्थीलाई टाढा नपरोस् भनेर नगरपालिकाले बसको व्यवस्था गरेको छ । शिक्षक पनि उतै पठाइएको छ । (अर्को कुनै पालिकाका शिक्षा अधिकृतको भनाइ)

३. नगरपालिकाले यो स्कूलको निमित्त प्रधानअध्यापकको विज्ञापन गरेको रहेछ । म अर्को स्कूलमा थिएँ । मलाई यस स्कूलमा आउन मन लागेपछि निवेदन राखेँ । म छानिएँ । अनि यस स्कूलमा आएर आफ्नो योजना प्रस्तुत गरेँ । नगरपालिका, स्कूल बोर्ड र साथीहरूको सहयोग प्राप्त गरेँ । एक दुईजनाले असहज महसूस गर्नुभएको थियो, हटाउनु परेन आफैं छोडेर अन्यत्र जानुभयो । म आएको छ वर्ष भयो । हरेक शिक्षकले नयाँ प्रयत्न गर्ने र साथीहरूसँग सुनाउने चलन छ । शिक्षकहरूको सहकार्यमा शिक्षण पद्धतिमा निकै परिवर्तन भएको छ । हामीले कक्षाकोठाको बनोट र सिकाइ पद्धतिका साथै बाहिरी खुल्ला ठाउँमा सिकाइ थलो निर्माण गरेका छौं । अहिले यस स्कूलको सामाजिक प्रतिष्ठा राम्रो छ । (अर्को कुनै विद्यालयका प्रअको भनाइ)

४. नगरपालिकाको एउटा हलमा शिक्षक तालिम चलिरहेको थियो । तालिमको विज्ञापन तीन/चार महिना पहिले नै भएको र तालिम शुक्रबारको आधा दिन मात्र भएको शिक्षा अधिकृतबाट थाहा भयो । लामो तालिम छुट्टै संस्था मार्फत चल्ने गर्दो रहेछ । तालिमको रकम स्कूलमा जाने र स्कूलले

आफ्नो आवश्यक विषयमा सो रकम खर्च गरी तालिम किन्दो रहेछ । यसरी तालिमलाई विद्यालयको योजना र आवश्यकता अनुकूल बनाइएको रहेछ । स्कूलले तिर्नुपर्ने भएपछि के सिक्यो भनेर चासो राख्ने र अरू शिक्षक साथीहरूलाई समेत सिकाउन निर्देश गर्दो रहेछ। (भ्रमणका क्रममा एक नगर शिक्षा अधिकृतको भनाइ)

५. नगरपालिकाको शिक्षा कार्यालयको एउटा हलमा ठूलो पुस्तकालय रहेछ। त्यहाँ विभिन्न शिक्षण सहयोगी सामग्रीहरू पुस्तक, विज्ञान प्रयोगशाला सामग्री आदि रहेछन् । स्कूलको माग अनुसार नगरपालिकाले सामग्री पुऱ्याउने र फर्काउने गर्दो रहेछ र सीमित सामग्रीबाट नगरपालिकाभित्रका सबै स्कूलले लाभ लिएको र कुशलता बढेको जानकारी पाइयो। (भ्रमणका क्रममा एक नगर शिक्षा अधिकृतको भनाइ)

६. नगरपालिकामा निरीक्षक, विशेष शिक्षाका विज्ञहरू र विद्यार्थीलाई परामर्श दिने विज्ञहरू रहेछन् । तिनले पालैपालो सेवाक्षेत्रका स्कूलमा गएर आवश्यकता अनुसार सेवा दिने गर्दा रहेछन् । हरेक स्कूलमा छुट्टाछुट्टै विज्ञ नियुक्ति गर्नु खर्चिलो हुने भएकाले त्यसो गर्दा कुशलता बढेको जानकारी। (भ्रमणका क्रममा नगरशिक्षा अधिकृतको भनाइ)

७. प्राविधिक शिक्षा र व्यावसायिक तालिमका आवश्यकताका बारेमा प्रदेश सरकारका मातहतका निकायबाट सेवा लिने व्यवस्था छ । अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकतालाई पूरा गर्ने विशेषज्ञ सेवा माथिल्ला निकायले प्रबन्ध गर्छन् र हामी सो सेवा उपयोग गर्छौं । (भ्रमणका क्रममा एक नगर शिक्षा अधिकृतको भनाइ)

८. केन्द्रीय सरकारले पाठ्यक्रमको मूल प्रारूप निर्धारण गर्छ, त्यसैको स्थानीय आवश्यकतामा आधारित समायोजन सहित हामी कार्यान्वयन गर्छौं । अन्त्यमा हरेक विद्यालयले न्यूनतम प्रकारको गुणस्तर पूरा गरेको सुनिश्चित गर्न केन्द्रीय तहबाट विद्यालय मूल्याङ्कन गरिन्छ र विद्यालयहरू त्यसमा सहभागी भई आफ्नो अवस्थाबारे जानकारी लिने र अभिभावकलाई जानकारी दिने गर्दछन् । यसले समान पाठ्यक्रमलाई समेत निर्देशित गर्दछ। (एक नगर शिक्षा अधिकृतको भनाइ)

# विद्यालय शिक्षाका मुख्य पक्षहरूको स्थानीय तहमा व्यवस्थापन

डा. मनप्रसाद वाग्ले

## पृष्ठभूमि

जारी भएको संविधानको कार्यान्वयनको क्रममा हुँदै गरेको स्थानीय निर्वाचनले नेपाललाई संघीयतामा एउटा खुड्किलो माथि लगेको छ । हामीसँग अहिले ७ वटा प्रदेश सहित ७४४ वटा स्थानीय तहको खाका कोरिएका छन् । यस्तो अवस्थामा संघीयताको अभ्यास कसरी गर्दा शिक्षा क्षेत्र राम्ररी अगाडि बढाउन मद्दत मिल्छ ? अरू मुलुकहरूका कुन कुन तहले कसरी काम गरिरहेछन् र अबका दिनमा शिक्षालाई कसरी व्यवस्थापन गर्दा सहज होला भन्ने हेतुले यो आलेख तयार पारिएको हो । यो आलेखले प्रारम्भिक बाल शिक्षादेखि १२ कक्षासम्मको सार्वजनिक शिक्षाको मात्र कुरा गर्नेछ जुन स्थानीय सरकारको अधिकारभित्र पर्न आउँछ । अनुसूची ८ले दिएको स्थानीय अधिकारभित्र शिक्षाको व्यवस्थापनको कुरा गर्दा शिक्षाकै साझा अधिकार भनी अनुसूची ९ले औंल्याएको संघीय, प्रादेशिक र स्थानीय निकायको साझा भूमिका सन्दर्भमा पनि यो आलेखले ध्यान दिएको छ ।

सबभन्दा पहिला अन्य देशको अनुभव साट्नतर्फ लागौं । बंगलादेश, भारत, श्रीलंका, जापान, अमेरिका, अष्ट्रेलिया, जर्मनी, नाइजेरिया र दक्षिण अफ्रिकी मुलुकहरूले शिक्षाको व्यवस्थापन कसरी गरेका रहेछन् भनेर विश्लेषण गर्दा त्यसबाट प्राप्त अनुभवलाई अनुसूची १ मा राखिएको छ । तुलनात्मक रूपमा हेर्दा विकासोन्मुख या अल्प विकसित देशमा शिक्षा केन्द्रीकृत र विकसित मुलुकमा यो स्थानीय तहको स्वायत्ततामा परेको देखियो । निश्चित कुरामा जस्तो शिक्षकको व्यवस्थापन, मूल पाठ्यक्रम र बजेट विनियोजन केही मुलुकलाई छाडेर संघीय सरकारले नै जिम्मा लिएको पाइयो । त्यसैले सबैको आ-आफ्नो ढाँचामा शिक्षालाई अगाडि बढाइरहेछन् ।

हाम्रो परिप्रेक्ष्यमा कुरा गर्दा संविधानको अनुसूची ८ ले स्थानीय तहलाई

विद्यालय शिक्षाको सम्पूर्ण अधिकार दिएको छ। स्थानीय निकायमा गाउँपालिका र नगरपालिकामा गठन हुने गाउँ सभा र नगर सभालाई कानून बनाएर लागु गर्नेसम्मको व्यवस्थापिका अधिकारयुक्त बनाइएको छ । उनीहरूको आफ्नै न्यायपालिकाको पनि व्यवस्था छ। यसरी शासकीय स्वरूपमा स्थानीय तह एउटा स्वायत्त र अधिकार सम्पन्न सार्वभौम संस्थाको रूपमा अगाडि सारिएको छ।

यस्तो अवस्थामा शिक्षाको व्यवस्थापन कसरी गर्दा उपयुक्त होला भन्ने हेतुले यो आलेख विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पाठ्यक्रममा सीमित गरिएको छ।

## क. विद्यालय व्यवस्थापन

गाउँपालिका र नगरपालिकाभित्र थुप्रै विद्यालय हुन्छन् । अहिलेसम्म शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालन हुँदै आएका विद्यालयहरू अब तिनले सञ्चालन गर्छन् । त्यसैले भएका विद्यालयलाई कसरी व्यवस्थापन गरे चुस्त किसिमले गुणस्तरीय शिक्षा प्रवाह गर्न सकिन्छ भन्ने चासो सर्वत्र छ। यसै सन्दर्भमा यी उपायहरू विकल्पको रूपमा अगाडि सार्न सकिन्छ :

१. स्थानीय तहको अधीनमा रहने गरी गाउँपालिका र नगरपालिका भित्रका विद्यालयहरूलाई क्लष्टरमा बाँड्ने । यसो गर्दा एउटा गाउँपालिकाभित्र ५ वटासम्म र नगरपालिकाभित्र १० वटासम्म क्लष्टर गर्ने। प्रत्येक क्लष्टरको जिम्मेवारी अनुभवी र सक्षम शिक्षक मार्फत अभ्यास गराउने।

२. उपमहानगरभित्रका विद्यालयलाई त्यसै गरी १५-२० क्लष्टरमा बाँड्ने। अनि नगरपालिकाका विद्यालयलाई क्लष्टरमा बाँडी शिक्षा-जिल्लाको अवधारणामा विकास गर्ने।

३. प्रत्येक क्लष्टरमा उनीहरूको मुख्य जिम्मेवारी विद्यालयको गुणस्तरीय विकासको लागि सरोकारवालालाई उत्तरदायी बनाउने काम दिने र एउटा सुपरिवेक्षकले १५ वटासम्म विद्यालयको जिमेवारी लिने।

यस भन्दा बाहेक स्थानीय तहको काम विद्यालयको हरेक पक्षलाई सबल र सुदृढ बनाउनु हो । कुन ठाउँमा विद्यालय खोल्ने, कसलाई स्वीकृति दिने, नक्शाङ्कनको आधार तोक्ने, शिक्षकको योग्यता निर्धारण गर्ने, पाठ्यपुस्तक र

पाठ्यक्रम सम्बन्धी नीति बनाउने, लागु गर्ने, अनुगमन गर्ने र मूल्याङ्कन गर्नेसम्मका सबै काम स्थानीय तहको नै हो ।

स्थानीय तह सक्षम छैनन् त्यसैले हामीले नै गर्नुपर्छ भन्नेहरू पनि छन् । यसरी स्थानीय तहलाई अविश्वास गर्नु भनेको संविधानप्रति अविश्वास गर्नु हो । संविधान मानिसकेपछि त्यसले उठान गरेका सबै पक्षको सम्मान गर्नुपर्ने हुन्छ केन्द्रले नै सञ्चालन गर्दै आएको शिक्षामा पनि कहाँ छ त गुणस्तर ? बरू स्थानीय तहलाई यो अधिकार दिँदा गुणस्तरको गुञ्जायस प्रशस्त रहन्छ । उनीहरूमाथि शंका गरेर अनुसूची ८को अधिकार छिन्ने प्रयास कहीँ कतैबाट हुनु हुँदैन । बरू आजैदेखि सबैले आ-आफ्नो तर्फबाट स्थानीय तहलाई सक्षम बनाउने काम गर्नु बुद्धिमानी हुनेछ ।

## ख. पाठ्यक्रम र पाठ्यपुस्तक व्यवस्थापन

४. **पाठ्यक्रम**ः संघीय सरकारले तयार पारेको राष्ट्रिय शिक्षा नीति र प्रदेशले तयार पारेको प्रादेशिक शिक्षा नीतिको दायराभित्रै रहेर पनि स्थानीय तहले आफ्ना विद्यालयको लागि छुट्टै पाठ्यक्रम बनाउन सक्ने अधिकार छ। स्थानीय तहको आर्थिक स्रोत के हो ? कस्ता सीप आवश्यक पर्छन् ? विद्यालयमा के विषयवस्तु पढायो भने शिक्षालाई अर्थोपार्जनसँग जोड्न सकिन्छ ? स्थानीय तहमा रहेका उद्योग र व्यापारसँग विद्यालय शिक्षालाई कसरी आबद्ध गर्न सकिन्छ ? जस्ता कुराहरूको विश्लेषण गरी विद्यालय शिक्षाको पाठ्यक्रम स्थानीय तहले बनाउन र लागु गर्न सक्छ । यसमा सरोकारवालाहरूसँग गहन विचार गरी नवीनतम पाठ्यक्रम निर्माण गरी लागु गर्न स्थानीय सरकार अघि सर्नु पर्दछ ।

५. **पाठ्यपुस्तक**ः संघीय वा प्रादेशिक सरकारले पाठ्यपुस्तकको सूची उपलब्ध गराउन सक्छ । त्यस्तो अवस्थामा विषय अनुसार उपयुक्त पाठ्यपुस्तक छान्ने जिम्मा स्थानीय तहको हुन्छ । यसभन्दा बाहेक पाठ्यपुस्तक सम्बन्धी नीति बनाउने अधिकार स्थानीय तहलाई प्राप्त छ । आफ्नो क्षेत्रमा आफैंले बनाएको पाठ्यक्रमका आधारमा कस्तो पाठ्यपुस्तक लेखाउने वा अरू स्थानीय तहले लागु गरेको पाठ्यपुस्तक

छनौट गर्ने वा अन्य कुनै उपायले पाठ्यपुस्तक व्यवस्थापन गर्ने भन्ने कुराको निर्क्यौल स्थानीय तहले गर्न सक्छ। आफ्नो क्षमता र लगानी समेतलाई विचार गरी पाठ्यपुस्तक व्यवस्थापनको विकल्प सहितको व्यवस्था गर्ने काम स्थानीय तहकै हो ।

संघीय सरकारले मूल पाठ्यक्रमको सिफारिस गर्न सक्छ। यसको अलावा विद्यालय पाठ्यक्रम प्रारूप बनाएर स्थानीय तहलाई निर्देशित गर्न सक्छ। राष्ट्रिय इतिहास, राष्ट्रिय भूगोल र राष्ट्रका भाषा सम्बन्धी पाठ्यक्रम संघीय सरकारले तोक्न सक्छ तर अरू विषयमा उसले हस्तक्षेप गर्न मिल्दैन । त्यस्तै विद्यार्थीको मूल्याङ्कनको पनि स्तरीकृत परीक्षा र मूल्याङ्कनका मापदण्ड बनाउने काम राष्ट्रिय रूपमा संघीय सरकारले र प्रादेशिक रूपमा प्रदेश सरकारले प्रारूपका रूपमा मात्र तयार पार्न सक्छन्। संघीयता लागु भएका अन्य मुलुकका उदाहरणबाट यो कुराको पुष्टि हुन्छ । त्यस्तै संघीय सरकारले राष्ट्रिय रूपमा राष्ट्रिय योग्यताको प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यताको प्रारूप बनाउने काम गर्ने हो र अनि प्रादेशिक सरकारले प्रदेशको लागि उपलब्ध साधन र स्रोतको आधारमा त्यस्तै खाका बनाउने हो । बाँकी जिम्मा अनुसूची ८ बमोजिम स्थानीय तहलाई नै दिनु पर्ने देखिन्छ।

प्रदेशको आवश्यकता र आवश्यक मानव स्रोत विकास गर्ने हेतुले स्थानीय तहसँग समन्वय गरी प्रदेशले पाठ्यक्रम र पाठ्यपुस्तकको काम गर्न सक्छ । यो काम गर्दा संघीय सरकारले तयार पारेको राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार हुनुपर्दछ। यो कामले संविधानको अनुसूची ९ आकर्षित गर्न सक्छ। तर अनुसूची ९ को साझा अधिकारलाई निहुँ पारेर प्रदेश र संघले स्थानीय तहको अनुसूची ८ को अधिकार छिन्ने काम भए दुर्भाग्य मात्र हुनेछ।

## ग. शिक्षक व्यवस्थापन

६. **क्षमता विकास**: विद्यालयमा कार्यरत शिक्षकको क्षमता विकास क्रमिक रूपमा भइरहनु पर्दछ नत्र विद्यालयको गुणस्तर खस्कने डर हुन्छ । सेवाकालीन त्यस्ता शिक्षकको नियमित तालिम, गोष्ठी र अन्य वृत्ति विकासका कामहरूका लागि शिक्षककै नेतृत्वमा यौटा परिषद बनाएर त्यसै परिषद मार्फत यस्ता काम गराउन सके गुणस्तर बढ्छ।

७. **शिक्षकको संगठनः** राष्ट्रिय रूपमा एउटा शिक्षक संगठन मात्र स्थानीय सरकारले आफ्नो मान्यतामा राखी स्थानीय तहमा पनि सोही संगठनको शाखालाई मात्र मान्यता दिन्छु भन्न पाउँछ र जति धेरै दल उति धेरै शिक्षक संगठनले पठन पाठनमा परेको नकारात्मक असरलाई मध्य नजर गर्दै गाउँ सभा या नगर सभाबाट कानून बनाएर यसको नियन्त्रण गर्न सकिन्छ । शिक्षक संगठनको प्रतिनिधिलाई शिक्षाकै गुणस्तर अभिवृद्धि गर्ने काममा लगाउन सके झनै वेश हुन्छ ।

८. प्रादेशिक शिक्षक सेवा आयोगले सिफारिश गरेका स्थायी शिक्षकको उचित व्यवस्थापन गर्ने काम त स्थानीय तहको हो नै । त्यसभन्दा बाहेक खाली भएको शिक्षक पदमा स्थायी नियुक्ति नहोउन्जेल अस्थायी रूपमा परिपूर्ति गर्नका लागि आवश्यक नियम बनाउने र पारदर्शी ढंगले प्रतिस्पर्धात्मक रूपमा शिक्षक आपूर्ति गर्न सकिन्छ ।

शिक्षक व्यवस्थापन अहिले सबभन्दा ठूलो चुनौतीको विषय हो । यसको व्यवस्थापन गर्न शिक्षा मन्त्रालयलाई हम्मे परेको अवस्था छ । यो रोग स्थानीय निकायमा रहनु हुन्न । संघीय सरकारले एउटा निश्चित मापदण्ड तयार पारेर शिक्षक व्यवस्थापन पारदर्शी गराउने काम गर्ने हो । अनि प्रादेशिक सरकारले त्यसैको परिधिमा रही आफ्नो प्रदेशले कस्तो शिक्षक खोजेको हो भनी थप सूचक सहित स्पष्ट गर्न सक्छ । त्यसैले संविधानको प्रावधान बमोजिम गठन हुने प्रादेशिक शिक्षक सेवा आयोगले आफ्नो कानून मार्फत प्रादेशिक लोक सेवा आयोगसँग समन्वय गरी शिक्षकको सिफारिस गर्ने र त्यसै अनुसार प्रदेशले गाउँपालिका र नगरपालिकालाई शिक्षक नियुक्तिको जिम्मेवारी दिने हो भने यो समस्या सल्टाउन सकिन्छ । कानून नबनाई लोक सेवा आयोगलाई जिम्मा दिन नमिल्ने भएकोले सम्भव भए संविधानमै संशोधन गरेर नभए प्रादेशिक कानून बनाएर शिक्षक व्यवस्थापन लोक सेवा आयोग मार्फत गराउने पहल थाल्नु बुद्धिमानी हुनेछ ।

शिक्षक व्यवस्थापनको जिम्मा यूरोप, अमेरिकामा विद्यालयलाई नै दिइएको देखिन्छ । केही अफ्रिकी मुलुक र नेपालमा यो काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । भारत, अष्ट्रेलियामा प्रदेशको जिम्मा छ । जापानमा शिक्षा विभाग

र स्कूल बोर्डले गर्दछ भने श्रीलंकामा राष्ट्रिय तहको शिक्षक हुन् । लोक सेवा आयोगले सिफारिस गरेको हुनुपर्दछ ।

त्यस्तै शिक्षकको पेशागत विकासको लागि शिक्षककै नेतृत्वमा रहेको प्राविधिक संस्थालाई धेरै मुलुकहरूले उपयोगमा ल्याएका छन् । शिक्षक तालिम, शिक्षक पेशा अभिवृद्धि, शिक्षण अनुमति पत्र जस्ता महत्त्वपूर्ण सवालहरूमा शिक्षककै पेशागत तर प्राविधिक संस्थाले जति सरकारले गर्न सक्दैन । शिक्षक पेशागत विकास परिषद गठन गरेर यस्ता कामको जिम्मा दिने हो भने गुणस्तरीय शिक्षकको हाम्रो परिकल्पना साकार हुने देखिन्छ । यसमा भने संविधानको अनुसूची ९ बमोजिम साझा अधिकार उपयोग गरी संघ, प्रदेश र स्थानीय तहले सकारात्मक भूमिका खेल्न सक्छन् ।

## सन्दर्भ सामग्री


https://en.wikipedia.org/wiki/Education_in_Asia

https://www.classbase.com/Countries/South-Africa/Education-System

https://en.wikipedia.org/wiki/Education_in_India

https://www.nuffic.nl/en/publications/find-a-publication/education-system-bangladesh.pdf

https://en.wikipedia.org/wiki/Education_in_Germany

en.wikipedia.org/wiki/Education_in_the_United_States

http://www.fulbrightsrilanka.com/?page_id=609

en.wikipedia.org/wiki/Education_in_Japan

वाग्ले, मन प्रसाद. २०७४. संविधानमा शिक्षा सम्बन्धी प्रावधानहरू ।

शिक्षाका लागि राष्ट्रिय अभियान (NCF) नेपाल ।

नेपालको संविधान, २०७२ ।

# अनुसूची १:
# विभिन्न मुलुकको शिक्षा नीति विश्लेषण

| मुलुक | राष्ट्रिय शिक्षा नीति | कार्यान्वयन गर्ने निकाय | संघीय भूमिका | प्रादेशिक भूमिका | |
|---|---|---|---|---|---|
| **बंगलादेश** | केन्द्रीय शिक्षा मन्त्रालय | शिक्षा निर्देशनालय | पूरै केन्द्रीकृत | केन्द्रको निर्देशन कार्यान्वयन गर्ने | |
| **भारत** | केन्द्रीय शिक्षा विभाग | प्रादेशिक शिक्षा मन्त्रालय | नीति निर्माण र निर्देशन | प्रादेशिक शिक्षा नीति बनाउने र लागु गर्ने | |
| **श्रीलंका** | केन्द्रीय शिक्षा विभाग | प्रादेशिक शिक्षा मन्त्रालय | नीति निर्माण र निर्देशन | प्रादेशिक शिक्षा नीति बनाउने र लागु गर्ने | |
| **दक्षिण अफ्रिका** | केन्द्रीय शिक्षा विभाग | प्रादेशिक शिक्षा विभाग | नीति निर्माण र निर्देशन | प्रादेशिक शिक्षा नीति बनाउने र लागु गर्ने | |
| **नाइजेरिया** | राष्टिय शिक्षा परिषद | प्रान्तीय सरकार | नीति निर्माण, अुनसन्धान, पाठ्यक्रम | नीति कार्यान्वयन, अनुगमन, प्रान्तीय नीति | |
| **जर्मनी** | शिक्षक तालिम र व्यावसायिक तालिमको नीति | शिक्षाको सम्पूर्ण जिम्मा | नीति बनाउने | विद्यालय शिक्षा देखि उच्च शिक्षासम्म | |
| **सं.रा. अमेरिका** | खासै म्यान्डेट छैन तर नीति बनाउन सक्ने/केन्द्रमा शिक्षा मन्त्री सरहको एजुकेशन सेक्रेटरी | शिक्षाको सम्पूर्ण जिम्मा गभर्नर अन्तर्गत शिक्षा हेर्ने निकाय कतै शिक्षा मन्त्री | नीति बनाउने | विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म बहुउद्देश्यीय बोर्ड | |
| **जापान** | केन्द्रीय मन्त्रालय MECST | प्रिफेक्चर, गभर्नर अन्तर्गत शिक्षा विभाग | शिक्षाको नीति निर्माण | विद्यालय शिक्षा सञ्चालन, लगानी सुपरिवेक्षण | |
| **अष्ट्रेलिया** | खासै अधिकार छैन तर शिक्षा विभाग रहने | प्रान्त सरकार | खासै छैन | सबै अधिकार | |

| | स्थानीय भूमिका | पाठ्यक्रम | पाठ्यपुस्तक | शिक्षाको खर्च | शिक्षक व्यवस्था |
|---|---|---|---|---|---|
| | केन्द्रको निर्देशन कार्यान्वयन गर्ने | केन्द्रले | केन्द्रले | केन्द्रले | केन्द्रीय शिक्षा मन्त्रालय |
| | प्रदेशको निर्देशनमा शिक्षा सञ्चालन र निगरानी | केन्द्र र प्रदेश | केन्द्र र प्रदेश | केन्द्र, प्रदेश र स्थानीय तह | प्रादेशिक शिक्षा मन्त्रालय |
| | प्रदेशको निर्देशनमा शिक्षा सञ्चालन र निगरानी | केन्द्र | केन्द्र | केन्द्र | प्रान्तीय लोकसेवा आयोग |
| | कार्यक्रम सञ्चालन, निरीक्षण | केन्द्र र प्रदेश | केन्द्र र प्रदेश | केन्द्र र प्रदेश | स्कूल गभर्निङ बोर्ड |
| | प्राथमिक शिक्षा, प्रौढ शिक्षा, व्यावसायिक शिक्षा | केन्द्र र प्रान्त | प्रान्त | संघीय र प्रान्तीय सरकार | प्रान्तीय सरकार |
| | व्यावसायिक शिक्षा कार्यान्वयनमा सघाउ, शिक्षाको अनुगमत | राज्य सरकार | राज्य सरकार | संघीय सरकारको कम राज्य सरकारको बढी | विद्यालय परिषद |
| | नीति कार्यान्वयन, अनुगमन | राज्य सरकार र विद्यालय | राज्य सरकार र विद्यालय | संघीय सरकारको कम राज्य सरकारको बढी | विद्यालय बोर्ड |
| | अनुगमन, निरीक्षण, बजेटको सुनिश्चितता, नगरपालिका बढी जिम्मेवार | नगरपालिका शिक्षा बोर्ड | नगरपालिका शिक्षा बोर्ड | संघ, प्रिफेक्चर र नगरपालिका | प्रिफेक्चर बोर्ड अफ एजुकेसन |
| | नीति कार्यान्वयन, अनुगमन निरीक्षण | केन्द्रले तयार पारेको पाठ्यक्रम प्रारूप अनुसार विद्यालयले | विद्यालयले | राज्य सरकार मुख्य | केन्द्रीय शिक्षा विभागको मेरिट नीतिमा आधारित भएर विद्यालयले |

# स्थानीय तहमा शैक्षिक वित्त व्यवस्थापनका चुनौतीहरू

डा. हरिप्रसाद लम्साल

## पृष्ठभूमि

शिक्षाले व्यक्तिको सिकाइमा परिवर्तन ल्याउँछ, सीप, दक्षता र काम गर्ने क्षमता बढाउँछ। यी सबै पक्षले व्यक्तिको कार्यक्षमतामा सुधार ल्याउँछ जसका कारण ऊ प्रतिस्पर्धामा सफल हुन सक्छ। शिक्षाको अभावमा व्यक्तिमा यी पक्षहरू हासिल हुन नसक्ने भएकाले ऊ अरूभन्दा कम क्षमतावान वा कमजोर बन्न पुग्दछ। क्षमतावान हुनु वा कम क्षमतावान हुनुले व्यक्तिको उत्पादनशीलतामा प्रभाव पार्दछ। क्षमतावान व्यक्तिको आयआर्जन क्षमता पनि बढी हुन्छ। यसरी शिक्षाको तह र व्यक्तिको आय आर्जन क्षमताको बीचमा अन्तरसम्बन्ध रहेको हुन्छ। गरीबीको चक्रमा रहेको व्यक्तिलाई उक्त चक्रबाट बाहिर निकाल्न वा उसलाई बाहिर ल्याउन शिक्षा नै चाहिन्छ। तर यो शिक्षा गुणस्तरीय, सीपयुक्त, सान्दर्भिक र समय सापेक्ष हुनु जरुरी छ। शिक्षालाई यस्तो बनाउनका लागि पनि रकमको आवश्यकता पर्दछ, शिक्षाले त्यति बेला मात्र आवश्यक रकम प्राप्त गर्न सक्छ जति बेला शिक्षालाई व्यवहारमै प्राथमिकताामा राखिएको हुन्छ।

## नेपालमा शिक्षालाई के कति प्राथमिकतामा राखिएको छ ?

शिक्षा प्राथमिकतामा रहे नरहेको हेर्नका लागि सरकारका दस्तावेज तथा सरकारले विनियोजन गरेको बजेट र उक्त बजेटले समेट्ने क्षेत्रहरूको अध्ययन गर्नुपर्ने हुन्छ। फेरि शिक्षा सरकारको के कति प्राथमिकतामा छ र व्यक्तिको के कति प्राथमिकतामा छ भन्ने विषयले पनि उत्तिकै अर्थ राख्ने गर्दछ। यो प्राथमिकता भनाइमा के कस्तो अवस्थामा छ र गराइमा के कस्तो अवस्थामा छ भन्ने विषय पनि महत्त्वपूर्ण छ।

नेपालको सन्दर्भमा चर्चा गर्दा शिक्षालाई संविधान, आवधिक योजना, ऐन नियम तथा योजनाहरूमा प्राथमिकतामा राखिएको पाइन्छ तर सरकारी बजेटको

**ग्राफ १: कुल गार्हस्थ उत्पादन र कुल राष्ट्रिय बजेटको तुलनामा शिक्षा बजेट**




स्रोतः रातो किताब (२००४/०५ देखि २०१६/१७)

उपलब्धताले सो प्राथमिकता पुष्टि गर्न सकेको देखिँदैन । विगत १० वर्षको शिक्षा क्षेत्रमा विनियोजन गरेको बजेट अध्ययन गर्ने हो भने शिक्षा बजेट क्रमश घट्दो क्रममा रहेको देखिन्छ । कुल गार्हस्थ उत्पादन र सार्वजनिक बजेटको तुलनामा शिक्षामा के कति बजेट विनियोजन गरिएको छ भन्ने विषय आफैंमा एक मानक पनि भएकोले शिक्षा बजेटको विश्लेषण गर्दा शिक्षालाई सरकारले उच्च प्राथमिकतामा राखेको छ भन्ने सकिने अवस्था रहेन ।

नेपालले पनि दिगो विकास लक्ष्य (शिक्षा सम्बन्धी लक्ष्य)का सम्बन्धमा दक्षिण कोरियाको इन्चियोनमा मे २०१५मा भएको विश्वव्यापी सम्मेलनका क्रममा कुल गार्हस्थ उत्पादनको तुलनामा न्यूनतम पनि ४ देखि ६ प्रतिशत र सार्वजनिक बजेटको तुलनामा १५ देखि २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा खर्च गर्नुपर्छ भन्ने विषयमा सहमति गरेको भए तापनि उक्त मान्यता सरकारका तर्फबाट पूरा गरेको भन्ने अवस्था माथिको ग्राफले देखाउँदैन । एकातर्फ बजेटको प्रतिशत घट्दो क्रममा रहेको छ भने अर्कोतर्फ उपलब्ध बजेटको मात्रा पनि स्थीर मूल्यमा के कस्तो छ भन्ने विषयमा आफैंमा विचारणीय छ । किनकि उपलब्ध बजेट प्रचलित मूल्यको आधारमा रहने हुनाले हरेक वर्ष अङ्कमा बढेको देखिएको बजेट रकम पनि वास्तविक मूल्यमा के कति मात्रामा बढेको छ छैन भन्ने बारेमा विश्लेषण हुने गरेको छैन । हरेक वर्षको बजेटको मूल्य अघिल्लो वर्षको बजेटको भन्दा फरक नहुन पनि सक्छ ।

सरकारी बजेटमा शिक्षा क्षेत्र प्राथमिकतामा नपरे पनि व्यक्तिको प्राथमिकतामा शिक्षा अवश्य पनि परेको छ। हरेक व्यक्तिले आफ्ना छोराछोरीको शिक्षा राम्रो बनाउन चाहेको देखिन्छ। सामान्यत शैक्षिक उपलब्धि निजी क्षेत्रका विद्यालयहरूको राम्रो देखिएको छ। निजी विद्यालयतर्फ आकर्षण बढ्नुको मुख्य कारण पनि यही हो । समग्र समाजको आफ्ना केटाकेटी निजी विद्यालयतर्फ लैजाने आकांक्षा बढ्दो क्रममा छ । विद्यालय शिक्षामा निजी विद्यालयको हिस्सा लगभग १७ देखि १८ प्रतिशतको हारहारीमा देखिन्छ तर यो आँकडामा सामुदायिक विद्यालयले सञ्चालन गरेका निजी कक्षा तथा तहमा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या समावेश गरिएको छैन । सामुदायिक विद्यालयभित्र निजी व्यवस्थापनमा चलेका सबै विद्यार्थीहरूको संख्या एकीकृत गर्ने हो भने निजीतर्फ अध्ययन गर्ने विद्यार्थीहरूको संख्या अहिलेको भन्दा बढी नै हुन आउँछ । यसले दुईओटा अवस्थाको चित्रण गर्दछ । एक निजीतर्फ विद्यार्थी बढिरहेका छन्, सँगसँगै सरकारी बजेटको मात्रा (अनुपात होइन) पनि बढिरहेको छ तर सार्वजनिक शिक्षाको स्तर बढेको देखिँदैन । आखिर यस्तो अवस्थामा पनि सार्वजनिक शिक्षाको गुणस्तर र समग्र व्यवस्थापनमा किन सार्थक बहस र सुधारका प्रयास हुन सकेनन् ? यसैगरी कि यसतर्फ उच्च तहमा चासो छैन भन्ने प्रश्न गर्ने ठाँउ पनि देखिएको छ। साथै निजी विद्यालयतर्फ विद्यार्थी बढ्दो क्रममा रहेकोले व्यक्तिको प्राथमिकतामा शिक्षा परेको छ भन्न पनि सकिन्छ । यूनेस्को पेरिस र शिक्षा मन्त्रालयले गरेको एउटा अध्ययन प्रतिवेदनले नेपालको सन्दर्भमा शिक्षामा खर्च भएको रकमको लगभग ४३ प्रतिशत हिस्सा सरकारी स्रोतबाट व्यहोरिएको देखाएको छ भने बाँकी ५७ प्रतिशत रकम निजी स्रोतबाट उलपब्ध भई आएको देखाएको छ।

## सरकारको प्राथमिकतामा शिक्षा नपर्दा पर्ने असर तथा प्रभाव

१. आयको आधारमा समाजमा रहेका व्यक्ति वा घरपरिवारलाई विभिन्न समूहमा बाँड्न सकिन्छ । नेपाल जीवनस्तर मापन सर्वेक्षणले यस्तो समूहलाई पाँच भागमा वर्गीकरण गर्ने गरेको छ । यो वर्गीकरण धन वा दौलतको आधारमा हुने गर्दछ । नेपालको सन्दर्भमा यी सबै आय समूहका लागि शिक्षा निःशुल्क त भनियो तर विपन्न वर्गकाहरूलाई थप

सहयोगको कुनै व्यवस्था गरिएन । बिहान खाए बेलुका नपुग्ने, बेलुका खाए बिहान नपुग्ने समूहका लागि पढ्नुभन्दा काम गरेर केही कमाउनु नै प्राथमिकताको विषय हो, ठूलो आवश्यकताको विषय हो । सम्भवतः पढाइ शुल्क तिर्न नसकेर विद्यालय आउन नसक्ने वर्ग निकै सानो छ । जबसम्म यो समूहका लागि केही थप सहयोग प्रदान हुँदैन, तबसम्म यिनीहरू आफ्ना छोराछोरीहरूलाई विद्यालय पठाउनमा कुनै फाइदा देख्दैनन् तसर्थ यस्ता समूहका लागि थप सहयोग उपलब्ध गराउन पनि गुमेको अवसरको मूल्यको व्यवस्था गरिनु आवश्यक छ । यस्तो व्यवस्था गर्नका लागि शिक्षा सरकारको प्राथमिकतामा पर्नुपर्छ र सोही बमोजिम थप बजेट पनि पाउनु पर्छ । अति न्यून आय भएका समूहहरूका लागि दिवा खाजा, आवासीय विद्यालय, सामाजिक सुरक्षाजस्ता कार्यक्रम सञ्चालन गरिएन भने निःशुल्क शिक्षाको असर यस्ता समूहका बालबालिकामा पर्न सक्दैन । यी कार्यक्रम सञ्चालन गर्नका लागि शिक्षालाई प्राथमिकतामा राखेर बजेट व्यवस्था गर्न सकिएन भने अति न्यून आय भएका समूहका बालबालिकाहरू विद्यालय आउनै सक्दैनन् र आइहाले पनि विद्यालय टिक्न सक्दैनन् । सरकारको प्राथमिकताले कुन बालक वा बालिकालाई विद्यालयभित्र राख्ने र कसलाई विद्यालयबाहिर राख्ने भन्ने विषय निर्धारण गर्दछ ।

२. जब सरकारको तर्फबाट शिक्षा कम प्राथमिकतामा पर्छ त्यस बेला सार्वजनिक शिक्षा थप कमजोर बन्न पुग्दछ । यस अवस्थामा शिक्षामा निजी लगानी बढ्न पुग्छ । शिक्षामा घर परिवारको लगानी बढ्नु नराम्रो त होइन तर व्यावसायिक लगानी शिक्षामा बढ्न थालेपछि शैक्षिक प्रक्रिया र शिक्षाका विषयवस्तुमा हैसियत अनुसार प्राप्त गर्ने अवस्थाले थप असमानता ल्याउन सक्छ । यसले समाजमा थप असमानता सिर्जना गर्दछ । तसर्थ, आधारभूत तहसम्मको शिक्षा समतामूलक र गुणस्तरीय बनाउनका लागि पनि सरकारले आवश्यक मात्रामा लगानी (खर्च) गर्नुपर्छ जसका लागि शिक्षालाई प्राथमिकतामा राख्नै पर्छ । अन्यथा सार्वजनिक शिक्षा कमजोर बन्ने र त्यसको सोझो असर न्यून आय भएकाहरूमा पर्ने निश्चित छ ।

३. गरीबी प्रभावित बस्तीमा निःशुल्क शिक्षाको घोषणा पुग्यो तर भौतिक पूर्वाधार, शिक्षक, शैक्षिक सामग्री, प्रविधि आदि पुग्न सकेन । अबका दिनमा शिक्षामा लगानी बढाइ त्यसलाई गरीबी प्रभावित क्षेत्रमा लैजानु पर्ने छ । हालको लगानी अहिले गरिआएका काम धान्दैमा ठिक्क छ । एक तहको स्वीकार्य गुणस्तरका लागि सामुदायिक विद्यालयहरूमा भएको लगानी अपर्याप्त छ । शिक्षामा बजेट थप हुन सकेन भने गरीबी प्रभावित क्षेत्रहरू थप स्रोत तथा कार्यक्रमबाट वञ्चित हुन पुग्छन् । शिक्षाको विकास असमान बन्न पुग्दछ । यसबाट पनि गरीबहरू थप वञ्चितिमा पर्छन् ।

४. शिक्षाको विकास अहिले पनि क्षेत्रगत रूपमा फरक अवस्थामा छ । गाउँ र शहरको शैक्षिक विकासको अवस्था फरक छ । यो विषमताको न्यूनीकरण गर्न या त शिक्षामा स्रोत थप गर्नुपर्छ या भएको स्रोतलाई पुनः प्राथमिकीकरण गर्नु आवश्यक छ । यो गर्न नसके ग्रामीण क्षेत्र थप वञ्चितिमा पर्ने निश्चित छ । गाउँमा स्रोत नपुग्नु भनेको गरीबहरूमा नै नकारात्मक असर वा प्रभाव पर्नु हो ।

समग्रमा भन्नुपर्दा शिक्षा क्षेत्र सरकारको प्राथमिकतामा पर्न नसक्दा गरीब र विपन्न तथा सीमान्तकृत समूह थप पीडित बन्ने निश्चित छ । समाज थप असमान बन्दै जान्छ । अन्त्यमा सामाजिक विषमताका कारण विविध खालका अन्य चुनौतीहरू सिर्जना हुन पुग्छन् ।

## के संघीय संरचनामा शिक्षा प्राथमिकतामा पर्ला ?

अहिले सबैको चासोको विषय भनेको सङ्घीय संरचनाका विभिन्न तहमा शिक्षा के कति प्राथमिकतामा पर्ला भन्ने छ । सङ्घीय कानूनका बारेमा यसअघि नै चर्चा भइसक्यो जहाँ दस्तावेजमा शिक्षा प्राथमिकतामा रहेको देखिन्छ । अबका दिनमा स्थानीय तहले बनाउने कानून सङ्घीय कानून र अन्तर्राष्ट्रिय मूल्य मान्यता भन्दा फरक अर्थात् तीसँग नबाझ्ने किसिमबाट बनाउनु पर्ने सिद्धान्त अनुरूप पनि स्थानीय तथा प्रादेशिक तहका कानून तथा सरकारी दस्तावेजमा शिक्षा प्राथमिकतामा रहने निश्चित छ तर व्यवहारमा शिक्षाले के कति बजेट प्राप्त गर्छ भन्ने विषय अहिले प्रतिक्षामा नै छोड्नु पर्ने छ । शिक्षाको महत्त्व बुझेका स्थानीय तहहरूले व्यवहारमा नै शिक्षालाई प्राथमिकतामा राखी सो अनुरूपको बजेट

विनियोजन गर्न सक्छन्, उनीहरूले समयमै निःशुल्क तथा अनिवार्य शिक्षाको सुनिश्चितता गर्छन् र सामाजिक क्षेत्रका सूचकहरूमा राम्रो उपलब्धि हासिल गरी मानव विकासमा उल्लेख्य प्रगति हासिल गर्छन् । जब कुनै स्थान तथा क्षेत्र विशेषमा मानव विकासको अवस्था उच्च रहन्छ त्यहाँ विकासका अन्य पक्षहरूमा पनि उल्लेख्य उपलब्धि हासिल भएको हुनेछ। सबै स्थानीय तहले यस्तै काम गरे हुन्थ्यो भन्ने कामना अपेक्षा राख्न सकिन्छ तर व्यवहारमा नै शिक्षा प्राथमिकतामा नपर्ने वा अवस्था अहिलेभन्दा कमजोर हुन सक्ने सम्भावना पनि उत्तिकै छ।

अबको दिनको मुख्य चासो भनेको मुलुकको अर्थतन्त्रको आकार के कसरी बढाउने र सोबाट शिक्षाले के कसरी धेरै रकम प्राप्त गर्ने भन्ने हो । अर्थतन्त्रको आकार बढ्न नसकेमा शिक्षा लगानीको अनुपात बढाउँदा पनि अवस्थामा खासै फरक नआउन सक्छ । सङ्घीयताको कार्यान्वयनमा खर्चका क्षेत्रहरू बढ्ने निश्चित छ जसको व्यवस्थापनका लागि पनि मनग्यै ध्यान दिनु आवश्यक छ । प्रस्तुत सन्दर्भमा अबका दिनमा शिक्षा वित्त अन्तर्गत देहाय बमोजिम खर्च क्षेत्र हुन्छन् जसलाई ध्यानमा राख्नु अति आवश्यक छ।

## संघीयताको शिक्षा वित्त पर्ने प्रभावहरू खर्चका क्षेत्रहरू

१. सङ्घीयता कार्यान्वयन गर्ने क्रममा हालको प्रशासनिक संरचनामा परिवर्तन हुन्छ। हाल ७५ जिल्ला शिक्षा कार्यालयले गरिआएको कार्यहरू अब ७४४ स्थानीय तहबाट हुनुपर्छ। हालका कर्मचारीलाई समायोजन गर्दा पनि कार्य क्षेत्र र सेवाको प्रकृतिले गर्दा हरेक स्थानीय तहमा शिक्षा हेर्ने जनशक्तिको संख्या थप गर्नुपर्ने निश्चित छ । यसैगरी पूर्वाधार एवम् प्रशासनिक खर्च बढ्ने देखिन्छ। प्रादेशिक तहका शिक्षाका कार्यालयहरूको सञ्चालन खर्च पनि बढ्ने देखिन्छ। सारांशमा भन्नुपर्दा शुरूवातका वर्षहरूमा राज्यले ठूलै मात्रामा सञ्चालन खर्चको जोहो गर्नुपर्छ । उपलब्ध बजेटबाट धेरै मात्रा सञ्चालन खर्चमा लैजानु पर्दा विकासका कार्य प्रभावित हुन सक्छन् ।

२. शुरूका केही वर्षहरूमा राज्यले पूर्वाधार विकासमा मनग्यै लगानी गर्नुपर्छ। यस्ता पूर्वाधारमा भवन लगायतका धारापानी, बिजुली, सवारी साधन आदि जस्ता विषयहरू पर्छन् । यो रकम कहाँबाट उपलब्ध हुने हो भन्ने बारेमा विविध उपायको खोजी गरिनु आवश्यक छ।

३. विद्यालय शिक्षा स्थानीय तहको कार्यक्षेत्रभित्र परेको हुनाले भौतिक पूर्वाधारका अलावा शिक्षक, विद्यालय कर्मचारी, शैक्षिक सामग्री आदिजस्ता पक्षहरू न्यूनतम रूपमा आवश्यक विद्यालयहरूमा उपलब्ध गराउन पनि ठूलो स्रोतको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसै गरी प्राविधिक शिक्षाका क्षेत्रमा, साक्षरताका क्षेत्रमा, सीप विकासका क्षेत्रमा, युवा विकास र स्वरोजगारका क्षेत्रमा पनि थप स्रोत आवश्यक हुन्छ।

४. सङ्घीयता संरचना कार्यान्वयन गर्दै गर्दा आम जनताका आकांक्षाहरू पनि ह्वात्तै बढेका छन् । संवैधानिक प्रावधानले गर्दा पनि जनताका आकांक्षाहरू बढेका छन् । समय समयमा राजनीतिक दलहरूले पनि यस्ता आकांक्षा बढाउनुमा उल्लेख्य भूमिका निर्वाह गरिआएका छन् । ती सबै आकांक्षा पूरा गर्ने योजना बन्नै बाँकी छन् । स्रोतको अनुमान पनि भइसकेको छैन । आफूले मत दिएर बनाएका नेतृत्वबाट आफ्ना आवश्यकताहरू पूरा होऊन् भन्ने चाहना आम नागरिकमा हुनुलाई अन्यथा मान्न सकिँदैन। नेतृत्वलाई पनि यी कामहरू गर्न पाए हुन्थ्यो भन्ने चाहना छ। यस्तो चाहना (आकांक्षा) र मनोवैज्ञानिक दबाबले पनि यी कार्यहरू गर्नका लागि स्रोतको व्यवस्थापन नगरी नहुने भएको छ।

यी र यस्तै विविध खालका कार्यहरू गर्नका लागि स्थानीय तहले स्रोतको व्यवस्था गर्नु आवश्यक छ। स्रोत जुटाउनका लागि केही शीर्षकहरू स्थानीय तहसँग रहेका छन् जसको विस्तार देहायको खण्डमा गरिएको छ।

## आमदानीका क्षेत्रहरू

स्थानीय सरकारले आफ्नो कोषमा रकम जम्मा गर्नका लागि, अझ खासगरी शिक्षाका लागि रकम जम्मा गर्नका लागि उपयोगी हुने स्रोतहरू मोटामोटी रूपमा देहाय बमोजिम हुन सक्छन् ।

१. कानून बमोजिम करबाट सङ्कलन हुने रकम
२. विभिन्न सेवा शुल्क सहयोगबाट सङ्कलन हुने रकम
३. सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान तथा विशेष सहयोग
४. स्थानीय तहमा सङ्कलन हुने रकम।

## वित्त व्यवस्थापनका मुद्दा तथा चुनौतीहरू

१. जनतामा रहेका उच्च आकांक्षा के कसरी सम्बोधन गर्ने ?

२. संविधानको मौलिक हक तथा अन्य स्थानमा उल्लेख गरिएका प्रावाधानहरू पूरा गर्नका लागि स्रोत, साधन र जनशक्ति आदिको व्यवस्था के कसरी गर्ने ?

३. राजनीतिक संक्रमण कालमा सरकारले दीर्घकालमा असर सिर्जना गर्ने भन्दा तत्कालको लाभ हेरेर निर्णय गर्नु बाध्यात्मक अवस्था हुन्छ। स्थानीय तहलाई यस्तो अवस्थाबाट बाहिर आई दीर्घकालीन हितका विषयमा निर्णय गर्न सक्ने बनाउने कसरी ?

४. अबका केही वर्षसम्म सञ्चालन खर्च बढ्ने निश्चित छ । एक पटक गरिएको सञ्चालन खर्च घटाउन कठिन छ। उठेको राजश्वले सञ्चालन खर्च मात्र जुटाउन पर्ने अवस्था आएमा विकास कार्य परनिर्भर बन्न सक्छ। समग्र विकास प्रक्रिया प्रभावित हुन पुग्छ। यस्तो अवस्थामा सन्तुलित ढङ्गबाट के कसरी अगाडि बढ्न सकिन्छ ?

५. एउटै स्थानीय तहभित्र पनि शिक्षाको विकास अवस्था फरक फरक छ, स्रोत र साधनको अवस्था फरक छ, पूर्वाधारको अवस्था फरक छ। यसलाई सम्बोधन गर्न नसकिने त होइन तर यसलाई सम्बोधन के कसरी गर्ने ?

६. स्थानीय तहको स्रोत सङ्कलन हुने अवसरमा पनि विविधता छ । कति अवस्था राम्रो छ भने कतिमा यी अवसरहरू उपलब्ध नहुन पनि सक्छन् । यस अवस्थामा कमजोरलाई के कसरी सहयोग गरी अरूसरह बनाउने ?



## अब के गर्ने त ?

संसारमा जहाँ र जहिले पनि स्रोत र साधन सीमित हुन्छन् र आवश्यकता असीमित हुन्छन्। थोरै स्रोतबाट धेरै काम लिनु पर्ने अवस्था हरेक व्यवस्थापकको अगाडि आउने गर्दछ। तसर्थ हाम्रा स्थानीय तहले पनि कुशल व्यवस्थापकीय सीपको प्रयोग गर्नु पर्ने अवस्था रहेको छ। यो मौका कमजोरी सुधार गर्नका लागि पनि

हो । यस अर्थमा हाल अवसरहरू पनि उपलब्ध छन् । यसका साथै चुनौतीहरू पनि रहेका छन् । स्रोत व्यवस्थापनका उपयुक्त तरीकाहरू प्रयोग गर्नु अहिलेको आवश्यकता हो ।

नेपालको सङ्घीयताको स्वरूप सहकार्यमा आधारित छ । शिक्षाका अधिकार र कार्यक्षेत्र सङ्घ, प्रदेश र स्थानीय तहले एक आपसमा समन्वय गरेर गर्नुपर्ने खालका छन् । शिक्षाको विकास सहकार्यको नमूनामा आधारित हुन सकेमा छिटो हुनसक्ने देखिन्छ । एकले अर्कालाई गरेन भनेर दोष लगाउने भन्दा पनि के कसरी सहयोग जुट्न सक्छ वा जुटाउन सकिन्छ भन्नेमा ध्यान दिन सकेमा शिक्षाको विकास गर्न सकिन्छ ।

अबको शिक्षाको विकासका लागि विविध कार्यहरू गर्नुपर्छ । कार्यहरू सञ्चालन गर्नका लागि स्रोतको आवश्यकता पर्छ । शिक्षालाई प्राथमिकता प्राप्त क्षेत्रमा कायम गर्न स्रोतको खोजी र विनियोजनमा ध्यान दिनु आवश्यक छ । शिक्षामा पुग्दो गरी स्रोतको विनियोजन गर्नुपर्छ । विभिन्न तहका सरकारहरूले शिक्षालाई प्राथमिकतामा राखेर स्रोत छुट्याउनु पर्छ । भएकै स्रोतको पुनः प्राथमिकीकरण गरेर पनि हालको बजेटबाट केही काम गर्न सकिन्छ । यसो गर्नका लागि कम आवश्यक भएका स्थानबाट स्रोत कटौती गरेर प्राथमिकता प्राप्त क्षेत्रमा लैजान सक्नु पर्छ । स्थानीय तहले हालका कतिपय खर्चका शीर्षकहरू कटौती गरेर वा शीर्षक समायोजन गरेर खर्चमा थप मितव्ययिता अपनाउन सक्छ । भएका विद्यालयहरूको समायोजनबाट शिक्षक संख्यामा भएको अपुगलाई व्यवस्थापन गर्न सकिन्छ । प्राथमिक तहका शुरूका कक्षाहरू हालका ससाना विद्यालयहरूमा पढाउने व्यवस्था मिलाई माथिल्ला तहका कक्षा पढाउनका लागि ठूला विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउन सकिन्छ । प्राथमिक तहको विद्यालय समायोजन गर्दा बचत हुन आउने शिक्षक कोटालाई माथिल्लो तहमा लैजान सकिन्छ । समायोजन भई खाली हुन आउने विद्यालयहरूमा स्थानीय समुदायको सक्रियतामा सामुदायिक केन्द्र तथा सामुदायिक पुस्तकालय सञ्चालन गर्न सकिन्छ ।

साक्षरता र सामुदायिक गतिविधिमा प्राथमिक तहका शिक्षकहरूलाई प्रयोग गर्न सकिन्छ । यसले समुदायलाई विद्यालय बुझ्न र विद्यालयका शिक्षक विद्यार्थीलाई समुदाय बुझ्नमा सहयोग पुग्न सक्छ । स्थानीय तहले कक्षा ९

भन्दा माथिका विद्यार्थीहरूलाई परियोजनाको माध्यमबाट साक्षरता, बालशिक्षा, सामुदायिक विकासजस्ता पक्षहरूमा लगाउन सक्छ। यसले समुदाय विकासमा दिगो योगदान प्रदान गर्न सक्छ।

कक्षा ११ र सोभन्दा माथि अध्ययन गर्ने विद्यार्थीहरूलाई अभ्यास शिक्षण तथा स्वयंसेवाको माध्यमबाट हाल कायम रहेको शिक्षक अभावलाई पूर्ति गर्न सकिन्छ। यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूको अभ्यास कक्षा वर्षभरिमा पालो मिलाई सञ्चालन गर्न सकिन्छ। यस काममा सामान्य सुविधा दिएर काम गर्ने पद्धति अवलम्बन गर्न सकिन्छ। तसर्थ, अबको प्रश्न शिक्षाका लागि आवश्यक स्रोत के कसरी जम्मा गर्ने, सदुपयोग कसरी गर्ने र अति आवश्यक समूहमा कसरी पुऱ्याउने भन्ने हो।

## सन्दर्भ सामग्रीहरू

नेपाल सरकार, नेपालको संविधान २०७२

नेपाल सरकार प्रधानामन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (२०७४) । संविधानको अनुसूचीको कार्य विस्तृतीकरण प्रतिवेदन २०७४ । काठमाडौंः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय।

नेपाल सरकार अर्थ मन्त्रालय (२०७३)। रातो किताब सन् २००४ देखि सन् २०१६ सम्म। काठमाडौंः नेपाल सरकार अर्थ मन्त्रालय।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७४) । शिक्षा ऐन २०२८ आठौं संशोधनसहित । काठमाडौंः नेपाल सरकार शिक्षा मन्त्रालय।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०५९) । शिक्षा नियमावली २०५९, आठौं संशोधन २०७१ सहित। काठमाडौंः नेपाल सरकार शिक्षा मन्त्रालय।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७३) । विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/७४-७७/७८)। काठमाडौं : नेपाल सरकार शिक्षा मन्त्रालय।

राष्ट्रिय योजना आयोग (२०७३)। चौधौं योजना (२०७३/७४-०७५/७६)। काठमाडौं : राष्ट्रिय योजना आयोग।

Lamsal, H. P. (2014). Financing in Primary Education in Nepal from Equity Perspectives and its Role in Social Change. Thesis submited to Kathmandu University School of Education.

Ministry of Education and UNESCO, IIEP (2016). National Education Accounts in Nepal: Expenditure for Education 2009-2015. Kathmandu: Author.

Musgrave, R.A. and Musgraves, D. B. (2004). Public finance in theory and practice. New Delhi. Tata Mc Graw-Hils Publishing Company Limited.

National Planning Commission (2014). An Approach to the Graduation from the Least Developed Country by 2022. Kathmandu: Author.

National Planning Commission (2015). Sustainable Development Goals 2016-2030. National (Preliminary) Report. Kathmandu: Author.

OECD (2002). Financing Education- investments and returns. Analysis of the World Education Indicators 2002 edition. UNESCO 2002.

(स्थानीय तहले विद्यालय शिक्षा व्यवस्थापन गर्ने सन्दर्भमा)

# सामुदायिक विद्यालयको व्यवस्थापन कसरी ?

**राधेश्याम अधिकारी**

जेष्ठ ८, २०७४- अमेरिकाको फिलाडेल्फिया सहरमा रहँदा त्यहाँको सामुदायिक विद्यालयबारे केही जान्ने अवसर मिल्यो। सामुदायिक विद्यालय जुन काउन्टीको हो- त्यसको बासिन्दाले सामुदायिक विद्यालयको स्तर कायम राख्न कर तिरे बापत त्यस काउन्टीको घरको मूल्य, बहालको रकम आदिमा अनुकूल वा प्रतिकूल प्रभाव पर्ने रहेछ। बढी कर तिरिएको काउन्टीको सामुदायिक विद्यालय राम्रो हुने नै भयो। सडक वारिपारिका दुई काउन्टीको बासिन्दाको बीचको अन्तर बुझ्न तिनले आ-आफ्ना काउन्टीका विद्यालयका लागि कति कर बुझाउँछन् भन्ने कुराबाट तिनको हैसियतको जानकारी लिन सजिलो पर्ने रहेछ। काउन्टीका बासिन्दाका आफ्ना सन्तान नहुन सक्छन्- तर त्यो काउन्टीमा बसेपछि स्थानीय तहमा स्थापित सामुदायिक विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने कर तिर्न त्यहाँको बासिन्दा बाध्य छन्।

नयाँ संविधानले यसअघि कहिल्यै प्रदान नगरेको अधिकार स्थानीय तहलाई दिएको छ। संविधानमा अनुसूची नै उल्लेख गरेर दिइएका अधिकार मध्ये माध्यमिक तहसम्मको शिक्षाको सबै बन्दोबस्त राज्यका तर्फबाट स्थानीय तहले गर्नुपर्ने भएको छ। सामुदायिक विद्यालयमा राम्रो पढाइ भएन भनी अभिभावकले आफ्नो गाँस काटेर जति सम्भव हुन्छ- औकात अनुसार निजी विद्यालय खोज्न विवश छन्, आफ्ना सन्तानका लागि। त्यसमा पनि भनेजस्तो विद्यालय नपाउनाले निराश हुनेको कमी छैन।

नयाँ शिक्षा नीति २०२८ सालमा लागु भएयता सामुदायिक विद्यालयको जिम्मा राज्यले लिने भनियो। शुरूमा तीन कक्षा, पछि पाँच कक्षासम्म निःशुल्क पढाउने काम भयो। २०४६ सालपछि १० कक्षासम्म निःशुल्क शिक्षा दिने

घोषणा पनि भयो, केही हदसम्म लागु पनि गरियो । तर यो अवधिमा जति निजी विद्यालय खुले- तिनमा अभिभावकको रुचि बढ्दै गयो । राज्यद्वारा सञ्चालित सामुदायिक विद्यालय, औसतमा भन्ने हो भने निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा पुगे ।

## यस्तो किन भयो ?

राज्यले नागरिकको आधारभूत शिक्षाको जिम्मा लिनुपर्छ भन्ने कुरामा विमति प्रकट गर्ने ठाउँ छैन । तर राज्यमा दुई, अझ तीनथरी बासिन्दा छन् भन्ने कुरा हेक्का राखिएन । थोरै, तर सम्भ्रान्त परिवारका सन्तानलाई राज्यले जस्तो विद्यालय दिए पनि उनीहरूको इच्छा संसारका इनेगिनेका विद्यालयमा आफ्ना सन्तान पढुन् भन्ने रहिआएको छ । निजी सम्पत्ति राख्न, आर्जन एवं भोग गर्न पाउने सुनिश्चित गरिएको हाम्रो व्यवस्थाको कारण यस्तो आकांक्षालाई सीमित पार्न सकिँदैन । तिनका लागि नेपालको सामुदायिक विद्यालयको भविष्यवारे धेरै सोच्नै परेन । आवश्यक पर्दा नेपालभित्र वा बाहिर उम्दा विद्यालयमा तिनले आफ्ना सन्तानको शिक्षाको प्रबन्ध गर्न सक्छन् ।

दोस्रो थरी सामान्य आय भएका तर सन्तानलाई राम्रो शिक्षा दिनुपर्ने ज्ञान राख्नेको श्रेणी छ । तिनको सीमित साधनले विदेशमा सन्तान पढाउन सक्तैनन् । तर नेपालमा प्राप्त हुने शिक्षामध्ये अब्बल श्रेणीको शिक्षा दिलाउन प्रयत्नरत रहन्छन् । यिनको आकांक्षाको परिपूर्ति यतिबेला निजी विद्यालयले गरिआएका छन् । अवस्था कतिसम्मको भएको छ भने सामान्य काम गरिखानेका सन्तान समेतले निजी विद्यालय नै ताक्ने गरेका छन् । यसले गर्दा नेपालभरि नै निजी विद्यालय खुल्ने क्रम बढेको छ र यी विद्यालयहरू टिकिरहेका छन् ।




निजी विद्यालयमा कसैगरी जान नसक्ने सन्तानहरू भने सामुदायिक विद्यालयमा जान विवश छन् । यसो भनिरहँदा कैयन राम्रा सामुदायिक विद्यालय, तिनमा कार्यरत शिक्षक तथा राम्रा विद्यार्थीहरूलाई पंक्तिकारले

उपेक्षा गरेको होइन । चर्चा यहाँ औसत सामुदायिक विद्यालयको गरेको हो ।

सामुदायिक विद्यालयभन्दा निजी विद्यालय (यो पनि औसतको कुरा गरेको) संसाधनको हिसाबले पछि नै छन् भन्न हिचकिचाउनु पर्दैन । शिक्षकको स्तर, विद्यालयको भौतिक अवस्था एवं राज्यको सहयोग हेर्दा विद्यार्थीहरूको चाप सामुदायिक विद्यालयमा बढी पर्नुपर्ने हो, तर त्यसो भएन । किनभने राज्य र राजनीति गाँसियो । राजनीतिले सामुदायिक विद्यालयलाई गाँज्यो । जय नेपाल, लाल सलाम.... हुँदै जय मातृभूमिसम्म पुग्दा सामुदायिक विद्यालय शिक्षालय रहेनन्- राजनीति गर्ने, व्यवस्थापन समिति कब्जा गर्ने, आफ्नोलाई अवसर दिने, राम्रोलाई प्रश्रय नदिने काम बढी भयो । सन्तानका अभिभावक भए, विद्यालयका अभिभावक भएनन् । राष्ट्रिय शिक्षा नीति लागु भएपछि शिक्षकका सेवा, सर्त सुदृढ भयो, भौतिक अवस्था केही सुध्रियो । तर विद्यालयलाई शिक्षालय बनाउनुपर्छ भन्ने समुदायको अभिभावकत्व भने गुम्यो- यहींनेर ठूलो चुक हुनपुग्यो ।

## दुईथरी विद्यालय हुनु भएन

राज्यमा सामुदायिक र निजी क्षेत्रमा विद्यालय खोल्न दिनु नै सबै विभेदको जरो देख्नेको पनि यहाँ कमी भएन । आफू सरकारमा छँदा यो विभाजन मेट्छौं भन्नेहरू यस्तै अव्यावहारिक सोचका कारण राजनीतिबाट सीमान्तकृत हुँदैछन् । दुःखका साथ भन्नुपर्छ, यसो भन्नेहरू प्राथमिक विद्यालय समेतमा विद्यार्थी युनियन खोल्न प्रेरक भइरहे । झन्डै एक महिनाअघि एउटा कार्यशालामा नेपालका नामी शिक्षाविदहरूको बीचमा एउटा कार्यपत्र प्रस्तुत गर्दा भनियो- राज्यले शिक्षामा गरेको लगानी मुलुकभित्र भएको शिक्षाको कुल लगानीमध्ये ४४ प्रतिशत मात्र रहेको छ । ५६ प्रतिशत लगानी निजी क्षेत्रको भएको जानकारी दिइयो । यो तथ्य आफैंमा पंक्तिकारको लागि नौलो जानकारी थियो । त्यही कार्यशालामा थप छलफल गर्दा यो तथ्याङ्क ठिक हो भनियो । यसो हो भने राज्यको भन्दा बढी लगानी गरिएको निजी क्षेत्रमा आश्रित शिक्षालाई हल्का पाराले विभेद मेट्ने नाममा बन्द गर्ने सोच राख्न सकिन्छ ? कुन शिक्षा कहाँ पढ्ने रोजाइको हकबाट कसैलाई बञ्चित गर्न सकिन्छ ? शिक्षाको क्षेत्रमा बहुलवादी सोच परित्याग गर्न सकिन्छ ?

यदि सकिँदैन भने दुईथरी विद्यालय हुनुभएन भनी राजनीति गर्ने गर्नुभएन ।

विभेदको जरो यसलाई मात्र ठान्ने गल्ती गर्नुभएन। एकछिनलाई राज्यले अठोट गऱ्यो र राजनीतिले एकथरी विद्यालय राख्ने मार्ग लियो भने पनि निजी क्षेत्रबाट भएको ५६ प्रतिशत शिक्षा क्षेत्रको लगानी राज्यले बहन गर्ने क्षमता राख्छ ? अर्थतन्त्रको यो पाटोमाथि विचार नपुऱ्याई राज्यले एक खालको विद्यालय राख्ने नीति नै लियो भने पनि त्यसले असफल हुनुको विकल्प के दिन्छ र ?

सँगै राज्यले आभारभूत शिक्षा निःशुल्क घोषणा त गऱ्यो, तर शिक्षकलाई दिने तलबबाहेक अतिरिक्त क्रियाकलापका लागि रकम दिन नसक्दा विद्यालयहरूले विभिन्न बहानामा विद्यार्थी र अभिभावकमाथि केही आर्थिक भार नथोपरी सुख पाएका छैनन्। पर्याप्त मात्रामा शिक्षक दरबन्दीसमेत उपलब्ध गराउन सकिएको छैन । व्यापारिक दृष्टिले महत्त्व बोकेका कैयन विद्यालयले आर्थिक उपार्जनका लागि विद्यालयका जग्गा र भवनका केही भाग बहालमा समेत दिने गरेका छन्। यस्ता काम कति शोभनीय, उचित हो भन्नेबारे छुट्टै बहस आवश्यक छ।

एउटा अर्को पनि कुरो, निजी विद्यालय नेपालमा खुल्नाले गुणात्मक शिक्षा प्रदान गर्नुको अतिरिक्त सेवा उद्योगकै रूपमा यो फस्टाउँदैछ। छिमेकी मुलुकका शिक्षाका लागि विद्यालय पठाउन अभिभावकहरूले आवश्यकता देखेका छैनन्। कतिपय सीमावर्ती जिल्लामा सीमा पारिबाट बालबालिका नेपालमा आएर पठनपाठन गर्दैछन् । सँगसँगै यो पनि मननीय छ- कैयन गतिला सामुदायिक विद्यालयले त्यस क्षेत्रका निजी विद्यालयलाई विस्थापित गरिदिएका उदाहरण पनि नेपालमै छ। मुख्य कुरो, सामुदायिक विद्यालयमा राम्रो अध्ययन, अध्यापन हुन्छ, सिकाइ राम्रो हुन्छ, नतिजा राम्रो आउँछ भन्ने विश्वास जागृत गराउन आवश्यक छ।

## नयाँ संविधान र स्थानीय तहको चुनावको अर्थ

आधारभूत शिक्षाको जिम्मा अब स्थानीय तहले पायो, संविधानबाट नै। स्थानीय तहको पहिलो चरण सम्पन्न भयो- जेठ ३१ मा दोस्रो चरणको पनि चुनाव हुन्छ। अब स्थानीय तहका नेताले आफ्ना प्राथमिकतामा शिक्षालाई कहाँ राख्ने ? के गर्दा आफ्नो क्षेत्रका बासिन्दाको शिक्षा दरिलो हुन्छ भनी सोच्ने कि नसोच्ने ? सोच्ने हो भने विद्यालयलाई अभिभावकत्व दिनुपरेन ? नगरपालिकामा वडा

अध्यक्ष र गाउँपालिकामा अध्यक्षको सक्रियतामा विद्यालय व्यवस्थापन गर्ने जिम्मा त्यहाँका समाजसेवीलाई दिनुपर्‍यो । तिनको जवाफदेहिता हेर्ने संयन्त्र निर्वाचित स्थानीय तहमा हुनुपर्‍यो । सामुदायिक विद्यालयमा राज्य र स्थानीय बासिन्दाको पारस्परिक विश्वास जागृत गर्न स्थानीय तहको नेतृत्व अघि बढ्नुपर्‍यो ।

राज्यले मात्रै गरेको लगानी अपर्याप्त देखिसकियो । त्यसमा आफ्ना क्षेत्रका बासिन्दाको आर्थिक अवस्थाको मूल्याङ्कन गरेर सक्नेले विद्यालयमा सहयोग गर्दा केही बिग्रँदैन । नसक्नेका सन्तानले पनि सहज ढंगले कम्तीमा आधारभूत शिक्षा पाउनुपर्‍यो । यसले सामुदायिक विद्यालयलाई मजबुत बनाउनेछ, निजी विद्यालयलाई सौता ठान्न पनि पर्दैन ।

शिक्षालाई सित्तै पाइने वस्नु बनाउने वा त्यसको मूल्य छ भनी मान्ने ? मूल प्रश्न भनेको यो हो । शिक्षा सित्तै पाइँदैन भन्ने बित्तिकै लगानीको कुरा आयो । अनि त्यसमा स्थानीय तहका बासिन्दाको सहभागिताको प्रश्न पनि जोडिने भयो । फिलाडेल्फियाको एउटा उदाहरण शुरूमा भनियो । योभन्दा राम्रा विकल्पको समेत खोजी हुनुपर्छ । तर शिक्षामा राज्यसँग जनसहभागिता नजोडिई सामुदायिक विद्यालय उँभो लाग्न कठिनाइ नै पर्छ, यसमा शंका छैन ।

कार्यक्रमको केही समयपछि *कान्तिपुर* दैनिकमा प्रकाशित सांसद अधिकारीको लेख वहाँले कार्यक्रममा प्रस्तुत गर्नु भएका विचारसँग निकट रहेकोले सन्दर्भका लागि साभार सङ्ग्रहित ।

## परिशिष्ट १: सहभागीहरू

**अनुप शर्मा**, ग्लोबल एक्सन नेपाल • **आरती थापा**, शिक्षा नीति तथा अभ्यास केन्द्र • **इश्वरीप्रसाद पोखरेल**, उपसचिव, शैक्षिक जनशक्ति विकास केन्द्र • **डा.कृष्णप्रसाद पौडेल**, खाद्यका लागि कृषि अभियान • **कृष्ण थापा**, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल • **कुमार भट्टराई**, शिक्षाका लागि राष्ट्रिय अभियान • **केदार खड्का**, गोगो फाउण्डेशन • **गंगा बेलबासे**, अ.ने.म.संघ, क्रान्तिकारी • **जनार्दन पोखरेल**, स्वकीय सचिवालय, शिक्षा मन्त्री • **टीका भट्टराई**, शिक्षा नीति तथा अभ्यास केन्द्र • **डा तुलसी प्रसाद थपलिया**, शासकीय प्रबन्धविद्, सह सचिव, शिक्षा मन्त्रालय • **दयाराम अर्याल**, नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ • **दीपक शर्मा बजगाईं**, विश्व कीर्तिमानी परिषद् • **धनञ्जय शर्मा**, निवृत्त प्रधानाध्यापक, शिक्षा अभियानकर्ता • **धनबहादुर गौतम**, क्याड नेपाल, जुम्ला • **धनीराम पौडेल**, माननीय शिक्षा मन्त्री • **धर्मदत्त देवकोटा**, नेपाल अभिभावक महासंघ • **नवराज महतारा**, सञ्चारकर्मी, हुम्ला • **पुष्पा भण्डारी**, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल • **प्रकाश घिमिरे**, सहभागी, चितवन • **बद्रिबहादुर पाठक**, उपसचिव, शिक्षा मन्त्रालय • **माया श्रेष्ठ**, शिक्षाका लागि राष्ट्रिय अभियान • **मणिराज गुरुङ**, पूर्व प्रधानाध्यापक • **डा.मनप्रसाद वाग्ले**, पूर्व डीन, काठमाडौं विश्वविद्यालय, शिक्षा संकाय • **महाश्रम शर्मा**, पूर्व शिक्षा प्रवक्ता, शिक्षा मन्त्रालय, पूर्व सचिव, नेपाल सरकार • **राजकुमार बराल** , शिक्षा पत्रकार समूह • **राजकुमार थापा**, नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ • **राधेश्याम अधिकारी**, माननीय सांसद्, व्यवस्थापिका संसद् • **राम गैरे**, शिक्षाका लागि राष्ट्रिय अभियान • **रीता श्रेष्ठ**, सिकाइ समूह • **रोश्ना सुब्बा**, शिक्षा पत्रकार समूह • **विजया सुब्बा**, शिक्षा नीति तथा अभ्यास केन्द्र • **डा.विद्यानाथ कोइराला**, शिक्षा अभियानकर्ता, निवृत्त प्राध्यापक, त्रिवि • **विवेक दाहाल**, ग्लोबल एक्सन नेपाल • **वीरबहादुर राई**, श्रमजीवी युवा मञ्च • **विष्णुकुमारी चेपाङ**, शिक्षा नीति तथा अभ्यास केन्द्र • **वेदनिधि ढकाल**, शिक्षा नीति तथा अभ्यास केन्द्र • **समीरा लुइटेल**, शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) • **सविता खत्री**, सिकाइ समूह • **सविन कार्की**, सूर्योदय शैक्षिक प्रतिष्ठान • **सागर पोखेल**, द एक्मे एकाडेमी • **सिन्द्रेला देवान**, शिक्षा नीति तथा अभ्यास केन्द्र • **सुदर्शन घिमिरे**, सिकाइ समूह • **सुभाष अधिकारी**, शिक्षा नीति तथा अभ्यास केन्द्र • **सूर्यप्रसाद घिमिरे**, प्रगति शिक्षा सदन मावि • **सुरेश न्यौपाने**, स्वकीय सचिवालय, शिक्षा मन्त्री • **सोमत घिमिरे**, विश्लेषक, स्थानीय नियन्त्रण र शासन • **डा. हरि लम्साल**, शिक्षा वित्त विज्ञ, सह सचिव, शिक्षा मन्त्रालय • **हरि थापा**, सूर्योदय शैक्षिक प्रतिष्ठान • **हरिप्रसाद उपाध्याय**, शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) • **हेम विक्रम राई**, पाठ्यक्रम विकास केन्द्र • **युवराज लौडारी**, प्रशिक्षक, समुन्नत नेपाल ।

## परिशिष्ट २: आयोजकहरू

**NCE** **EJG** **GAN** **SEF** **SS** **CEPP**

## सन्दर्भ पुस्तक ४

# गाउँपालिका/नगरपालिका स्थानीय शिक्षा व्यवस्थापन ऐन निर्माणका लागि सहयोगी रूपरेखा

यो सहयोगी पुस्तिका स्थानीय सरकारले बनाउने ऐनमा आउनु पर्ने मुख्य विषयहरू समावेश गरी बनाउने कोशिश गरिएको छ । स्पष्टतः यो ढाँचा र विषय वस्तुमा सीमित रहनु आवश्यक छैन । सरकारले पनि स्थानीय सरकारले बनाउन सक्ने नमूना ऐन बाहिर ल्याउने छ । यसका विभिन्न रूपहरू यो सङ्कलनको पुछारमा लेखिएको ठेगानाबाट पनि प्राप्त गर्न सकिन्छ ।

## सन्दर्भ पुस्तक ४

# गाउँपालिका/नगरपालिका स्थानीय शिक्षा व्यवस्थापन ऐन निर्माणका लागि सहयोगी रूपरेखा

परिच्छेद १ : प्रारम्भिक ........ १२१
परिच्छेद २ : निर्देशक सिद्धान्त/नीति ........ १२१
परिच्छेद ३ : विद्यालय स्थापना र सञ्चालन ........ १२२
परिच्छेद ४ : शिक्षा प्रशासन र व्यवस्था ........ १२५
परिच्छेद ५ : सामुदायिक विद्यालय व्यवस्थापन समिति ........ १२९
परिच्छेद ६ : शैक्षिक गुठीद्वारा विद्यालय व्यवस्थापन ........ १३१
परिच्छेद ७ : संस्थागत विद्यालय व्यवस्थापन ........ १३२
परिच्छेद ८ : आर्थिक व्यवस्था ........ १३२
परिच्छेद ९ : सामुदायिक विद्यालयका शिक्षक सम्बन्धी व्यवस्था ........ १३४
परिच्छेद १० : विविध ........ १३५

## परिच्छेद १ : प्रारम्भिक

*यसमा शब्दावलीको परिभाषा र व्याख्या हुन्छ । यसमा कानूनी सहयोग आवश्यक हुन्छ ।*

## परिच्छेद २ : निर्देशक सिद्धान्त/नीति

*विद्यालयमा स्थानीय सरकारका अहिले दुई थरी काम छन्ः एउटा भएकालाई व्यवस्थित गर्ने र अर्को चाहिँ नयाँ निर्माण गर्ने । दुवै थरी काम सँगसँगै लैजानु पर्ने भएकाले मध्य मार्ग जरूरी छ तर नयाँ काम गर्न आँट पनि उत्तिकै जरुरी छ । जे भए पनि सबभन्दा पहिला आफ्ना दृष्टिकोण र विचार स्पष्ट पार्नु पर्छ । तल केही निर्देशक सिद्धान्तहरू उदाहरणका लागि प्रस्तुत गरिएको छ । यिनीहरूलाई ऐनमा नै पनि निर्देशक सिद्धान्त या उद्देश्यका रूपमा राख्न सकिन्छ । प्रस्तावनामा पनि झल्काउन सकिन्छ । यो ऐनले व्यक्त गर्ने राजनीतिक दिशाको अभिव्यक्ति हो ।*

### उद्देश्यहरू

- राज्यको मूल कानूनद्वारा निर्देशित सिद्धान्तलाई अवलम्बन गर्दै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र सोको नियमित नियमन गर्ने उद्देश्य हुनेछ ।
- विद्यार्थीको सम्पूर्ण व्यक्तित्व विकासलाई ध्यानमा राखी तल्ला तहका कक्षा शिक्षाको गुणस्तर वृद्धिमा जोड दिँदै आधारभूत र माध्यमिक शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइँदै लगिने छ ।
- स्थानीय तहमा असल शिक्षाका पाठ्यसामग्रीको सहज उपलब्धता, नवीनतम ज्ञान, खोज सीप, प्रविधिको खोज अनुसन्धान गरी तिनको संरक्षण सवर्द्धन एवं विद्यार्थी केन्द्रित प्रयोगात्मक सिकाइ शैली एवम् व्यावहारिक शिक्षामा जोड दिई स्तरीकरण गरिने छ ।
- विद्यालयको आधारभूत भौतिक संरचनाको मापडण्ड तोकी नियमित मर्मत

सम्भार, सरसफाइ र गुणात्मक स्तरीयता कायम राख्न अभिभावकको योगदान र सहभागिता प्रोत्साहन गरिने छ।

- तल्ला तहका शिक्षामा मातृभाषालाई जोड दिँदै क्रमशः नेपाली र अंग्रेजी भाषाको दक्षता बढाउँदै माथिल्ला तहमा गणित र विज्ञान अंग्रेजी माध्यममा पढाउन प्रोत्साहन गरिने छ।
- दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवणविहीन बालबालिकाको शिक्षाको लागि विशेष व्यवस्था गरिने छ।
- शैक्षिक दृष्टिले पछाडि पारिएका क्षेत्र र समुदायमा थप प्रयत्न गरिने छ।
- विद्यार्थीलाई आफ्ना र अरुका परम्परागत संस्कृति, सीप, श्रम र विविधताको सम्मान गर्ने मानसिकता प्रवर्द्धन गर्ने उद्देश्य हुनेछ।
- विद्यालयलाई लैङ्गिक र वातावरणमैत्री बनाउँदै वृक्षारोपण, करेसाबारी स्थापना र विकास गर्ने तर्फ जोड दिई विद्यार्थीलाई विश्व नागरिकका रूपमा जिम्मेवार बनाउने उद्देश्य रहने छ।
- शिक्षकको कार्यप्रर्दशन मूल्याङ्कनमा अभिभावकको संलग्नता बढाउँदै लैजाने र अभिभावकलाई विद्यालयप्रतिको कर्तव्य र उत्तरदायित्वको ज्ञान प्रदान गर्ने शिक्षामा जोड दिने तथा शिक्षक र अभिभावक दुवैलाई विद्यालयको गुणस्तर कायम राख्न जिम्मेवार बनाई उच्च कार्यप्रर्दशन गर्ने विद्यालयलाई पुरस्कृत गर्दै लगिने उद्देश्य हुनेछ।
- शिक्षालाई दलगत राजनीतिका नकारात्मक प्रभाववाट मुक्त राख्ने प्रयत्न गरिने छ।

## परिच्छेद ३ : विद्यालय स्थापना र सञ्चालन

- **किसिम**ः सामुदायिक विद्यालय तीन प्रकारका

  (क) साधारण

  (अ) आधारभूत विद्यालय

  (आ) माध्यमिक विद्यालय

(ख) धार्मिक सांस्कृतिक विद्यालय

(ग) प्राविधिक तथा व्यावसायिक विद्यालय

- **सञ्चालनको पद्धतिः** सामुदायिक, शैक्षिक गुठी र संस्थागत रूपमा सञ्चालन गर्न सकिने।
    - **स्थापना** : गाउँ नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्नसक्ने।
    - **अनुमति** : विद्यालयले सञ्चालन गर्नुपूर्व अनुमति लिनु पर्ने।
    - विद्यालय सञ्चालन अनुमति दिँदा नक्साङ्कन गरी स्कूल रहेको स्थान सम्मको दूरी, जनसंख्या, स्रोतलाई आधार मानी तोकिए अनुसार अनुमति दिने। नक्साङ्कनका आधारहरू सार्वजनिक शैक्षिक गुठी र संस्थागत विद्यालयलाई अनुमति दिँदा समेत लागु हुने।
    - पालिका कार्यपालिकाले मान्यता दिएका सम्बन्धित धार्मिक सांस्कृतिक समूहले धार्मिक सांस्कृतिक विद्यालय शैक्षिक गुठीका रूपमा सञ्चालन गर्न सक्ने।
    - तर साविकमा गुरूकुल, मदरसा, गुम्बा वा गोम्बा र संस्कृत विद्यालयहरूलाई दिइरहेको व्यवस्थामा फेरबदल र अनुदानमा कटौति नगर्ने। साधारण वा प्राविधिक सरह बनाउन चाहे सो अनुसारका पाठ्यक्रम चलाउनु पर्ने।
    - **शिक्षाको माध्यम** : विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी भाषा वा दुवै भाषा हुने
    - पाठ्यक्रमले निर्धारित गरेका शैक्षिक उपलब्धि हासिल हुने गरी प्राथमिक तहका सबै वा केही कक्षाहरू मातृभाषाको माध्यमबाट सञ्चालन गर्न सकिने। यसको लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा पाठ्यपुस्तक नभए पनि मातृभाषाका माध्यमबाट अध्यापन गराउन सकिने।
    - **विद्यालयको पाठ्यक्रम** : नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत वा मान्यता प्रदान गरिएको ढाँचाका अधीनमा रही शिक्षा समितिले

पाठ्यक्रम निर्धारण गर्न सक्ने । तदनुरूप हरेक विद्यालय व्यवस्थापन समितिले पाठ्यपुस्तक निर्धारण गर्न सक्ने ।

- **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : गाउँ नगर कार्यपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा अनौपचारिक शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्ने ।
- कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा तथा दूर शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति लिन सक्ने ।
- दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवणविहीन बाल बालिकाको लागि पालिकामा विद्यालय तह अध्ययन गर्ने विशेष विद्यालय नभएमा नजिकको विशेष विद्यालयमा भोजन र आवास सहितको पूर्ण छात्रवृत्तिको व्यवस्था गर्ने ।
- अनौपचारिक शिक्षा, विशेष शिक्षा र दूर शिक्षाको सञ्चालन तोकिएबमोजिम हुने ।
- **प्राविधिक शिक्षा:** पालिकामा कमसे कम एउटा प्राविधिक शिक्षालय रहने, नभएका पालिकामा एउटा अध्ययन दलले कुन विषय रहने भन्ने अध्ययन गर्न लगाउने । आफ्नो पालिकामा चलाइएका विषयमा बाहेक पालिकाको जनशक्ति आवश्यकता प्रक्षेपण गरी छात्रवृत्तिमा पढाउने ।
- **घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने** : नेपाल सरकार वा स्थानीय तहले विकट हिमाली क्षेत्रमा वा विभिन्न कारणले विद्यार्थी स्थायी रूपमा एक ठाउँमा रहन नसक्ने अवस्थामा अन्य ठाउँमा तोकिए बमोजिमको घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने ।
- **प्रारम्भिक बाल शिक्षा सम्वन्धी व्यवस्था** : प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ ।
- विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ४ : शिक्षा प्रशासन र व्यवस्था

### शिक्षा समिति

पालिकामा शिक्षाको सुपरिवेक्षण र व्यवस्थापनका लागि स्थानीय तहमा एउटा शिक्षा समितिको गठन आवश्यक छ।

- **संरचना**
    - गाउँ/नगर कार्यपालिका अध्यक्ष/प्रमुखद्वारा तोकिएको शिक्षा विषय हेर्ने नियुक्त कार्यपालिका सदस्य............... अध्यक्ष
    - स्थानीय तहको क्षेत्रभित्र रहेका माध्यमिक विद्यालयहरू मध्येबाट कम्तीमा १० वर्ष अनुभव भएका पालिका भित्र रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षणमा उच्चता हासिल गरेका शिक्षकमध्येबाट पालिका शिक्षक महासंघद्वारा चुनिएका एक जना महिला सहित दुई जना............... सदस्य
    - स्थानीय तहको क्षेत्रभित्र बसोबास भएको, कम्तीमा ४० वर्ष उमेर पुगेको र भेगको शिक्षाको विकासमा उत्कृष्ट योगदान गरेका व्यक्तिमध्येबाट शिक्षा समितिले मनोनयन गरेको एक जना................. सदस्य
    - पालिका भित्रका स्थानीय विद्यालय व्यवस्थापन समितिको संगठनले चुनेका अध्यक्ष र सदस्यहरूमध्येबाट एक महिला सहित दुई जना................ सदस्य
    - स्थानीय तहमा दोस्रो स्थानमा रहेको राजनीतिक दलद्वारा मनोनित एक प्रतिनिधि................ सदस्य
    - माथिका कुनै वर्गीकरणभित्र नपरेका पालिकाभित्रका अल्पसंख्यक जातजाति, भाषिक वा धार्मिक समूहमध्येबाट समितिको बहुमतबाट मनोनित एक महिला सहित दुई जना................ सदस्य
    - विशेष शिक्षा, समावेशी शिक्षा वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी अपाङ्गता भएका एक महिलासहित दुई जना................ सदस्य

- ♦ स्थानीय शिक्षा एकाइको कार्यकारी प्रमुख................ पदेन सदस्य सचिव
- ♦ कार्यपालिकामा काम गर्ने दर्ता गरिएका गैरसरकारी संस्थाहरूको समूहबाट चुनिएका शिक्षा क्षेत्रमा काम गर्ने संस्थाका एक महिलासहित २ जना प्रतिनिधि...............आमन्त्रित सदस्य

- पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ४ वर्षको ।
- समितिको बैठक पछि नियममा बनाएर तोकिए बमोजिम बस्ने ।
- शिक्षा समितिले आफ्नो कर्तव्य तथा उत्तरदायित्व पूरा गर्न नसकेको खण्डमा कार्यपालिकाले कारण देखाइ विघटन गर्न सक्ने ।
- शिक्षा समितिको काम, कर्तव्य र अधिकारका किसिम
    - ♦ स्थानीय तहको शैक्षिक कार्यक्रम तयार गर्ने, कार्यान्वयन गराउने ।
    - ♦ शिक्षामा सुशाासन कायम गर्ने ।
    - ♦ सबैलाई स्तरीय शिक्षाको प्रत्याभूति गर्ने ।
    - ♦ स्थानीय तहमा सञ्चालन हुने सबै किसिमका विद्यालयहरूको अनुमति, स्वीकृति प्रदान गर्ने ।
    - ♦ तिनीहरूको अनुगमन सुपरिवेक्षण गर्ने ।
    - ♦ शिक्षामा आवश्यक नीति नियमको तर्जुमा गरी कार्यपालिकामा प्रस्तुत गर्ने ।
    - ♦ शिक्षाका क्षेत्रमा आइपरेका विवाद समाधान गर्ने ।
    - ♦ शैक्षिक आवश्यकताहरूका बारेमा प्रदेश तथा सङ्घीय तहमा संवाद गर्ने ।
    - ♦ अन्य तोकिएबमोजिमका कार्यहरू गर्ने ।

**शिक्षा व्यवस्थापन शाखा**

पालिका र अन्य ऐनले तोकेको कार्य विवरण सहितका कर्मचारी रहने ।

**शिक्षा परामर्श सभा**

पालिकाको समग्र शिक्षाको स्थिति आकलन गरी नीति निर्देश गर्नका लागि एक बहुपक्षीय सभाको गठन प्रस्ताव गरिएको छः

- गाउँ/नगर कार्यपालिका अध्यक्ष/प्रमुखद्वारा तोकिएका वा नियुक्त शिक्षा क्षेत्र हेर्ने कार्यपालिका सदस्य — अध्यक्ष
- पालिका शिक्षा समितिका सबै सदस्यहरू — सदस्य
- गाउँ नगरपालिकाका सम्पूर्ण वडा अध्यक्षहरू — सदस्य
- समाजका लब्ध प्रतिष्ठित शैक्षिक व्यक्तिहरू — सदस्य
- सम्बन्धित क्षेत्रका समानुपातिक र निर्वाचित सांसद — सदस्य
- स्थानीय तहभित्र रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू — सदस्य
- उद्योग व्यापारिक संस्थाका स्थानीय अध्यक्ष वा प्रतिनिधि — सदस्य
- स्थानीय तहका राजनीतिक दलका पालिका प्रमुखहरू — सदस्य
- स्थानीय तहमा कार्यरत स्थानीय निकायका प्रमुखहरू — सदस्य
- पालिका भित्रका सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू — सदस्य
- पालिकामा कार्यरत गैसस र नागरिक समाजका प्रतिनिधि — सदस्य
- गाउँ नगरपालिकाको कार्यकारी अधिकृत — सदस्य
- शिक्षा समितिको सचिव — सचिव

- शिक्षा परामर्श सभाबाट गरिएका निर्णय र निर्देशनको पालना गर्नु शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको नैतिक दायित्व हुनेछ।
- शिक्षा परामर्श सभाको बैठक वर्षमा शैक्षिक सत्र शुरू हुनुभन्दा तीन हप्ता अगाडि एक पटक बस्नेछ। तर पालिकाको बैठकले शिक्षा सभाको बैठक बोलाउन आवश्यक ठानी बहुमतले निर्णय गरेमा पटक पटक बैठक बोलाउन सक्नेछ।

- **शिक्षा परामर्श सभाको काम, कर्तव्य र अधिकार**
  - साधारणतः वर्षको एक पटक पालिकाका शिक्षाको स्थिति आकलन गर्ने, निर्देशक सिद्धान्तहरू र नीतिहरू सिफारिश गर्ने ।
  - पालिका प्रमुखबाट प्रस्तुत शैक्षिक कार्यक्रम र नीति छलफल गरी कार्यपालिका सभामा प्रस्तुत सिफारिस गर्ने ।
  - आफ्नो क्षेत्रमा आवश्यक जनशक्तिको प्रक्षेपण गरी प्रादेशिक र संघीय सरकारहरूलाई प्राथमिकता अनुसार आफ्नो उच्च तथा विविध शैक्षिक आवश्यकताको जानकारी दिन पालिकाहरूलाई निर्देशित गर्ने ।
  - शिक्षा परामर्श सभाबाट गर्ने भनि तोकिएका अन्य कार्य गर्ने ।

**पालिकाको शिक्षा व्यवस्थापनको संगठनात्मक चित्र**



## परिच्छेद ५ : सामुदायिक विद्यालय व्यवस्थापन समिति

**संरचना**

सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि **एक वा बढीमा चारवटा विद्यालयसम्मको जिम्मेवारी दिई** देहायका सदस्यहरू रहेको विद्यालय व्यवस्थापन समिति रहने :

- विद्यालय व्यवस्थापन समिति गठन गरिएको क्षेत्रका एउटै वडाका सम्बन्धित सबै विद्यालयका अभिभावकहरूको प्रतिनिधित्व हुने गरी आफूहरू मध्येबाट छानी पठाएका दुई जना महिला सहित चारजना................. सदस्य
- विद्यालय रहेको गाउँ/नगर कार्यपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य................. सदस्य
- विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना................ सदस्य
- विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको एक जना................ सदस्य
- शैक्षिक बाहेक अन्य उद्योग वाणिज्य क्षेत्रमा संलग्न व्यक्तिमध्येबाट मनोनित एक जना............... सदस्य
- कुनै वर्गीकरणमा नपरेका पालिकाभित्रका अल्पसंख्यक जातजाति, भाषिक वा धार्मिक समूहमध्येबाट समितिका सदस्यहरूको बहुमतद्वारा नियुक्त एक जना................ सदस्य
- विद्यालय व्यवस्थापन समितिका सदस्यले नै अध्यक्ष चुन्ने ।
- विद्यालय व्यवस्थापन समितिले नै सचिव तोक्ने ।
- विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा

कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिहरूको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहने ।

- ♦ सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।
- ♦ पालिका क्षेत्रभित्र शिक्षा क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्थाका प्रतिनिधि आमन्त्रित सदस्य रहन सक्ने ।

- अध्यक्ष वा सदस्यको पदावधि चार वर्षको हुने । साविकको विव्यसले म्याद सकिने एक महिना अगावै कमसे कम साविकका एक महिला एक पुरुष अभिभावक सदस्य रहने गरी नयाँ विव्यस बनाएर हस्तान्तरण गर्ने ।
- गाउँ शिक्षा समितिको सिफारिशमा पालिका कार्यपालिकाले विव्यस विघटन गर्न सक्ने ।
- **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**
  - ♦ स्तरीय शिक्षा प्रदान गर्न विद्यालय सञ्चालनका लागि दूरदृष्टि र विद्यालय सञ्चालन योजना निर्माण तथा कार्यान्वयन र अनुगमन गर्ने ।
  - ♦ विद्यालय सञ्चालनका लागि साधन र स्रोत परिचालनको नीति बनाउने र व्यवस्था गर्ने ।
  - ♦ सङ्घीय तथा प्रादेशिक सरकारले निर्धारण गरेको ढाँचाभित्र रही पाठ्यक्रम तथा पाठ्यपुस्तक र एक वा एक भन्दा बढी माध्यम भाषाहरू निर्धारण गर्ने ।
  - ♦ स्थानीय सरकारको ढाँचाभित्र रही विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ नगर कार्यपालिका र पालिका शिक्षा समितिलाई दिने ।
  - ♦ स्रोत साधनलाई ध्यानमा राखी शिक्षा समितिको सहमतिमा

विद्यालयमा आवश्यक पदहरू सिर्जना गर्ने र भर्नाको प्रक्रिया निर्धारण गर्ने ।

- ♦ सङ्घ, प्रदेश र स्थानीय सरकारबाट निर्धारित योग्यता पुगेका व्यक्तिमध्येबाट शिक्षा समितिले सिफारिस गरेका प्रधानाध्यापक एवं अन्य शिक्षक र कर्मचारीहरू नियुक्ति गर्ने ।
- ♦ विद्यालय सुशासनका अन्य आवश्यक प्रबन्ध गर्ने ।
- ♦ गाउँ नगर कार्यपालिका शिक्षा समितिले दिएका निर्देशनको पालना गर्ने ।

- **विव्यस सङ्घ** : सबै अभिभावक सदस्यमध्येका प्रतिनिधिहरूबाट हरेक विद्यालयका प्रतिनिधिले छानी पठाएका सदस्यहरू भएको विव्यस सङ्घ जसले पालिकामा विव्यस र अभिभावकको प्रतिनिधित्व गर्ने छ ।

## परिच्छेद ६ : शैक्षिक गुठीद्वारा विद्यालय व्यवस्थापन

- **अनुमति दिने आधार** : कुनै व्यक्ति वा संस्थाले निवेदन दिएमा पालिकाले आवश्यकता हेरी निम्न आधारमा शिक्षा समितिको सिफारिशमा पूर्ण वा आंशिक अनुदान दिने वा नदिने गरी सम्झौता गरी अनुमति दिन सक्ने :
    - ♦ विद्यालय व्यवस्थापनको दूरदृष्टिसहितको कमसे कम ५ वर्षको कार्ययोजना
    - ♦ सम्बन्धित विद्यालयका अधिकांश शिक्षक र विव्यसको लिखित सहमति
    - ♦ पालिकामा आधारित स्रोतको मात्रा
    - ♦ आवेदकको विश्वसनीयता प्रमाणित हुने ट्र्याक रेकर्ड
    - ♦ पालिका कार्यपालिकाले निर्धारण गरेका खास कुनै शर्त
- सेवा क्षेत्र तोकी सो क्षेत्रभित्रका सम्बन्धित उमेर समूहका कुनै पनि केटाकेटी शुल्ककै मात्र कारणले पढ्नबाट वञ्चित नहुने गरी अभिभावकहरूबाट शुल्क लिन सकिने ।

- समितिले वा शैक्षिक गुठीले एक वर्षको पूर्वसूचना दिई सम्झौता रद्द गर्न सकिने तर शैक्षिक सत्र समाप्त नभई दुवै पक्षले जिम्मेवारी कायम राख्नु पर्ने ।
- सरकारी शिक्षक काज सरह शैक्षिक गुठीमा आफ्नो पदावधि अनुसार काम गर्न सक्ने ।
- अन्य नियम कानूनले तोकेका सेवाका न्यूनतम शर्त पालना गर्ने गरी शिक्षक/कर्मचारीको नियुक्ति गर्न सक्ने ।
- स्वामित्व हस्तान्तरण वा सम्पत्तिको अवमूल्यन नहुने गरी बन्द भएका वा बन्द हुने अवस्थामा पुगेका सामुदायिक विद्यालय वा सार्वजनिक गुठीका सम्पत्ति तोकिएको प्रयोजनका लागि उपयोग गर्न दिन सकिने ।

## परिच्छेद ७ : संस्थागत विद्यालय व्यवस्थापन

*संस्थागत विद्यालय आवश्यकता अनुसार शिक्षा समितिको सिफारिशमा अनुमति लिई खोलेपछि स्वीकृति दिन सकिन्छ । यसमा शिक्षा ऐनमा भएका प्रावधानहरू ठीकै छन् ।*

*एउटा विशेष गनुपर्ने व्यवस्था चाहिँ शुल्क कति कति समयमा मात्र बढाउन पाइने भनेर निर्धारण गर्नु पर्ने हो । शुल्क विद्यालयलाई निर्धारण दिए हुन्छ । शुल्क तिर्न नचाहनेहरूका लागि सामुदायिक विद्यालयहरू हुन्छन् ।*

## परिच्छेद ८ : आर्थिक व्यवस्था

**गाँउ नगर पालिका शिक्षा कोष**

- देहायका रकमहरू रहने
  - स्थानीय तह मार्फत सङ्घीय सञ्चित कोषबाट प्राप्त अनुदान रकम,
  - संस्थागत विद्यालयवाट प्राप्त वार्षिक कुल आम्दानीको तोकिए बमोजिमको रकम,
  - चन्दा वा दान दातव्यबाट प्राप्त रकम,
  - शैक्षिक सेवा शुल्कबाट उठेको रकम,

- स्थानीय तहबाट विनियोजित वा अनुदान प्राप्त रकम
- अन्य स्रोतबाट प्राप्त रकम

**विद्यालय कोष**

- देहाय बमोजिमको रकम रहने
  - स्थानीय तह मार्फत नेपाल सरकार, प्रादेशिक सरकारबाट प्राप्त अनुदान रकम,
  - गाउँ/नगरपालिका शिक्षा कोषबाट प्राप्त रकम,
  - चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
  - अन्य स्रोतबाट प्राप्त रकम
- **शुल्क सम्बन्धी व्यवस्थाः** सामुदायिक विद्यालयले अनुदानबाट खर्च नव्यहोरिएका विद्यार्थीहरू मध्येका शुल्क तिर्न राजी अभिभावकहरूबाट शुल्क उठाउन सकिने । तर शुक तिर्न राजी नभएको कारणबाट कुनै पनि बालबालिकालाई शिक्षाबाट वञ्चित गर्न पाइने छैन ।
- सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँ नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

**तलब तथा भत्ता सम्बन्धी व्यवस्थाः** सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीको तलब, भत्ता, सञ्चयकोष, निवृत्तिभरण तथा अन्य सुविधा नेपाल सरकार वा प्रदेश सरकारबाट तोकेबमोजिम हुने ।

अन्य शिक्षक र कर्मचारीको तोकिएबमोजिम हुने ।

**अनुदान सम्बन्धी व्यवस्थाः** सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीलाई देहायको आधारमा अनुदान दिन सकिने :

- विद्यालयमा विद्यार्थीको संख्या
- विद्यालयको शिक्षक संख्या
- विद्यालयको परीक्षाको परिणाम
- विद्यालयको आर्थिक अवस्था

विशेष क्षेत्रका विद्यार्थी र विद्यालयहरूमा अनुदान उपलब्ध गराइने ।

## परिच्छेद ९ : सामुदायिक विद्यालयका शिक्षक सम्बन्धी व्यवस्था

- प्रत्येक विद्यालयमा न्यूनतम हरेक कक्षाको कक्षागत शिक्षकको तलब र सेवा सुविधाको व्यवस्था पालिकाले गर्ने र त्यसभित्रबाट विषयगत शिक्षकको व्यवस्था विव्यसले मिलाउने ।
- **शिक्षक युनियन** : सामुदायिक, शैक्षिक गुठी तथा संस्थागत विद्यालयका शिक्षकहरूको पेशागत हक हितको लागि एक एक शिक्षक युनियन रहने, शिक्षक युनियनका शिक्षकले कुनै राजनीतिक दलको सदस्यता लिनु नहुने । शिक्षा समिति र अरू आधिकारिक एकाइमा आधिकारिक प्रतिनिधित्व । सङ्गठनात्मक कामका लागि महिनाको निर्धारित एक दिन वर्षे वा हिँउँदे बिदाबाट कट्टी हुने गरी बिदा लिन सक्ने ।
- **शिक्षक नियुक्ति**
    - **दुई थरी शिक्षक** : स्थायी र करार
    - अहिलेसम्म स्थायी भएका स्थायी, उनीहरूको सेवा सुविधा नघटाइने । नियम पूर्वक सरुवा, बढुवा र अवकाश
    - अरू सबै किसिमका र नयाँ नियुक्ति हुनेलाई करारमा नियुक्ति, सेवाका शर्त र सुविधा शिक्षा समितिले तोकेको सीमा बमोजिम विव्यसबाट हुने
    - करार शिक्षकलाई बिदा, लगानी कोषमा बचत, बीमा सुविधा र कार्यप्रदर्शनका आधारमा पदोन्नति
    - तोकिएको आवश्यक योग्यता पुगेका मध्येबाट विव्यसले नियुक्ति गर्ने र स्थान विशेषमा तोकिएको योग्यता पुगेका शिक्षक नपाइएमा शिक्षा समितिको सिफारिशमा विव्यसले नै गर्न सक्ने
- शैक्षिक गुठी र संस्थागतलाई तोकिए बमोजिम शैक्षिक योग्यता र न्यूनतम तलब, अरू सेवाका शर्त र सुविधा विव्यसको निर्णय अनुसार ।
- शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने अवस्था :

- तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरी कार्य प्रदर्शन सन्तोषजनक नरहेमा,
- बिना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,
- विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,
- नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
- सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा कुनै अन्य व्यावसायिक क्रियाकलाप गरेमा,
- संस्थागत विद्यालय, कोचिङ इन्स्टिच्यूट, शैक्षिक परामर्श सेवा जस्ता व्यवसाय चलाएमा वा लगानी गरेमा,
- शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको वा विद्यालय समयमा कुनै दलको प्रचार प्रसार संलग्न भएको पाइएमा,

पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी वा प्राकृतिक प्रकोप उद्धार वा तोकिएको बाहेक अन्य कुनै काममा शिक्षक लाग्न वा लगाउन नहुने ।

## परिच्छेद १० : विविध

यस परिच्छेदमा कानून सङ्गत कुराहरू धेरै भएकाले कानूनी सहयोग आवश्यक छ ।

**Resource Book for Local Leadership**

# Local Governments on School Education

## Content Outline

Sources and Inspirations
Preface

**Book 1: Information and Ideas for Initial Discussions**

1. Introduction
   a. Priorities, Opportunities and Risks
   b. Centrality of Education
2. Relevant Documents
   a. Education in the Order for the Operation and Management of Local Level Services, 2017
   b. Provisions on the Rights of Local Governments in formulating Local Laws
   c. Summaries of the Manifestoes of the Major Political Parties on School Education
   d. Management of School Education by Local Governments: Issues and Perspectives (Proceedings)
   e. Statement of the Teachers Federation (on the new provisions)
   f. Views of School Management Committee Federation
   g. Decisions of the Local Governments (for example)
   h. Feature Articles:
      - Agenda of School Education of Local Governments
      - The Onus of Improving Public Education (of Local Government)

**Book 2: GOOD EDUCATION?! Basic Reader for Engaged Social Leadership on Education**

What is GOOD EDUCATION?

Howis Good Pedagogy?

Who is a Good Teacher?

**Book 3: Management of School Education by Local Governments: Issues and Perspectives**

(Proceedings of a Seminar; Summary is presented in Book 1)

**Part 1: Seminar Proceedings**

The Context

Synopsis of Presentations and Interventions

(Three oral presentations besides the papers)

Participants and Organizers

**Part 2: Papers (and Presentations)**

About the Papers

School Governance in the Context of Federal Governance

Managing Major Aspects of School Education at Local Level

Challenges of Financial Management at Local Level

Essence of Management of Community Schools (Feature Article)

**Book 4: Guided Outline for the Formulation of Local Education Act by the Municipalities**